सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१३ पुस २०८१, शनिबार (28 Dec 2024, Saturday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २५१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

अरूलाई लाग्ने कानुन कांग्रेस उपसभापति गुरुङ र एमाले नेता पहारीलाई किन लागेन ?

धनराज जोडिएको सहकारी ठगीको रकम क्रिप्टोमा लगानी भएकाले पक्राउ पर्ने मात्र होइन, सम्पत्ति शुद्धीकरणको मुद्दासमेत चल्ने बलिया आधार

नवराज मैनाली/नयाँ पत्रिका

सहकारी ठगी प्रकरणमा प्रहरीले सत्तारूढ दलसँग जोडिएका नेता र अन्यको हकमा फरक-फरक मापदण्डका आधारमा अनुसन्धान गरेको छ। उस्तै प्रकृतिका घटनामा प्रहरीले सत्तापक्षलाई जोगाउने र अन्यलाई सकेसम्म धेरै अभियोग लगाउने नीति अंगीकार गरेपछि राजनीतिक प्रतिशोधमा छानबिन भइरहेको आरोपलाई बल पुगेको छ।

मूलतः राजनीतिक व्यक्ति जोडिएका सहकारी ठगी अनुसन्धानमा राज्यको व्यवहार 'प्रतिशोधपूर्ण' छ। संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा पनि छानी-छानी लगाउने र सत्तानिकटलाई जोगाउने कार्यले सहकारी ठगीसम्बन्धी प्रहरी अनुसन्धान सत्ताको छायामा परेको देखिन्छ। कानुनविद् र सत्तारूढ दलकै नेताहरूले समेत यसमा प्रश्न उठाएका छन्।

कांग्रेस उपसभापति एवं पूर्वकानुनमन्त्री धनराज गुरुङ ललितपुरस्थित मितेरी सहकारीको रकम अपचलनमा प्रत्यक्ष मुछिएका छन्। ठगी भएको सहकारीको रकम क्रिप्टोमा लगानी गरिएको भेटिएको छ। यसकारण उनी पक्राउ पर्ने मात्र होइन, सम्पत्ति शुद्धीकरणको मुद्दा चल्ने बलिया आधार पनि छन्। तर, सत्ताको प्रभावले उनीसँग प्रहरीले सामान्य सोधपुछ मात्र गरेको छ।

कास्की प्रहरीले एमाले नेता राजीव पहारीको विषयमा विशेष निर्णय लिएर जोगाएको छ। लेखा समिति सभापति ऋषिकेश पोखरेलकी श्रीमती अञ्जला कोइराला मुछिएको मोरङको उमागौरी सहकारीको ठगीमा संगठित अपराध आकर्षित छैन। प्रहरीको नजरमा अञ्जला 'फरार' छिन्। तर, उनकै

» पृष्ठ २ मा क्रमशः

नेताका अनुहार हेरेर अनुसन्धानमा फरक-फरक मादण्ड

१

पोखराको सूर्यदर्शन सहकारीबाट नक्कली कागजपत्रका आधारमा कर्जा प्रवाह गरिएको घटनामा प्रहरीले रविलाई नै जिम्मेवार बनाएको छ। सहकारीमा उनको कुनै सम्पर्क नदेखिए पनि गोर्खा मिडियाको चेकमार्फत केही रकम सहकारीलाई किस्ता भुक्तानी गरेको आधारमा सहकारीको ठगीमै उनीविरुद्ध अभियोग लगाएको छ। तर, ललितपुरको मितेरी सहकारीबाट पूर्वश्रीमती ज्योति गुरुङले लिएको रकमको ८४ लाख एकैपटक तिरेका धनराजको हकमा भने प्रमाण नपुगेको भन्दै सामान्य सोधपुछ मात्रै गरेको छ। जब कि उनले जोगिनका लागि कागजी सम्बन्धविच्छेद गरेको पनि सार्वजनिक भइसकेको छ। संसदीय छानबिन समितिले पनि धनराजको सम्बन्धविच्छेदसमेत शंकास्पद रहेको भन्दै उनीमाथि विस्तृत छानबिन गर्नुपर्ने बताएको थियो।



कांग्रेस उपसभापति धनराज गुरुङ

२

कांग्रेस उपसभापति धनराज गुरुङकी पूर्वपत्नी ज्योतिले सहकारीको रकम ठगी गरेको र त्यो पैसा क्रिप्टोमा लगानी गरेको प्रमाण नै फेला परेको छ। यो मुद्दामा त झन् नेपाल राष्ट्र बैंक ऐन र सम्पत्ति शुद्धीकरण ऐनसमेत आकर्षित हुने देखिन्छ। तर, सिआइबीले दबाबमा परेर विस्तृत अनुसन्धान नै अघि बढाउन सकेको छैन। उल्टै अनुसन्धानमा आबद्ध डिएसपी सुवास हमाललाई गत महिना एक्कासि सरुवा गरियो। तर, रवि लामिछानेको हकमा भने प्रहरीले काभ्रेमा रहेको पुख्यौंली सम्पत्तिका साथै श्रीमतीको नाममा रहेका सम्पत्तिसमेत जफत गर्न अभियोगपत्रमा माग गरिएको छ। अनुसन्धानको यही नजिर लागू हुने हो भने धनराजविरुद्ध सम्पत्ति शुद्धीकरण मुद्दा चल्ने पर्याप्त आधार देखिन्छन्। उनकी पूर्वपत्नी फरार रहेको भन्दै प्रहरीले अनुसन्धान नै अघि बढाएको छैन।



धनराजकी पूर्वपत्नी ज्योति

३

कास्की जिल्ला अदालतको अभियोगपत्रमा विरोधाभास विवरण छन्। एकातर्फ जिबी राईको रजिस्ट्रमा उल्लेख भएका सबैले पैसा लिएको स्वीकार गरेको भनिएको छ। तर, एमालेका केन्द्रीय सदस्य राजीव पहारीले भने आफूले पैसा नलिएको भनेर बताएकै आधारमा प्रहरीले उनलाई साक्षी बनाएर जोगाएको छ। पहारीले १२ चैत ०७४ मा १५ लाख पेस्की लिएको सहकारीको रेकर्डमा उल्लेख छ। अनुसन्धान अधिकारीले प्रतिवादी बनाउनुपर्ने राय राखे पनि उच्च तहको दबाबपछि उनलाई पछि साक्षी बनाइएको हो।



एमाले नेता राजीव पहारी

४

एमाले नेता तथा सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलपत्नी अञ्जला प्रत्यक्ष जोडिएको मोरङको उमागौरी सहकारीको ठगीमा संगठित अपराध प्रस्ट रूपमा आकर्षित हुने देखिन्छ। बचतकर्ताहरूलाई झुक्याएर उनीहरूको धितो लघुवित्तमा राखेर त्यहाँबाट पैसा निकालेर हिनामिना गरिएको थियो। योजनाबद्ध र संगठित रूपमा बचतकर्तालाई ठगिएको थियो। अञ्जला त्यतिखेर सहकारीको सञ्चालक थिइन्। तर, प्रहरीले एक सञ्चालकलाई पक्राउ गरी विस्तृत अनुसन्धान नै नगरी मुद्दा दायर गरेको छ। सहकारीका अध्यक्षलगायत ठगीमा संलग्न मुख्य व्यक्तिलाई पनि पक्राउ गरिएको छैन। उनीहरूविरुद्ध सम्पत्ति शुद्धीकरणको कसुरमा पनि अनुसन्धान भएको छैन।



ऋषिकेशपत्नी अञ्जला

■ सम्पत्ति शुद्धीकरण मुद्दामा सत्तारूढ कांग्रेस नेताहरूकै प्रश्न





कांग्रेस नेताहरूले रास्वपा सभापति रवि लामिछानेविरुद्ध लगाइएको सम्पत्ति शुद्धीकरण मुद्दामा सरकारको नियतमाथि प्रश्न उठाएका छन्। नेता डा. चन्द्र भण्डारीले लामिछानेको नामै नलिई राजनीतिक प्रतिशोध साँधिएको आशंकासहित शुक्रबार सामाजिक सञ्जालमा लेखेका छन्, 'सम्पत्ति शुद्धीकरणको मुद्दा जिल्ला-जिल्लाबाट जसको जहाँबाट पनि चलाउने हो भने अब बाँकी रहन्छ को ? बुझ्ने कोसिस गर। प्रतिक्रियामा रमाउने साथीहरूले हतार नगरौं कि ! सत्यलाई सत्य थाहा हुन्छ।'

गत शनिबार धनगढी पुगेका कांग्रेस नेता डा. शेखर कोइरालाले पनि राज्यले आतंक मच्चाएको टिप्पणी गरेका थिए। स्थानीय एक सञ्चारमाध्यममा दिएको अन्तर्वार्तामा उनले भनेका छन्, 'राज्यले टेरोराइज्ड गर्ने प्रवृत्ति सुरु भएको छ। कसैसँग रिस उठ्यो भने सम्पत्ति शुद्धीकरण लगाइदिने ? तपाईंलाई अख्तियारमा हाल्दिन्छु, सम्पत्ति शुद्धीकरणमा लगाइदिन्छु, सिआइबीमा लगाइदिन्छु भन्ने भएको छ। हामी अप्ठ्यारो परिस्थितिमा छौं।'

झ्याउँनयाँ

सर्पबारे आतंक र भ्रम धेरै फैलाइयो



अन्तर्वार्ता

● प्रा. राजेन्द्रलाल श्रेष्ठ
सर्प विशेषज्ञ

सर्प कुनै बौलाहा जीव होइन। तर, उसलाई हस्तक्षेप गर्नुहुँदैन। सर्प किसानको साथी हो, दुस्मन होइन।

उद्धारकर्ता 'मिश्रण दाइ'



समाज

● दावा तामाङ

प्रहरीसँग हरेक दिन सम्पर्कमा हुन्छन्, दावा। पानी परेको, हिउँ परेको र कोही बेलुकीसम्मै नफर्केको थाहा पाएमा प्रहरीलाई खबर गर्छन्। उनले हालसम्म तीन सयभन्दा धेरै पर्यटकको उद्धार गरिसकेका छन्।



जिल्ला अदालत कास्कीमा रवि लामिछानेको बयान

सम्पत्ति शुद्धीकरण अभियोग लगाउने गैर कानुनी आर्जन गरेको छैन

(विस्तृत पृष्ठ २)

पाँच महिनामा लुम्बिनीको पुँजीगत खर्च साढे १० प्रतिशत मात्रै

■ दुई मन्त्रालयको शून्य, चारको ३ प्रतिशतभन्दा कम पुँजीगत खर्च

■ पाँच महिनासम्म पनि मन्त्रिपरिषद् अपूर्ण

(विस्तृत पृष्ठ ७)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ हिमाली भेगमा चौंरीका लागि चरन अभाव



ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

ताप्लेजुङको फक्ताङलुङ- ७ ओलाङचुङगोलामा पर्ने कञ्चनजंघा संरक्षण क्षेत्रको हिमाली भेगमा चरिरहेका चौंरी। कोभिड- १९ का कारण चीनले ०७७ मा टिप्ताला नाकाबाट चौंरी बेचबिखन गर्न प्रतिबन्ध लगाएपछि यहाँका बासिन्दा मारमा परेका छन्। चौंरीको संख्या बढिरहेको छ, तर चरन अभाव छ। यो फक्ताङलुङका ओलाङचुङगोला, याङमा, घुन्सा तथा सिरिजंघा गाउँपालिकाको याम्फुदिन, सिदिङवा गाउँपालिकाको कालीखोला, मिक्वाखोला गाउँपालिकाको तोक्पेगोलालगायतका क्षेत्रका दुई सय चौंरीपालक किसानको साझा समस्या हो।

अपहरण गरेर बलात्कार आरोपमा तीनजनाविरुद्ध मुद्दा

विराटनगरमा **गणेश लम्साल**

मोरङको जहदा गाउँपालिका- ३ की दलित महिलालाई शौच गर्न निस्किएका वेला अपहरण गरी सामूहिक बलात्कार गरेको आरोपमा पक्राउ परेका तीनजनाविरुद्ध अदालतमा मुद्दा दायर भएको छ।

प्रहरीको रायअनुसार जिल्ला सरकारी वकिलको कार्यालयले शुक्रबार मानव अपहरण तथा शरीर बन्धक, सामूहिक बलात्कार र ज्यान मार्ने उद्योग कसुरमा जिल्ला अदालत मोरङमा मुद्दा चलाएको हो। यो घटनामा संलग्नको आरोपमा कटहरी गाउँपालिका- २ का २० वर्षीय मोहम्मद रमजान, १९ वर्षीय सुनीलकुमार साह र भारतको अररिया कुर्साकट्टा घर भई विराटनगर बस्दै आएका १८ वर्षीय मो. गुल्जर प्रहरी हिरासतमा छन्।



रमजान र साह सिटीचालक हुन् भने गुल्जर ग्यारेजमा काम गर्ने मजदुर हुन्। तीनैजना लागुऔषध गाँजा सेवनकर्ता समूहको भएको प्रारम्भिक अनुसन्धानले देखाएको मोरङ प्रहरीका प्रवक्ता डिएसपी वेदप्रकाश जोशीले बताए।

पीडित महिलाको बयानअनुसार गत मंगलबार ती युवाहरूले मुख थुनेर सिटी रिक्सामा राखी

» पृष्ठ २ मा क्रमशः

महानगरको निर्देशनपछि नेपालीपन झल्कने गरी नाम फेर्दै निजी विद्यालय

नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाभित्रका निजी विद्यालयले नेपालीपन झल्कने गरी नाम परिवर्तन गर्न थालेका छन्। काठमाडौं महानगरपालिकाको निर्देशनपछि उनीहरूले मौलिक नाम राख्न थालेका हुन्।



काठमाडौं महानगरमा बालेन्द्र शाह निर्वाचित भएसँगै विद्यालयहरूको नाम मौलिक बनाउने प्रक्रिया सुरु गरेका थिए

महानगरभित्रका २० वटा विद्यालयले विदेशी नाम हटाएर मौलिक नाम राख्न प्रस्ताव गरेको महानगरपालिकाको शिक्षा विभागले जनाएको छ। महानगरपालिकाले एक वर्षअघि नै यस्तो निर्देशन दिएकोमा हालै कार्यान्वयन हुन लागेको हो। १८ वटा निजी र दुईवटा गुठीअन्तर्गत सञ्चालित विद्यालयले नाम फेर्नका लागि निवेदन दिएका हुन्। महानगरले दाबी विरोधका लागि सूचना प्रकाशन गरेको छ।

महानगरका अनुसार लिटर वोन्डर्स स्कुलले लम्बोदर स्कुल, हारती शिक्षा मन्दिरले गुरुकुलम स्कुल, वल्डरकिंग्सले विताराबालग्राम, इन्टरनल लाइट पब्लिक हाई स्कुलले वेदश्री पाठशाला, कोलम्बस इन्टरनेसनल स्कुलले मेधाश्री विद्यालय, मनास्लु पब्लिक स्कुलले मनास्लु स्कुल नाम राख्ने प्रस्ताव गरेका छन्।

त्यस्तै, न्यु सनसाइन इंग्लिस बोर्डिङ स्कुलले रुद्रमति पाठशाला, किंग्स टाउन स्कुलले सम्पदा पाठशाला, न्यु नलेज इंग्लिस स्कुलले नवज्ञान पाठशाला, मिला एकेडेमीले यज्ञभूमि स्कुल, काठमाडौं युरो स्कुलले कादम्बरी विद्यालय नाम राख्न प्रक्रिया अघि बढाएका छन्।

» पृष्ठ २ मा क्रमशः

आफन्तबाटै खतरा

तनाव, असमझदारी, अशिक्षा, आर्थिक समस्या र पारिवारिक संरचनाको विघटन आफन्तजनभित्र अपराधको कारण। खुला र सम्मानजनक संवाद, आर्थिक र भावनात्मक सहयोगमार्फत परिवारभित्र अपराध घटाउन सकिने समाजशास्त्रीको भनाइ।

टेकराज थामी/नयाँ पत्रिका

१. छोराले लिए बाबुको ज्यान

जिल्ला हुलाक कार्यालय खोटाङका प्रमुख कुलप्रसाद आचार्य आफ्नै छोराबाट मारिए। ६ पुसमा जेठा छोरा २६ वर्षीय मिलन आचार्यले 'डमबेल'ले प्रहार गरी कुलप्रसादको हत्या गरेका थिए। ६ पटक नायब सुब्बा र एकपटक अधिकृत परीक्षामा असफल भएका मिलन तनावमा थिए। कुलप्रसाद आफ्ना दुवै छोरा सरकारी सेवामा अधिकृत भएको हेर्न चाहन्थे। उनले मिलनलाई जागिर खान दबाब दिँदै आएका थिए। दबाब झेल्न नसकेका उनले अन्ततः बुवा मात्र होइन, भाइ २२ वर्षीय प्रवीणको पनि हत्या गरे। गत ८ पुसमा उनीहरूको मृत शरीर भक्तपुरको सूर्यविनायकस्थित डेरा गरेको घरमा फेला परेको थियो।

२. नातिले लिए हजुरआमाको ज्यान

ओखलढुंगा खिजिदेम्बा- ६ की ८२ वर्षीया ठगमाया सुनुवार ७ मंसिरको साँझ १३ वर्षीय नातिसँगै थिइन्। अँगेनामा आगो ताप्दै बसेकी सुनुवारले नातिलाई गाली गर्न थालिन्। झोक्किएका नातिले आगो फुक्ने ढुङ्गोले हजुरआमाको टाउकोमा प्रहार गरे। सोही चोटका कारण उनको ज्यान गयो। हत्यामा संलग्न नाति अहिले बाल सुधारगृहमा छन्।

३. कान्छा छोराले लिए आमाको ज्यान

काभ्रे रोशी- ३ भञ्ज्याङ गाउँकी साहिँलाकाजी भनिने पाल्छङ लामाकी श्रीमती ६९ वर्षीया माइली लामाको मृत शरीर घरको भान्साकोठामा भेटियो। गत १६ कात्तिकमा मृत अवस्थामा भेटिएकी माइलीको टाउकोमा गम्भीर चोट थियो। उनको कानमा रहेको सुनको

» पृष्ठ २ मा क्रमशः





भक्तपुरमा आफ्नै छोराबाट मारिएका कुलप्रसाद र भाइ प्रवीण। इन्सेटमा हत्या गर्ने छोरा मिलन

● त्रिभुवन विश्वविद्यालयमा समाजशास्त्रका उपप्राध्यापक प्रेम चलाउने भन्छन्- **अधिकांश हत्या चिनजानभित्रकै सदस्यबाट हुनुमा तात्कालिक र राज्य संयन्त्र नियन्त्रित संरचनागत कारण**



पछिल्ला दिन हत्याका घटनामा मार्ने र मारिने सगोलभित्रकै सदस्य देखिएका छन्। यसमा दुईवटा कारण छन्, एउटा तात्कालिक र अर्को संरचनागत। संरचनागत कारण हेर्दा राज्यमा अराजकता मौलाएको छ। मूल्य, मान्यता र कानुनको धज्जी उडाइएका छन्, जुन परिवारभित्र प्रकट हुन पुगेका छन्। तात्कालिक कारणमा चाहिँ मुलुकको अर्थतन्त्र डामाडोल छ। बेरोजगारीले चुली नाघेको छ। चौतर्फी असफलताबाहेक केही छैन। जसले मानिसमा निराशा पैदा गरिदिएको छ।

किशोरकिशोरी र युवा अनलाइनमार्फत हिंसाको उच्च जोखिममा

नयाँ पत्रिका

अनलाइनमार्फत हुने विभिन्न क्रियाकलापबाट किशोरकिशोरी र युवामा हिंसाको जोखिम बढ्दै गएको पाइएको छ। अनलाइनमा बालबालिका र युवाको सुरक्षामा कार्यरत चाइल्डसेफनेटले गरेको 'रोमान्सदेखि जोखिमसम्म : किशोरकिशोरी र युवा व्यक्तिमाथि अनलाइन अन्तरंग सम्बन्ध हिंसा' नामक अध्ययन प्रतिवेदनले हिंसाको जोखिम बढिरहेको देखाएको हो।

'सेक्सुअल भाइलेन्स रिसर्च एन्सिएटिभ'सँगको सहकार्यमा गरिएको अध्ययनले नेपालमा बढ्दो अनलाइन अन्तरंग सम्बन्धले हिंसा बढाइरहेको देखाएको हो। हिंसाको प्रवृत्ति, स्वरूप र प्रविधिको दुरुपयोगबारे पनि अध्ययन भएको थियो। अध्ययनले अनलाइनमार्फत नियन्त्रण गर्ने उद्देश्यले गरिने व्यवहार, हानि पुर्‍याउने उद्देश्यले अनलाइनमा पछ्याउने, दबाब दिने, भावनात्मक दुर्व्यवहार गरिने र हिंसात्मक गतिविधिमा संलग्न हुनेको संख्यासमेत अत्यधिक भइरहेको देखाएको हो।

अध्ययनमा नेपालका सातै प्रदेशका १० जिल्लाबाट १६ देखि २४ वर्षका चार हजार ५०१ किशोरकिशोरी र युवाबाट जानकारी संकलन गरिएको थियो। अध्ययनमा संलग्नमध्ये ४०.५ प्रतिशत सहभागीले हाल वा विगतमा अनलाइनको माध्यमबाट अन्तरंग सम्बन्ध बनाएको बताएका थिए। अन्तरंग सम्बन्धमा रहेका चारमध्ये एक व्यक्तिले आफूमाथि अनलाइनबाट विभिन्न खालको हिंसा भएको बताएका थिए।

यसबाहेक अनलाइनमार्फत भएको चिनजानमा ११ प्रतिशत सहभागीले वयस्क र नाबालिगबिचको सम्बन्ध रहेको जनाएका थिए। जसमध्ये सुनसरी जिल्लामा उच्चतम अनलाइन हिंसा भएको अध्ययनले देखाएको हो। अध्ययनमा सहभागीमध्ये सुनसरी जिल्लाका ३८ प्रतिशतले आफूमाथि अनलाइन हिंसा भएको जानकारी गराएका थिए।

किशोरकिशोरीहरू बढी जोखिममा रहेको र विशेषगरी लामो सम्बन्धको तुलनामा ६ महिनाभन्दा कम समय सम्बन्धमा रहेकाहरूमा पार्टनरबाटै हिंसाको उच्च जोखिममा रहेको अध्ययनले देखाएको हो।

अनलाइनबाट सम्बन्ध स्थापित भएका किशोरकिशोरीमा हिंसाको निरन्तरता देखिएकोसमेत बताएका थिए। अध्ययनमा ४६ प्रतिशत सहभागीले अनलाइन र अफलाइन दुवै प्रकारका हिंसाको सामना गरेका बताएका हुन्। यौनिक अल्पसंख्यक समुदायका युवाहरूले विशेष रूपमा अनलाइन डेटिङ एपहरू चलाउने गरेको कारण जोखिममा पर्ने गरेकोसमेत अध्ययनले देखाएको छ।

चाइल्डसेफनेटका अध्यक्ष अनिल रघुवंशीले सरकारले अविवाहितमा हुने अनलाइन अन्तरंग साझेदार हिंसालाई सम्बोधन गर्न आवश्यक नीति र कानुन बनाउनुपर्ने बताए।

जिल्ला अदालत कास्कीमा रवि लामिछानेको बयान

सम्पत्ति शुद्धीकरण अभियोग लगाउने गैरकानुनी आर्जन गरेको छैन

पोखरामा **रोहितराज पराजुली**

रास्वपा सभापति रवि लामिछानेले नियम र कानुनको अधीनमा रहेर गरेको आम्दानीबाहेक आफूले गैरकानुनी आर्जन नगरेको बयान दिएका छन्। जिल्ला अदालत कास्कीका न्यायाधीश नीतिज राईले सम्पत्ति शुद्धीकरण अभियोगमाथि केन्द्रित रहेर शुक्रबार लिएको बयानमा लामिछानेले आफूलाई सम्पत्ति शुद्धीकरण अभियोग लगाउन आवश्यक नरहेको दाबी गरे।

'म राम्रो पारिश्रमिकमा ग्यालेक्सी टिभीमा गएको थिएँ, कर तिरेर कानुनबमोजिम पारिश्रमिक मेरो खातामा आएको हो, अन्य पैसा आएको छैन। मलाई सम्पत्ति शुद्धीकरण अभियोग लगाउन आवश्यक छैन,' उनले बयानमा भने। ७ पुसमा दायर मुद्दामा लामिछानेमाथि सम्पत्ति शुद्धीकरणमा मात्र २७ करोड ८९ लाख बिगो माग गरिएको छ।

लामिछानेले आफ्नो खातामा आउने-जाने गरेको बैंक ट्रान्जेक्सन देखाएर २७ करोड ८९ लाखको सम्पत्ति शुद्धीकरण चलाइएको बताए। 'आफ्नै एउटा खाताबाट अर्को खातामा सारेको, वालेटबाट खाता र खाताबाट वालेटमा गएको पैसा पनि जोडेर हिसाब निकालिएको छ,' सम्पत्तिको स्रोतको विवरण न्यायाधीशलाई देखाउँदै लामिछानेले भने, 'घरपरिवारको खातामा पठाएको, फेरि परिवारको खाताबाट मेरोमा आएको पैसा पनि जोडिएको छ।'

लामिछानेले ग्यालेक्सी टिभीका अध्यक्ष जिबी राईको निर्देशनमा प्रबन्ध निर्देशकको हैसियतमा चेक काटेको बताए। 'गोर्खा मिडियामा आर्थिक कारोबार गर्ने अधिकार सबै अध्यक्ष जिबी राईको थियो। उनकै निर्देशनमा कारोबार भएको हो। म प्रबन्ध निर्देशक थिएँ, लगानीको सबै जिम्मेवारी जिबीको हो, मलाई जानकारी भएन,' लामिछानेले भने, 'जसको लगानी थियो, उसैको आदेशको पालना गरेर चेक काटेको हुँ। जिबी बाहिर भएका वेला कतिपय चेक मेरो नामबाट काटिएका छन्, ती चेक काटेको होइन कि मालिकको आदेश पालना गरेको हो।'

उनले आफू सञ्चारकर्मीका रूपमा काम गर्ने गरी गोर्खा मिडियामा जोडिएको र कुनै पनि रकम लगानी नगर्ने गरी १५ प्रतिशत सेयर लिएको बताए। बिहीबारदेखि सुरु भएको लामिछानेको बयान शुक्रबार सकिएको छ। दुई दिनमा लामिछानेसँग २८ प्रश्न सोधिएका छन्। सहकारी ठगी मुद्दामा न्यायाधीशले बिहीबार नै बयान लिएका थिए। त्यसमा पनि इन्कारी बयान दिएका लामिछानेले आफूले सूर्यदर्शन सहकारी देख्दा पनि नदेखेको, पाइला पनि नटेकेको, कुनै खाता र सेयर पनि नभएको जवाफ दिएका थिए।

लामिछानेको बयानअघि अदालतले गोर्खा मिडियाका तत्कालीन उपाध्यक्षसमेत रहेका पूर्वडिआइजी छविलाल जोशी र लीला पछाईको बयान लिइसकेको छ । अब नेचर हर्ब्सका सञ्चालक रामबहादुर खनाल, सहकारीकी पूर्वउपाध्यक्षसमेत रहेकी एमाले नेतृ मीना गुरुङ, पूर्वकोषाध्यक्ष आरती गुरुङ, पूर्वसञ्चालक कृष्णबहादुर गुरुङको बयान लिनेछ। सबैको बयानपछि थुनछेक बहस हुनेछ।

पोखराको सूर्यदर्शन सहकारी ठगी आरोपमा जिल्ला सरकारी वकिलको कार्यालयले ७ पुसमा लामिछानेसहित ४४ विरुद्ध मुद्दा चलाएको थियो। १८ असोज ०८० मा सहकारीका अध्यक्ष जिबी राईसँगै १९ जनाविरुद्ध अभियोगपत्र दर्ता भएको थियो। तर, उनीसहित १९ विरुद्ध ५ पुसमा पूरक मुद्दा चलेको थियो।

रास्वपाले सक्यो ६० जिल्लामा भेला



काठमाडौं/ राष्ट्रिय स्वतन्त्र पार्टीले ६० जिल्लामा जिल्ला भेला सम्पन्न गरेको छ। आगामी वैशाखमा पार्टीको पहिलो महाधिवेशनको तयारीमा रहेको रास्वपाले जिल्ला भेलाहरू गरिरहेको छ।

शुक्रबार बसेको केन्द्रीय सचिवालय बैठकमा कार्यवाहक महामन्त्री कवीन्द्र बुर्लाकोटीले कुल ६० जिल्लामा जिल्ला भेला सम्पन्न भएको विवरण पेस गरेका थिए। बैठकमा कार्यवाहक सभापति डिपी अर्याल र उपसभापति स्वर्णिम वाग्लेले पछिल्लो समसामयिक राजनीतिक परिस्थितिबारे समीक्षा प्रस्तुत गरेका थिए।

केन्द्रीय सचिवालय बैठकले केन्द्रीय अनुशासन आयोगमा अधिवक्ता कमलप्रसाद पोखरेल र हरिचन्द्र भट्टराईलाई मनोनीत गरेको कार्यवाहक प्रवक्ता मनीष झाले बताए। उनका अनुसार केन्द्रीय संगठन विभागमा धर्म केसी, गोपाल घिमिरे र विमल तिवारीलाई मनोनीत गरिएको छ। सचिवालयले केन्द्रीय समितिको विस्तारित बैठक १९-२१ पुससम्म बस्ने निर्णय पनि गरेको छ।

त्रिवि दीक्षान्त समारोहमा १४ हजार विद्यार्थी सहभागी हुँदै

काठमाडौं/ त्रिभुवन विश्वविद्यालयको यसपटकको दीक्षान्त समारोहमा १४ हजार विद्यार्थी सहभागी हुने भएका छन्। त्रिविले शनिबार दशरथ रंगशाला त्रिपुरेश्वरमा दीक्षान्त समारोह आयोजना गर्दै छ। यस वर्ष उत्तीर्ण हुने विद्यार्थी संख्याका आधारमा भने यो संख्या न्यून हो।

तर, यसपटकको दीक्षान्त समारोहमा धेरै विद्यार्थीको सहभागिता रहेको त्रिविका रजिस्ट्रार प्रा.डा. केदार रिजालले बताए। उनका अनुसार यसपटक दीक्षित हुन योग्य विद्यार्थी अर्थात् उत्तीर्ण विद्यार्थी संख्या ७४ हजार ४५ हो। तर, १४ हजार ३०८ ले मात्रै दीक्षान्त समारोहमा भाग लिँदै छन्। गत वर्ष त्रिपुरेश्वर रंगशालामै भएको दीक्षान्त समारोहमा १२ हजार विद्यार्थी दीक्षित भएका थिए। त्रिविका परीक्षा नियन्त्रक पुष्पराज जोशीले दीक्षित हुने विद्यार्थीको संख्या बढेको र ठाउँ व्यवस्थापन गर्न कठिन भएको बताए। 'गत वर्षभन्दा विद्यार्थी संख्या धेरै भयो, ग्राउन्डमा नअट्ने समस्या छ,' उनले भने, 'कसरी व्यवस्थापन गर्ने भइरहेको छ।'

राष्ट्रिय परिचयपत्र कार्यान्वयनसम्बन्धी विवाद पूर्ण इजलासमा सुनुवाइ हुने

काठमाडौं/ राष्ट्रिय परिचयपत्रको कार्यान्वयनसम्बन्धी विवादको मुद्दा अब पूर्ण इजलास (तीन न्यायाधीश)मा सुनुवाइ हुने भएको छ। शुक्रबार सर्वोच्च अदालतका दुई न्यायाधीशको संयुक्त इजलासले पूर्ण इजलासमा पठाउने आदेश भएको हो। न्यायाधीशद्वय महेश शर्मा पौडेल र नित्यानन्द पाण्डेयको इजलासले सो मुद्दामा यस्तो आदेश दिएको हो। सरकारले विभिन्न सरकारी सेवाका लागि परिचयपत्र नम्बर अनिवार्य गरेपछि त्यसविरुद्ध विभिन्न रिट परेका छन्। कतिपयमा कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी भएको छ। सरकारले पनि अन्तरिम आदेशविरुद्ध भ्याकेट दर्ता गराएको छ। सरकारले माघदेखि घरजग्गा कारोबार गर्न, बैंक खाता खोल्न तथा सिमकार्ड लिन परिचयपत्र नम्बर अनिवार्य गर्ने तयारी गरिरहेको छ। जसकारण यससम्बन्धी सर्वोच्चको आदेश महत्त्वपूर्ण हुने राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका अधिकारी बताउँछन्।

डाक्टर बनेर उपचार गर्न गएका युवकद्वारा लुटपाट

काठमाडौं/ आफूलाई चिकित्सकको रूपमा प्रस्तुत गरी ठगी र लुटपाट गर्दै आएका युवक पक्राउ परेका छन्। महोत्तरी जलेश्वर नगरपालिका- २ हरिटोल ठेगाना भई ललितपुर, ललितपुर महानगरपालिका- १७ ग्वार्को बस्ने ३० वर्षीय डा. आलोक भन्ने जितेन्द्र मण्डललाई प्रहरीले पक्राउ गरेको हो।

उनले सामाजिक सञ्जालमा डा. आलोक पाण्डेका नाममा आइडी बनाएका थिए। सामाजिक सञ्जालमार्फत नै विभिन्न व्यक्तिसँग चिनजान गरी सुगर रोगीको उपचार गर्छु भन्दै घरमा गएर औषधि खुवाई बेहोस बनाई लुटपाट गरेका हुन्। ललितपुरका एक व्यक्तिको घरमा उपचारका लागि भनेर पुगेका उनले बिरामीलाई औषधिमार्फत बेहोस बनाई सुन तथा चाँदीका गरगहनाहरू र नगद तीन लाख रुपैयाँसमेत चोरी गरेको काठमाडौं अपराध अनुसन्धान कार्यालयका एसपी काजी आचार्यले बताए। घटनापछि फरार रहेका मण्डललाई प्रहरीले नुवाकोट पञ्चकन्या गाउँपालिका- ४ आरुखर्कबाट पक्राउ गरेको हो। प्रहरीले उनको साथबाट नगद ५९ हजार ३६० रुपैयाँ र तीनवटा मोबाइल बरामद गरेको छ।

अपहरण...

पृष्ठ १ बाट क्रमशः

एक किलोमिटर पर कटहरी गाउँपालिका- २ स्थित बाँसको झ्याङमा पुर्‍याएर बलात्कार गरेका थिए। हातखुट्टा बाँधेको र मुखमा कपडा कोचेको अवस्थामा मंगलबार दिउँसो उनको उद्धार गरिएको थियो।

कटहरी- २, कदमटोलीकी वृद्धा शान्ति ऋषिदेवले मंगलबार दिउँसो १२ बजेतिर बाँसघारीमा हातखुट्टा बाँधिएको अवस्थामा महिलालाई देखेपछि घर पुगेर छोरा रसिलाललाई जानकारी गराएकी थिइन्। त्यसपछि रसिलाल स्थानीयहरूसमेत भेला गरेर घटनास्थल पुगेका थिए। सलले हातखुट्टा बाँधिएको र मुखमा समेत कपडा कोचेर मरणासन्न अवस्थामा लडिरहेकी महिला देखेपछि गाउँलेले कटारी प्रहरी चौकीमा खबर गरेका थिए। तत्काल प्रहरी टोलीले उद्धार गरेर विराटनगरस्थित कोशी अस्पताल पुर्‍याएको थियो।

महानगरको...

पृष्ठ १ बाट क्रमशः

टोडलर्स स्कुलले समर्पण विद्या सदन, दक्षता इन्टरनेसनल स्कुलले दक्षता स्कुल, डिभाइन वड्स एजुकेसन एकेडेमीले दिव्य कोपिला स्कुल, दी इम्पेरियल एकेडेमीले म्हेपी देवी मावि, हार्मोनी मन्टेस्वरी हलिमेन्ट्री स्कुलले कल्पवृक्ष शिक्षा सदन, ब्रिटिस गोर्खा एकेडेमीले गोर्खा हाई स्कुल र गोल्डेन गार्डेन इन्टरनेसनल एकेडेमीले स्वर्णिम वाटिका सेकेन्डरी स्कुल राख्न लागेका छन्।

गुठीअन्तर्गत सञ्चालित क्यापिटल हिल एकेडेमीले क्षेत्रज्ञ विद्यापीठ तथा हार्टल्यान्ड चिल्ड्रेन एकेडेमीले हृदय निकेतन मावि राख्ने प्रक्रिया अघि बढाएका छन्।

महानगरपालिकाको विद्यालय शिक्षा व्यवस्थापन नियमावली, २०७४ मा नेपालीपन झल्कने गरी नामकरण गर्नुपर्ने व्यवस्था छ। साथै, नाममा इन्टरनेसनल राख्न विदेशी विद्यार्थी अनिवार्य चाहिने प्रावधान छ। नियमावली कार्यान्वयन गर्न थालिएको महानगरले जनाएको छ। सो निर्देशन नमान्ने विद्यालयलाई आगामी शैक्षिक वर्षमा भर्नामा रोक लगाउनेलगायत कारबाही गर्ने महानगरको तयारी छ। काठमाडौं महानगरपालिकामा बालेन्द्र शाह निर्वाचित भएसँगै विद्यालयहरूको नाम मौलिक बनाउने प्रक्रिया सुरु गरेका थिए।

घर बिक्रिमा
काठमाडौं जिल्ला न्यूरोड धर्मपथमा एक पैसा तिनदाम क्षेत्रफलमा अवस्थित ५ तले
घर बिक्रिमा
मुल्य: २ करोड ५५ लाख
सम्पर्क : ९७६१८१८८९६

बिमालेख हरायो
मिति २०८१/८/२० गते अछामबाट धनगढीसम्म जाँदा लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.बाट जारी भएको मेरो निम्न ब्यहोराको बीमाअभिलेख हराएको हुँदा पाउनुहुने महानुभावले निम्न ठेगाना, सम्पर्क नम्बर अथवा नजिकैको प्रहरी चौकीमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
नाम : प्रतिक कुँवर
बीमालेख नं. : 140022978
सम्पर्क नं. : 9742374423

गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पोखरा , नेपाल
जग्गा चक्लाबन्दी कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव आव्हानको सूचना
प्रकाशित मिति : २०८१/०९/१३
यस मन्त्रालयको आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार विभिन्न कित्ताहरुमा विभाजित जग्गाको एकीकरणबाट जग्गाको चक्लाबन्दी तथा भू-पूर्वाधार विकास गरी कृषि उत्पादन सम्बन्धी कार्य गर्न ईच्छुक आवेदक (कृषक समूह/सहकारी/संस्था साथै कृषि फर्म र कृषि कम्पनी) समेतबाट पत्रिकामा प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र तपसिलमा उल्लेखित कागजात सहित प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ। प्रस्तावपत्रको ढाँचा र कार्यक्रम सम्बन्धी जानकारीका लागि मन्त्रालयको वेबसाईट : molmac.gandaki.gov.np बाट 'बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि, २०८१' र 'जग्गा चक्लाबन्दी कार्यक्रम संचालन मापदण्ड, २०८१' डाउनलोड गरि हेर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश गरिने छैन । थप जानकारीका लागि मन्त्रालयको फोन नं. ०६१-४५७८८५ मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
तपसिल :
- बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि, २०८१ को अनुसूची- ३ बमोजिमको निवेदन एवं दफा १६ को उपदफा (३) मा उल्लिखित अन्य कागजातहरु ।
- जग्गा चक्लाबन्दी कार्यक्रम संचालन मापदण्ड, २०८१ को अनुसुची-१ वमोजिमको प्रतिवद्धता पत्र र अनुसुची-२ बमोजिमको प्रस्ताव पत्र ।
- चक्लाबन्दी कार्यक्रममा सहभागी हुने सबै जग्गाधनीहरुको नागरिकताको प्रतिलिपी, जग्गाहरुको जग्गा धनी प्रमाणपूर्जा, कित्ता संकेत गरेको कित्तानापी नक्सा ।

अरूलाई...

पृष्ठ १ बाट क्रमशः

पोखराको सूर्यदर्शन सहकारीबाट रवि लामिछानेको नाममा नक्कली कागजपत्रका आधारमा कर्जा प्रवाह गरिएको घटनामा प्रहरीले रविलाई नै जिम्मेवार देखाएको छ। सहकारीमा उनको कुनै सम्पर्क नदेखिए पनि गोर्खा मिडियाको चेकमार्फत केही रकम सहकारीलाई किस्ता भुक्तानी गरेका आधारमा सहकारीको ठगीमै उनीविरुद्ध अभियोग लगाइएको छ। यही नजिर कांग्रेस उपसभापति गुरुङमाथि लागू भए उनी तत्काल पक्राउ पर्न सक्छन्। गुरुङ आफैंले सहकारीमा पूर्वश्रीमतीको ऋण तिर्दै आएका थिए।

रविमाथि लगाइएको प्रहरीको अभियोगपत्रमा छ, 'उल्लिखित ऋण रकम रु. एक करोड लिई डिजिटल अभिलेख, गोस्वारा भौचर र रजिस्टरसमेतमा अभिलेख राखेको देखिन्छ। सोही रजिस्टरमा गितेन्द्रबाबु राई तथा सूर्यदर्शन बचत तथा ऋण सहकारीबाट निजको नाममा पेस्की जनाई गोर्खा मिडिया नेटवर्क प्रालिले अपचलन गरेको बचत रकमसमेत रहेको तथा सो रजिस्टरमा रहेका अन्य ऋणीहरूलाई बुझ्ने क्रममा निजहरूले रजिस्टरमा उल्लेखित रकम सही सत्य भएको र केही चुक्ता गरिसकेको र बाँकी रकम चुक्ता गर्न स्वीकार गरेको अवस्थाबाट रवि लामिछानेको नाममा जनाइएको ऋण रकम निजले लिएका हुन् भन्ने तथ्य स्थापित भएको छ।'

अभियोगपत्रमा थप भनिएको छ, 'सो तथ्यलाई प्रतिवादीले गोर्खा मिडिया प्रालिको ग्लोबल आइएमई बैंकको खाताको चेकबाट माथि तथ्य खण्डमा उल्लेखित तालिकाअनुसार मासिक रूपमा दुईवटा एक लाख १२ हजार वा एकैपटक एक लाख २४ हजारको चेकहरूमार्फत नियमित रूपमा आफैंले दस्तखत गरी आफू नै सेयरधनी तथा प्रबन्धकसमेत भएको कम्पनीबाट आफू नै ऋणी भएको सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडलगायतका सहकारी संस्थाहरूमा भुक्तानी दिएको तथ्यांकले निजले लिएको ऋण गोर्खा मिडियामा प्रयोग भएको देखिन्छ।'

रविले सहकारीबाट पैसा लिएको प्रमाणित नभए पनि कम्पनीको चेकमा हस्ताक्षर गरेको र त्यही चेकबाट सहकारीमा केही रकम भुक्तानी भएको विषयलाई सहकारी ठगीको मुख्य प्रमाण मानिएको छ। यही नजिरका आधारमा अनुसन्धान हुने हो भने कांग्रेस उपसभापति धनराज गुरुङलाई तत्कालै पक्राउ गर्नुपर्ने देखिन्छ। ललितपुरको मितेरी सहकारीबाट पूर्वश्रीमती ज्योति गुरुङले लिएको केही रकम उनले तिरेका थिए। आफूलाई समेत समस्या हुन सक्ने भनेर त्यसरी केही पैसा तिरेको उनले सार्वजनिक रूपमै स्विकारेका छन्। तर, धनराजको हकमा भने प्रमाण नपुगेको भन्दै प्रहरीले सामान्य सोधपुछ गरेर उनीमाथि विस्तृत अनुसन्धान गरेको छैन। जब कि संसदीय छानबिन समितिले नै उनको सम्बन्धविच्छेदसमेत शंकास्पद रहेको भन्दै उनीमाथि विस्तृत छानबिन गर्नुपर्ने औँल्याएको थियो।

हाल गुरुङमाथि केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले अनुसन्धान गरिरहेको छ। अनुसन्धानका क्रममा पूर्वश्रीमतीले सहकारी ठगीको पैसा क्रिप्टोमा समेत लगाएको प्रमाण भेटिएका छन्। यो मुद्दामा त झन् नेपाल राष्ट्र बैंक ऐन र सम्पत्ति शुद्धीकरण ऐन आकर्षित हुने देखिन्छ। तर, सिआइबीले यसमा दबाबमा परेर विस्तृत अनुसन्धान अघि बढाउन सकेको छैन। अनुसन्धानमा आबद्ध डिएसपी सुवास हमाललाई समेत गत महिना एक्कासि सरुवा गरियो।


मुद्दामा रवि लामिछानेको हकमा काभ्रेमा रहेको पुर्ख्यौली सम्पत्तिका साथै श्रीमतीको नाममा रहेका सम्पत्तिसमेत जफत गर्न माग गरिएको छ। अनुसन्धानको यही नजिर लागू हुने हो भनेर धनराजविरुद्ध समेत सम्पत्ति शुद्धीकरण मुद्दा चल्ने प्रशस्त आधार देखिन्छन्। उनकी पूर्वश्रीमती फरार रहेको भन्दै प्रहरीले अनुसन्धान अघि बढाउन सकेको छैन।

राजीव पहारीको विषयमा विशेष निर्णय

कास्की जिल्ला अदालत अभियोगपत्रमा कतिपय कुरा विरोधाभास देखिएका छन्। एकातर्फ जिबी राईको रजिस्ट्रमा उल्लेख भएका सबैले पैसा लिएको स्वीकार गरेको भनिएको छ। तर, एमालेका केन्द्रीय सदस्य राजीव पहारीले भने आफूले पैसा नलिएको भनेर बताएकै आधारमा प्रहरीले उनलाई साक्षी मात्र बनाएको देखिन्छ। पहारीले १२ चैत ०७४ मा १५ लाख पेस्की लिएको सहकारीको रेकर्डमा उल्लेख छ। स्रोतका अनुसार अनुसन्धानमा आबद्ध प्रहरी अधिकारीले उनलाई पनि प्रतिवादी बनाउनुपर्ने राय राखे पनि उच्च तहको दबाबपछि उनलाई पछि साक्षी बनाइएको हो।

सो सहकारीका तत्कालीन सञ्चालक शिवबहादुर गुरुङ (महेन्द्र भोटे) पहारीनिकट व्यक्ति हुन्। उनले सहकारीको साधारणसभामा अतिथिका रूपमा जाने र सहकारीलाई सघाउँदै आएका थिए। त्यही आधारमा उनले सहकारीबाट १५ लाख लिएको अनुसन्धानमा देखिएको थियो। तर, आफ्नो नाममा अरूले लिएको भनेर बयान दिएकै आधारमा उनलाई जोगाइएको छ। त्यसैगरी कर्जाको नक्कली भौचर बनाएर रवि लामिछानेलगायत नाममा विनाकुनै कागजपत्र पैसा निकालिएकोमा उनीहरूलाई भने त्यही आधारमा सहकारी ठगीको मुद्दा दायर गरिएको छ।

एसएसपी विश्व अधिकारी, प्रवक्ता, नेपाल प्रहरी



सहकारी ठगीको अनुसन्धानमा कोविरुद्ध जाहेरी परेको छ भन्ने मुख्य हुन्छ। त्यही आधारमा अनुसन्धान गर्दा संगठित अपराध र सम्पत्ति शुद्धीकरण भएको-नभएको कसुरका आधारमा तय हुन्छ। त्यसकारण सहकारी ठगीको मुद्दामा कतै संगठित अपराध र सम्पत्ति चल्ने त कतै नचल्ने भएको हुन सक्छ।

कास्की प्रहरीका प्रवक्ता डिएसपी वसन्तकुमार शर्माले भने अनुन्धान र त्यसपछि गर्नुपर्ने कार्य पूरा गरेको बताए। 'राजीव पहारीको हकमा हामीले अनुसन्धान गर्ने क्रममा र अनुसन्धानपछि जे कुरा उल्लेख गर्नुपर्ने हो गरेका छौं। त्यो तपाईंलाई भन्न र प्रस्ट पार्न जरुरी छैन। हामीले जे गर्नुपर्ने हो त्यही उल्लेख गरेर प्रतिवेदन बुझाएको हो। यसबारे मेरो कुरा यति नै हो, अरू थप केही बताउन आवश्यक छैन,' उनले भने।

उमागौरीमा किन लागेन संगठित अपराधको मुद्दा ?

प्रहरी अधिकारीका अनुसार हाल अनुसन्धान भएका सहकारीमध्ये संसद्को सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलकी श्रीमती अञ्जला कोइराला मुछिएको मोरङको उमागौरी सहकारीको ठगीमा संगठित अपराध प्रस्ट रूपमा आकर्षित हुने देखिन्छ। सहकारीका सदस्यहरूको धितो लघुवित्तमा लगेर राखी त्यहाँबाट पैसा निकालेर हिनामिना भएको थियो। जब कि बचतकर्तालाई त्यसको जानकारीसमेत दिइएको थिएन। योजनाबद्ध र संगठित रूपमा बचतकर्तालाई सञ्चालकहरूले झुक्याएर ठगी गरेका थिए। तर, प्रहरीले एक सञ्चालकलाई पक्राउ गरी विस्तृत अनुसन्धान नै नगरी मुद्दा दायर गरेको छ।

घरमै रहेकी अञ्जलालाई पक्राउ नगर्न प्रहरीलाई गृह मन्त्रालयको निर्देशन रहेको स्रोत बताउँछ। सहकारीका अध्यक्षलगायत ठगीमा संलग्न मुख्य व्यक्तिलाई पनि पक्राउ गरिएको छैन। उनीहरूविरुद्ध सम्पत्ति शुद्धीकरणको कसुरमा पनि अनुसन्धान भएको छैन।

अञ्जलासहित २६ विरुद्ध २८ मंसिरमा उमागौरी सहकारी ठगी प्रकरणमा जिल्ला अदालत मोरङमा मुद्दा चलेको थियो । घरमै रहेकी उनलाई प्रहरीले फरार प्रतिवादी बनायो। मुद्दा दायरको भोलिपल्ट २९ मंसिरमा उनी विराटनगरको सहिद मैदानमा राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा विद्यालयका तर्फबाट सहभागी भएकी थिइन्। फरार रहेकी अञ्जलीलाई बिदा थप्न लेखा समिति सभापति पोखरेल आफैँले उनी कार्यरत विद्यालयका प्रधानाध्यापकलाई दबाब दिइरहेका छन्।

अन्य ठुला सहकारीको अनुसन्धानमा पनि फरक मापदण्ड

अन्य ठुला सहकारीको अनुसन्धानमा पनि प्रहरीको मापदण्ड फरक-फरक देखिएको छ। ललितपुरको सुमेरु सहकारीको ठगीमा पूर्वअध्यक्ष भरत महर्जनलाई मात्र प्रतिवादी बनाएर मुद्दा दायर गरिएको छ। महर्जनविरुद्ध तीन अर्ब ९३ करोड बिगो कायम गरी मुद्दा दायर गरिएकोमा सम्पत्ति शुद्धीकरणतर्फ अनुसन्धान नै भएको छैन। जबकि सहकारीको पैसा अवैध माध्यमबाट हाल बेलायतमा लगेर उनी त्यहाँ आरामको जिन्दगी बाँचिरहेका छन्। समयमा रोक्का र अनुसन्धान नहुँदा उनले आफ्नो व्यक्तिगत सम्पत्तिसमेत बेचिसकेका छन्।

जिबी राईले जस्तै गरी नियम मिचेर महर्जनले सहकारीको पैसा धापाखेलको सुमेरु अस्पताल, पुल्चोकको सुमेरु सिटी अस्पताल, सातदोबाटोको एसियन कलेज र शंकरापुर एकेडेमी, सुमेरु हाउजिङ मार्ट, मनी एक्सचेन्ज, ट्राभल तथा सुमेरु इन्भेस्टमेन्टजस्ता कम्पनीमा लगेको सूर्य थापा नेतृत्वको सहकारीसम्बन्धी संसदीय विशेष छानबिन समितिको प्रतिवेदनमा उल्लेख छ। लगानी फस्दै गएपछि सहकारीमा आर्थिक संकट सुरु भएको थियो। त्यससँगै ०७६ मा हेमराज दाहाललाई अध्यक्ष बनाएर उनी बाहिरिएका थिए।

तीन अर्ब ९५ करोड महर्जन एक्लैले नियमविपरीत निकालेर अपचलन गरेका थिए। जसमा अन्य सञ्चालक तथा कर्मचारीलाई अनुसन्धानको दायरामा ल्याइएको छैन। सिआइबीको अनुसन्धानमा कर्मचारीकै नाममा कर्जा प्रवाह गरेर उनले पटक-पटक पैसा निकालेका थिए। खाली चेक धितो राखेर त्यसरी गैरकानुनी रूपमा कर्जा प्रवाह हुँदा पाँच वर्षदेखि सहकारी समस्यामा छ, सदस्यहरूले आफ्नो निक्षेप फिर्ता पाउन सकेका छैनन्। फरार रहेका महर्जनलाई मात्र त्यसमा जिम्मेवार बनाएर मुद्दा दायर गरिएको छ।

जिबी राईको सहकारीका हकमा सहकारीबाट पैसा गएका कम्पनीका सञ्चालकलाई समेत जिम्मेवार बनाएर संगठित अपराधको मुद्दा छ। तर, यसअघि प्रहरीले मुद्दा दायर गरेका शिव शिखर, कान्तिपुर, श्री लालीगुराँसजस्ता ठुला सहकारीको अनुसन्धानमा सञ्चालकलाई मात्र प्रतिवादी बनाइएको छ। कतिपय सहकारीमा कर्मचारीलाई पनि पक्राउ गरिएको छ।

प्रहरी प्रवक्ता एसएसपी विश्व अधिकारी कसुरको प्रकृतिका आधारमा कुन-कुन मुद्दा चलाउने भन्ने कुरा अनुसन्धान अधिकारी र सरकारी वकिलले निर्णय गर्ने बताउँछन्। 'सहकारी ठगीको अनुसन्धानमा कोविरुद्ध जाहेरी परेको छ भन्ने मुख्य हुन्छ,' उनी भन्छन्, 'त्यही आधारमा अनुसन्धान गर्दा संगठित अपराध र सम्पत्ति शुद्धीकरण भएको-नभएको कसुरका आधारमा तय हुन्छ। त्यसकारण सहकारी ठगीको मुद्दामा कतै संगठित अपराध र सम्पत्ति चल्ने त कतै नचल्ने भएको हुन सक्छ।'

आफन्तबाटै...

पृष्ठ १ बाट क्रमशः

गहना गायब थियो। अनुसन्धानका क्रममा खुल्यो- उनको हत्यामा आफ्नै कान्छा छोरा २८ वर्षीय फुर्साङ लामा संलग्न रहेछन्। कानमा लगाएको सुनको रिङ र नगद लुट्न उनले आमालाई सिलौटोको लोहोरो प्रहार गरी हत्या गरेका थिए।

४. ३० वर्षीय छोराले लिए बाबुको ज्यान

ताप्लेजुङ मेरिङदेनका ५६ वर्षीय श्याबहादुर लिम्बूलाई आफ्नै छोरा ३० वर्षीय सुमन लिम्बूले गत १७ असोजमा बाम्फोक प्रहार गरे। गहिरो चोटका कारण उनी घटनास्थलमा नै ढले। उनको मृत्यु भयो। प्रहरीका अनुसार घरायसी विवाद बढ्दै जाँदा सुमन उत्तेजित भएका थिए। रिस थाम्न नसकेपछि उनले दाउरा काट्ने बाम्फोक हातमा लिएर बुबालाई प्रहार गरेका थिए।

५. आमाले लिइन् २३ महिनाकी छोरीको ज्यान

ललितपुर कोन्ज्योमसोम- ३ दलचोककी २१ वर्षीया प्रमिला भण्डारीले काखमा रहेकी २३ महिनाकी छोरी प्रिन्सिकालाई मरणासन्न हुने गरी पिटिन्। उत्तेजित बनेकी उनको रिस अझै थामिएन। बेहोस छोरीलाई लिएर उनी दलचोकस्थित सिलिडेबैंसी आपबोट हुँदै बग्ने ठोस्ने खोला पुगिन्। र, छोरीलाई सोही खोला फ्याँकिन्। प्रिन्सिकाको मृत्यु भयो। प्रमिला पक्राउ परिन्।

०००

हत्यासँग सम्बन्धित माथिका पाँच घटना फरक ठाउँका हुन्। घटना भएको मिति, समय र मृतक पनि फरक-फरक हुन्। तर, समान पक्ष के छ भने मृतक र हत्यामा संलग्न अभियुक्त परिवारभित्रकै हुन्। पछिल्लो आठ वर्ष चार महिनाको तथ्यांकअनुसार मुलुकभर चार हजार ८६२ को हत्या भएको छ। जसमा मारिने अधिकांश चिनजान र सगोलभित्रकै सदस्य छन्।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता एसएसपी विश्व अधिकारीले पछिल्ला वर्ष हत्याका अधिकांश घटना आफन्तबाटै धेरै हुने गरेको र जसमा पीडित हुने पनि सगोलोभित्रकै संख्या धेरै रहेको बताए। 'हत्याका घटना बढेका छन्। हामीले विभिन्न कोणबाट घटना विश्लेषण गरेका छौं। अधिकांश हत्या चिनजानभित्रकै मान्छेबाट भएको देखिन्छ,' उनले भने, 'यसका पछि अनेक कारण छन्। तर, तनावको समयमा नै पहिचान र व्यवस्थापन हुन नसक्दा यस्ता घटना धेरै भएको देखिएका छन्।'

त्रिभुवन विश्वविद्यालयमा समाजशास्त्रका उपप्राध्यापक प्रेम चलाउने अधिकांश हत्या चिनजानभित्रकै सदस्यबाट हुनमा तात्कालिक र राज्य संयन्त्र नियन्त्रित संरचनागत कारण रहेको बताउँछन्। 'पछिल्ला दिन हत्याका घटनामा मार्ने र मारिने सगोलभित्रकै सदस्य देखिएका छन्। यसमा दुईवटा कारण छन्, एउटा तात्कालिक र अर्को संरचनागत। संरचनागत कारण हेर्दा राज्यमा अराजकता मौलाएको छ। मूल्य, मान्यता र कानुनको धज्जी उडाइएका छन्, जुन परिवारभित्र प्रकट हुन पुगेका छन्,' उनी भन्छन्, 'तात्कालीन कारणमा चाहिँ मुलुकको अर्थतन्त्र डामाडोल छ। बेरोजगारीले चुली नाघेको छ। चौतर्फी असफलताबाहेक केही छैन। जसले मानिसमा निराशा पैदा गरिदिएको छ।'

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यानयाँ
शनिबार १३ पुस ०८१
nayapatrikaofficial @naya_patrika

सर्पबारे आतंक र भ्रम धेरै फैलाइयो

सर्प कुनै बौलाहा जीव होइन । तर, उसलाई हस्तक्षेप गर्नुहुँदैन । सर्प किसानको साथी हो, दुस्मन होइन ।



अन्तवार्ता

• प्रा. राजेन्द्रलाल श्रेष्ठ
सर्प विशेषज्ञ

*नेपाल प्राकृतिक सम्पदाको धनी देश भनेर चिनिन्छ । यहाँ प्रकृतिको वरदानस्वरूप धेरै वनस्पति, जीवजन्तु, अनकौँ अमूल्य जडीबुटी पाइन्छन् । तर, त्यसबारे पर्याप्त अध्ययन भएको छैन । त्यसमा पनि पर्यावरण चक्रको एक महत्त्वपूर्ण प्राणी सर्पबारे बिरलै अध्ययन हुन्छ । सर्पले टोक्नासाथ मानिस मर्छ भन्ने भ्रम र आतंक छ । त्यही कारण, कतिपय मानिस सर्प मार्न तम्सिन्छन् । जबकि, थोरै प्रजातिका सर्प मात्रै विषालु हुन्छन् । सर्पका प्रजाति चिन्ने, चिनाउने, पर्यावरण चक्रमा सर्पबारे सचेतना फैलाउने काममा साढे पाँच दशकदेखि सक्रिय अनुसन्धानकर्ता प्राध्यापक राजेन्द्रलाल श्रेष्ठसँग **श्रीलोचन राजोपाध्याय** र **अन्वेषण अधिकारी**ले संवाद गरेका छन् :*

धेरै मानिस सर्प भन्नासाथ भयभीत हुन्छन् । तर, तपाईं साढे पाँच दशकभन्दा लामो समयदेखि सर्पबारे अध्ययन गरिरहनुभएको छ । यसमा लाग्ने प्रेरणा कसरी मिल्यो ?

यसमा मेरो प्रवेश रुचिभन्दा पनि संयोग हो । ०२४ सालमा त्रिभुवन विश्वविद्यालयबाट प्राणीशास्त्रमा कीटविज्ञान विषयमा एमएस्सी गर्ने पहिलो ब्याचको विद्यार्थी थिएँ । त्यसपछि ०२५ सालमा मैले २०० रुपैयाँ पारिश्रमिक लिएर निजी क्षेत्रको आनन्दकुटी कलेजमा बायोलोजी विभागको प्रमुखका रूपमा काम गर्न थालेँ । भिक्षु अमृतानन्द यस कलेजको संस्थापक र त्रिविको पहिलो रजिस्टार परासरनारायण सुवाल यहाँ प्रिन्सिपल हुनुहुन्थ्यो । प्राकृतिक सम्पदाको अध्ययनमा मेरो रुचि बढाउन उहाँहरूको ठुलो भूमिका छ ।

मेरो रुचिको क्षेत्र कीटविज्ञान थियो । विद्यार्थीलाई यसबारे व्यावहारिक ज्ञान दिनका लागि मैले कलेजमा एउटा नमुना बायोलोजी म्युजियम बनाउने प्रयास थालेँ । विद्यार्थीले किरा, पुतलीलगायत संग्रह गरेर ल्याबमा ल्याएर राख्थे । एकदिन झोंछेस्थित घरबाट कलेज जाँदै थिएँ । विष्णुमती पुलमा आइपुग्दा मानिसहरूको हुल देखियो । मोटरसाइकल रोकेर हुलमा छिर्रे । एउटा सर्प गुटमुटिएर बसेको रहेछ । जिन्दगीमा मैले यस्तो राम्रो सर्प देखेकै थिइनँ । मुगा कलरको थियो । यसलाई कलेक्सन गरेर राख्छु भन्ने सोच आयो । केही मानिस सर्प मार्न अघि सरेका थिए । मैले उनीहरूसँग त्यसलाई नमार्न अनुरोध गरेँ । त्यसपछि एउटा लट्ठी लिएर त्यसलाई समात्ने प्रयास गरेँ । अरू मानिस छक्क परिरहेका थिए । लट्ठीमा बेरेर एउटा बट्टामा हालेर राखेँ । त्यो निकै शान्त थियो । ल्याबमा पेडारियम व्यवस्था गरेर सुरक्षितसाथ राखेँ । त्यसलाई आहाराका रूपमा दुध, किरा, पुतली, मासुका टुक्रा, भ्यागुतालगायत खोजेर राखिदिएँ । तर, त्यसले केही पनि खाएन । कलेजमा त्यसलाई हेर्न आउने विद्यार्थी र स्थानीय ठुलो संख्यामा थिए । दुई सातापछि त्यो मऱ्यो । मलाई निकै नमिठो लाग्यो । यसपछि यसलाई चिरेर अनुसन्धान गर्न थालेँ । प्राणीशास्त्र पढेकाले मसँग आधारभूत ज्ञान थियो । सर्पको अनुसन्धान गरेको अनुभव थिएन । पुस्तक हेर्दा यो 'कोरल स्नेक' रहेको थाहा भयो । यो अनौठो घटना थियो । किनकि, काठमाडौंमा विषालु सर्प हुन्छ भन्ने अनुमान कसैको थिएन । मैले चराविद् डा. रोबर्ट फ्लेमिङलाई बताउँदा उहाँले पनि सुरुमा पत्याउनुभएन । सर्पको रंग र अध्ययनबारे विस्तृतमा बताउँदा छक्क हुनुभयो । उहाँले ल्याबमा आएर हेर्नुभयो, त्यसपछि लगेर थप चेकजाँच गर्नुभयो । कोरल स्नेक नै रहेको पुष्टि भएपछि मलाई बधाई दिनुभयो । यस घटनापछि विभिन्न पत्रपत्रिकामा विषालु सर्प पत्ता लगाएको भन्दै मेरो चर्चा भयो । रातारात सेलिब्रेटीजस्तो पो भइयो । डा. फ्लेमिङसँग विभिन्न प्राणी पत्ता लगाउने विशेष पुस्तक थिए । उहाँले सर्पसम्बन्धी पुस्तक मलाई दिनुभयो ।

यसपछि सर्पको अध्ययनमै केन्द्रित हुनुभयो वा अन्य काम पनि चलिरहेको थियो ?

सर्पबारे मात्रै अध्ययन गर्ने परिस्थिति थिएन । मेरो ध्यान नमुना प्राकृतिक संग्रहालय बनाउनेमै केन्द्रित थियो । मेरो प्रस्तावमा चरा विशेषज्ञ हरिशरण नेपाली (काजी)ले भन्डै सात सय प्रजातिका १३ सयवटा चराको कलेक्सन ल्याएर ल्याबमा राखिदिनुभयो । पुतली बाजे नामले चिनिने कोलिन स्मिथले पुतलीहरूको संग्रह ल्याएर राखिदिनुभयो । बोटानिस्ट शारदा श्रेष्ठले वनस्पतिहरूको संग्रह ल्याइदिनुभयो । यसरी यहाँ वनस्पति, चरा, किरा-फट्यांग्राहरूको संग्रहालय बन्यो ।

नयाँ शिक्षा ऐन २०२८ जारी भएपछि आनन्दकुटी साइन्स कलेज त्रिभुवन विश्वविद्यालयअन्तर्गत नै मर्ज हुने भयो । यससँगै सरकारी सेवामा मेरो प्रवेश भयो । ०३२ सालमा हाम्रो कलेजलाई आनन्दकुटी साइन्स सेन्टर बनाइयो । म यहाँको प्रमुखका रूपमा नियुक्त भएँ । मैले अमृत साइन्स कलेजमा पनि क्लास लिनुपर्ने भयो ।

०३३ फागुनमा राजा वीरेन्द्रको राज्याभिषेकका अवसरमा धेरै विशिष्ट विदेशी पाहुना आएका थिए । त्यही क्रममा उनीहरूलाई घुमाउन यहाँ ल्याइयो । देशका विभिन्न स्थानमा पाइने चरा, वनस्पति, किरा, पुतलीलगायत यहाँ पाइन्थ्यो । सबैलाई व्यवस्थित तरिकाले प्रदर्शनीमा राखियो । जापानका तत्कालीन राजकुमार अकिहितो पनि आउनुभएको थियो । उहाँले यस्तो संग्रहको प्रशंसा गर्नुभयो । लुइँचेलाई देखेर उहाँ छक्क हुनुभएको थियो । यतिवेलासम्म २०-२५ वटा सर्प मैले कलेक्सन गरिसकेको थिएँ । कलेजको कामले पोखरा, भैरहवा जानुपर्दा पनि सर्पहरू कलेक्सन गरेको थिएँ । ती सबै यहाँ प्रदर्शनीमा थिए । यसको केही समयपछि छात्रवृत्ति पाएर म बेलायतमा पढ्न गएँ । त्यहाँ साढे दुई वर्ष बिताएर फर्किंदासम्म हाम्रो सेन्टर प्राकृतिक विज्ञान संग्रहालयका रूपमा विकसित भइसकेको थियो । बेलायतबाट फर्केर आएको केही समयपछि यही संग्रहालयमा म प्रमुख नियुक्त भएँ ।

सरकारले अनुसन्धानका लागि कत्तिको सहयोग गरेको थियो ? सर्प समात्ने उपकरण के-कस्ता थिए ?

मैले संग्रहालय प्रमुख छँदा आफूमताहतका कर्मचारीलाई लिएर जान्थेँ । केही सहयोगी पनि राखेको थिएँ । प्रणीशास्त्रको अध्ययन गर्न हामीसँग उपकरणको कमी थियो । लट्ठीकै भरमा सर्प समाइन्थ्यो । गुलेलीको काप्रोजस्तो काठ खोजेर त्यसैको सहयोगमा सर्पलाई घाँटी थिचेर चल्न नसक्ने बनाएपछि समाउने गरिन्थ्यो ।

हरिशरण नेपाली चराविज्ञ भए पनि फिल्डमा जाँदा भेटेका अन्य जीवजन्तुको पनि अध्ययन गर्नुहुन्थ्यो । एकपटक दुईटाउके विषालु सर्प भेट्नुभएछ । ल्याएर संग्रहालयलाई दिनुभयो । हामीले संग्रहालयमा रहेका जीवजन्तु र वनस्पतिका अवशेष आममानिसलाई देखाउन घुम्ती प्रदर्शनी पनि सुरु गर्‍यौँ । राजा वीरेन्द्रको जन्मोत्सवको अवसर पारेर जिरी, पोखरा, दमौली, नवलपरासीलगायत देशका विभिन्न ठाउँमा घुम्ती प्रदर्शनी आयोजना गरियो । यसक्रममा प्रायः दुर्गम क्षेत्रमा प्रदर्शनी आयोजना भएको थियो । प्राणीहरूको संरक्षणका लागि स्थानीयलाई जागरुक गराउने लक्ष्य त्यस प्रदर्शनीको थियो ।

एकपटक चितवनमा गएर सर्वे गर्नुपर्ने थियो । नटुवा भन्ने जातिले सर्प समातेर जीविका चलाउँछन् । उनीहरूबारे पनि अध्ययन गर्न दुई सहयोगीसहित त्यहाँ गएँ । चारकोसे झाडीमा सर्पको वासस्थानभित्र छिरेर अध्ययन गर्नुपर्ने थियो । मसँग लट्ठीबाहेक केही थिएन । मैले प्रार्थना गरेँ, 'हे भगवान् ! यहाँ राज गोमन नहोस् ।' राज गोमन निकै ठुलो हुन्छ, यो निकै विषालु हुन्छ । सर्प जातिमध्ये कुनै पनि सर्पले आफ्नो बच्चालाई हेर्दैन । तर, राज गोमन अपवाद हो । ओथारो बसेजसरी यी सर्पहरू भाले-पोथीले नै मिलेर आफ्नो फुलको सुरक्षा गर्छन् । सात-आठ फिट वरपरसम्म कसैलाई भेटे भने आक्रमण गर्छन् । त्यस्तो नहोस् भन्ने कामना गरेर झाडीमा गएँ । तर, कुनै सर्प भेटिएन ।

आफ्नो अध्ययनका क्रममा मैले अहिलेसम्म २०-२५ वटा प्रजातिको सर्प पहिचान गरिसकेको छु । कुल ९० वटाजति प्रजातिका सर्प नेपालमा पहिचान भएका छन् । तर, यसभन्दा बढी सर्प हुनुपर्छ । किनकि, भारतमा झन्डै तीन सय प्रजातिका सर्प पहिचान भइसकेका छन् । तर, हाम्रोमा अनुसन्धान कम छ । यसका लागि बजेट र योजना पनि छैन ।

समाजमा सर्पबारे अनेक मान्यता स्थापित छन् । तपाईंको अनुसन्धानले ती मान्यता कति सही र कति गलत ठान्छ ?

सर्प भन्नासाथ हामी आतंकित हुन सक्छौं । तर, सर्पमा केही प्रजाति मात्रै विषालु हुन्छन् । संसारका तीन हजार प्रजातिमध्ये झन्डै २५० मात्रै सर्प विषालु छन् । नेपालमा भएका प्रजातिमध्ये १० देखि १५ वटा मात्रै सर्प विषालु छन् । त्यसमध्ये चार-पाँचवटा प्राणघातक छन् । तर, हामीले यसबारे पर्याप्त अध्ययन गरेनौं । सर्पका प्रजाति चिन्ने, चिनाउने र त्यसअनुसार सावधानी अपनाउने काम गरेनौं । सर्पले टोकेपछि मर्छ भन्ने भ्रम मात्रै छ्यौं । सर्प देख्नासाथ मार्न अघि सर्‍यौं ।

सर्पले लखेटी-लखेटी टोक्छ भन्नेजस्ता भ्रम छ्यौं । विषालु सर्पले पनि आफूलाई खतरा भएपछि मात्रै मानिसलाई टोक्छ । सर्पको टोकाइबारे पनि हामीले धेरै सर्वे गर्‍यौं । ९० प्रतिशतलाई खुट्टाको पैतालानजिक र हातको पाखुरादेखिमुनिको भागमा टोकेको देखिन्छ । यसको अर्थ हामी हिँडिरहेको अवस्था, घाँस काट्दा उनीहरूले असुरक्षित महसुस गर्छन् । आफ्नो रक्षाका लागि टोक्छन् । सर्प कुनै बौलाहा जन्तु होइन । तर, उसलाई चलाउनु वा हस्तक्षेप गर्नुहुँदैन ।

सर्पले छिनछिनमा जिब्रो निकाल्छ । जनमानसमा टोक्नका लागि जिब्रो निकालेको भन्ने भ्रम पनि छ । तर, उसले वरपरको परिवेश बुझ्न जिब्रो निकालेको हो ।

कतिपयले संगीत बजाएर सर्प नचाएको पनि देखिन्छ । यो भ्रम हो । सर्पले हावामार्फत आउने कुनै पनि आवाज ग्रहण गर्ने सक्दैन । किनकि, हाम्रो जस्तो बाहिरी कान सर्पसँग छैन । उनीहरूसँग भित्री कान छ । बंगाराको हाड जमिनमा बजारिँदा ठोक्किएर भित्री कानले त्यो भाइब्रेसन सुन्छ । जमिनको कम्पन सुन्छ । तर, हावामार्फत आउने आवाज सुन्दैन । सर्प नचाउनेहरूले विशेष जुक्ति फुराएका हुन्छन् । ढकनीबाट सर्पलाई खोल्नासाथ पुच्छर वा टाउकोमा हल्का हिर्काउँछन् । त्यसपछि सर्प चलमलाउन थाल्छ । उसको दृष्टि हाम्रो जस्तो फराकिलो हुँदैन । उनीहरूको आईलिड हुँदैन । आँखा झिम्क्याउँदैनन् । सपेराहरूले उसको आँखा नजिक-नजिक बाजा लगेर बजाइरहेका हुन्छन् । संगीतको आवाज नभएर बाजाको केही भाग देखेर सर्पले खतरा महसुस गरेको हुन्छ । गाह्रो गरी यताउता हेर्छ । सपेराले आफ्नो संगीतमा नाचेको भनेर भ्रम छर्छन् ।

सर्पको सहवासबारे पनि समाजमा भ्रम छ । अन्य जीवनझैं सर्पमा पनि सहवासको सिजनमा एउटा पोथीका लागि दुई भालेबिच झगडा हुन्छ । त्यस क्रममा एक-अर्काबिच कसको टाउको माथि रहने वा को अग्लो रहने भन्ने लडाइँ चल्छ । यो लडाइँ हेर्ने मानिस यसैलाई प्रजनन ठान्छन् । जबकि, त्यो भाले र पोथी होइन । भाले-भालेबिचको झगडा हो ।

पर्यावरणमा सर्पको महत्त्व कत्तिको छ ?

सर्पले मुसा खान्छ । मुसाहरूले अन्न खाइदिएर किसानलाई हैरान पारेका हुन्छन् । त्यस्तै बालीमा लाग्ने विभिन्न किरा पनि सर्पले खाइदिन्छ । यसर्थमा सर्प किसानको साथी हो, दुस्मन होइन । सर्प नहुँदा मुसाको संख्या बढेर किसानलाई समस्या हुन्छ । मुसा मार्न कीटनाशक केमिकल प्रयोग गर्दा उल्टै बालीनाली र स्वास्थ्यमा पनि समस्या देखिन्छ । बरु, सर्प जोगाउने हो भने बायोलोजिकल रूपमै मुसालाई नियन्त्रणमा राख्न सकिन्छ । अर्कोतर्फ, मयूर, सर्पेन्ट इगललगायत चराले सर्पलाई नै आफ्नो आहारा बनाइरहेका हुन्छन् । पर्यावरण चक्र यसरी नै चलेको छ । यसमा सबैको योगदान रहन्छ । सर्पहरूले प्रदूषणलाई पनि नियन्त्रण गर्न सहयोग गर्छ । हाम्रो आयुर्वेदमा पनि छातीरोग, टिबीलगायत विभिन्न रोगमा प्रयोग हुने औषधि बनाउन सर्पको प्रयोग हुन्छ । हाम्रो पुर्खाले सर्पप्रति सम्मान गर्थे । आधुनिक चिकित्सा विज्ञानमा पनि विभिन्न औषधि बनाउन यसको प्रयोग गरिन्छ । सर्पको विषबाट 'एन्टी भेनिम' औषधि तयार गरेर यही औषधि नै सर्पले टोकेको अवस्थामा उपचारका लागि प्रयोग गर्न सकिन्छ ।

जनविश्वास र किंवदन्तीलाई आधार मान्दा पानीसँग पनि सर्पको सम्बन्ध छ । नाग खुसी हुँदा समयमै पानी पर्छ, नागको वासस्थान सुक्खा हुँदैन भन्ने किंवदन्ती छ । मच्छिन्द्रनाथको किंवदन्ती, भगवान् बुद्धलाई खतरा पर्दा नागले छत बनेर जोगाएको किंवदन्ती, महादेवले सर्पलाई गहना बनाएर लगाएको किंवदन्ती, भगवान् विष्णुले शेषनागमा विश्राम गरेको किंवदन्तीले हाम्रो धर्मशास्त्र र प्राचीन समयमा नागप्रति व्यक्त गरिएको सम्मान दर्साउँछ । हामीले बुझ्नुपर्छ, यो पृथ्वी मानिस मात्रैको वासस्थान होइन । सबैको हो ।

तराईमा देखिने विषालु सर्प पहाडमा पनि देखिँदै छन् । के सर्प बसाइँ-सराइ गर्दै पहाड उक्लिएको हो र ?

सर्पहरू बसाइँ सर्दैनन् । तर, गाडीमार्फत एक ठाउँबाट अर्को ठाउँमा पुगेका हुन सक्छन् । नयाँ ठाउँमा आएपछि हावापानी अनुकूल भयो भने उनीहरू बाँच्न र फैलन पनि सक्छन् । यो 'कोल्ड ब्लडेड' प्राणी हो । यसको बडी टेम्प्रेचर बाहिरी वातावरणले ठुलो रूपमा निर्धारण गर्छ । प्रायः प्रजाति चार डिग्रीदेखि ४२ डिग्रीसम्म मात्रै बाँच्न सक्छन् । बाहिरी वातावरण यसभन्दा चिसो वा तातो हुँदा उनीहरू दुलाभित्र छिर्छन् । अर्को रोचक कुरा, सर्पले आफूलाई चाहिनेजति आहारा खाएर दुलो पसेको हुन्छ । ती आहारा फ्यातमा परिणत हुन्छ । प्रजाति हेरेर कतिपयलाई केही हप्ता र कतिपय महिनौंसम्म केही नखाई आराम गरेर बस्न सक्छन् । कहिलेकाहीं सिकारीबाट बच्न पनि यसरी दुलोमा छिर्छन् । यस अवधिमा उनीहरू सिकार गर्ने मुडमा हुँदैनन् । नेपालीमा अजिंगरको आहार दैवले जुराउँछ भन्ने उखानै छ । अजिंगरले एकपटक टन्न खाएपछि अरू केही नखाई लामो समय बाँच्न सक्छ ।

सर्पलाई मानिसबाट के-के असुरक्षा छ ? सर्पबाट सुरक्षित रहन मानिसले के गर्नुपर्छ ?

आजकल मानिसले मुसा मार्न विष प्रयोग गर्ने गरेका छन् । विष खाएर छट्पटाएका वा मरेका मुसा खाँदा सर्प पनि मर्छन् । हामीले केमिकल नियन्त्रण नभएर बायोलोजिकल नियन्त्रणमा ध्यान दिन जरुरी छ । कंक्रिटका घर बनेकाले सहरमा सर्पहरूको वासस्थान मासिँदै छ । जलवायु परिवर्तनले पनि सर्पमा असर गरिरहेको छ । तापक्रम वृद्धिले मौसमअनुकूल हुँदा कतिपय सर्पको संख्या बढ्दै छ । मौसम प्रतिकूल भएर कतिपय सर्प मासिँदै छन् । विभिन्न खाले भ्रमका कारण पनि मानिस सर्प मार्न तम्सिन्छन् । सर्पलाई मार्ने होइन, यसबाट बच्न सतर्कता अपनाउने हो । मानिस र प्रकृतिका प्राणीबिच एउटा दूरी रहनु राम्रो हो । सर्पको टोकाइबाट बच्नका लागि आफ्नो घरवरपर नियमित सफाइ गर्नुपर्छ । सर्प लुक्न सक्ने सम्भावित स्थान र दुला टाल्नुपर्छ । बारी, खेत वा रातको समय बाहिर हिँड्दा जुत्ता र हातखुट्टा पूरै ढाक्ने कपडा लगाउनुपर्छ । धुप बाल्दा त्यसको गन्धले सर्प भाग्छ । सर्पलाई असुरक्षित नभएसम्म उसले टोक्दैन । केही गरी टोकिहालेमा आत्तिनुहुँदैन । टोकेको भागलाई हलचल नगराई सकेसम्म चाँडोभन्दा चाँडै अस्पताल पुग्नुपर्छ । हाम्रा अविवेकी कदमले कुनै प्राणी नै लोप हुनु समग्र पर्यावरणकै लागि घातक छ । सृष्टिकर्ताले त सबै कुरा सन्तुलित गरेर बनाएका छन् । हामी मानवजाति पृथ्वीकै बुद्धिमान् प्राणी मानिन्छौं । तर, प्रकृति सबैको घर हो भन्ने कुरालाई हामीले बिर्सिन थालेजस्तो वा इग्नोर गरेजस्तो देखिन्छ । आधुनिकतामा नाममा हामीले सर्पलाई लोपोन्मुख अवस्थामा पुऱ्याएका छौं । जंगलको नाश, पानीको प्रदूषण, देख्नासाथ मार्ने प्रवृत्तिलगायत कारणले सर्प असुरक्षित छन् । अन्य धेरै प्राणी तथा वनस्पति पनि मानवीय गतिविधिले गर्दा असुरक्षित छन् । कुनै पनि प्राणी एकपटक लोप भइसकेपछि त्यसलाई फेरि ल्याउन सकिन्न, यस कुरालाई हामीले समयमै ध्यान दिन जरुरी छ । भोलि धेरै प्राणी लोप भएर यो पृथ्वीमा मानिस र उसले बनाएका भौतिक संरचना मात्रै बाँकी रहने अवस्था आयो भने के होला ?

> सर्प भन्नासाथ हामी आतंकित हुन्छौं । तर, सर्पमा केही प्रजाति मात्रै विषालु हुन्छन् । संसारका तीन हजार सर्पका प्रजातिमध्ये करिब २५० प्रजाति मात्रै विषालु छन् । नेपालमा भएकामध्ये १० देखि १५ प्रजातिका सर्प मात्र विषालु छन् । त्यसमध्ये चार-पाँच प्रजातिका सर्प प्राणघातक छन् । तर, हामीले यसबारे पर्याप्त अध्ययन गरेनौं ।

> सर्पले प्रदूषणलाई पनि नियन्त्रण गर्न सहयोग गर्छ । हाम्रो आयुर्वेदमा पनि छातीरोग, टिबीलगायत विभिन्न रोगमा प्रयोग हुने औषधि बनाउन सर्पको प्रयोग हुन्छ । हाम्रा पुर्खा सर्पप्रति सम्मान गर्थे । आधुनिक चिकित्सा विज्ञानमा पनि विभिन्न औषधि बनाउन यसको प्रयोग गरिन्छ ।

> कुनै पनि प्राणी एकपटक लोप भइसकेपछि त्यसलाई फेरि ल्याउन सकिन्न, यस कुरालाई हामीले समयमै ध्यान दिन जरुरी छ । भोलि धेरै प्राणी लोप भएर यो पृथ्वीमा मानिस र उसले बनाएका भौतिक संरचना मात्रै बाँकी रहने अवस्था आयो भने के होला ?

अध्येता राजेन्द्र महर्जनलाई मन परेका ६ पुस्तक



■ दर्ज्यु संलाप

यो पुस्तक निबन्धकार, सम्पादक कुमारी लामाको दोस्रो निबन्ध संग्रह हो । नेपालका आदिवासीहरू, त्यसमा पनि तामाङ समुदायभित्रका महिलाले भोगेका पीडा, संघर्ष



र उनीहरूमाथि थोपरिएका अनेक किसिमका उत्पीडनबारे खोतल्न उहाँले निबन्धलाई विधाका रूपमा प्रयोग गर्नुभएको छ । निबन्धकारले पुस्तकमार्फत काठमाडौं, काठमाडौंवरपरि रहेका तामाङ इलाका, आफू हुर्किएको धादिङसम्मका अनेक सन्दर्भलाई लिएर बृहत् रूपमा अध्ययन गर्न खोज्नुभएको छ । त्यसैले मलाई यो पुस्तक निकै उपयोगी लाग्यो । 'चियाको ग्लास', 'दर्ज्यु संलाप' निबन्धमा प्रभावशाली लेखन छ । पुस्तकमा मैले गहिरो संगत गरेका दुई अग्रणी महिला पारिजात दिदी र सुकन्या दिदीबारे अत्यन्तै नजिकबाट केलाएर लेख्नुभएको छ । ती लेख धेरै पाठकका लागि उपयोगी हुन सक्छ ।

■ भिक्षु, व्यापार र विद्रोह

म अहिले महाकवि लक्ष्मीप्रसाद देवकोटाले लेख्नुभएको खण्डकाव्य 'मुनामदन'को बारेमा काम गर्दै छु । 'मुनामदन'को स्रोत के थियो भन्ने मेरो चासोको विषय थियो । नेपाल भाषाको 'जि वया ला लछि मदुनि' भन्ने गीतिकाव्यबाट प्रेरित भएर 'मुनामदन' लेखिएको रहेछ । जुन कुरा पुस्तकमा उल्लेख छ । नेपालको लामो इतिहासमध्ये नेपाल उपत्यका र ल्हासासँगको सम्बन्धबारे मेरो रुचि थियो । त्यो रुचिको कारण मैले पछिल्लो चरण मित्र सुधीर शर्माको पुस्तक 'भिक्षु, व्यापार र विद्रोह' पढ्दै छु । जसमा नेपालको भोट, चीन सम्बन्ध र विशेषगरी भारतसँगको सम्बन्धबारे केलाउनुभएको छ । त्यसमा नेपालको दुई हजार वर्षवरपर, विशेषगरी अहिलेको काठमाडौं उपत्यका, पहिलेको नेपाल मण्डलको भोटसँग त्यसमा पनि ल्हासा, तिब्बतसँगको सम्बन्ध कस्तो रह्यो भन्नेबारे केलाउन खोज्नुभएको छ । पुस्तकमै 'मुनामदन'को स्रोत नेवा स्रोतबारे उल्लेख गर्नुभएको छ, यसले गर्दा पनि यो पुस्तक मलाई रुचिकर लाग्यो । नेवारको ल्हासासँग सम्बन्ध, तिब्बतसँग व्यापार, काम गर्दाको अनुभव, यात्रा, उनीहरूले व्यहोरेको संघर्षबारे पुस्तकमा उल्लेख गर्नुभएको छ ।



■ द मुलुकी ऐन अफ १८५४

यो पुस्तक राजन खतिवडा, सिमोन क्युविलिक, अक्सेल मिखाइल्सले संयुक्त रूपमा लेख्नुभएको छ । म अहिले जातको श्रेणी क्रममा सबैभन्दा तल वा माथि भन्ने विषय किन राखियो ? स्रोत, साधन, अवसर, हैसियत, सम्मानमा कसलाई माथि राखियो ? कसलाई तल झार्ने भन्नेसम्मको व्यवस्थाबारे अध्ययन गर्दै छु । त्यसका लागि सबैभन्दा महत्त्वपूर्ण पुस्तक 'द मुलुकी ऐन अफ १८५४' हो । मुलुकी ऐन नेपाली भर्सनको व्याख्या, सन्दर्भसहित र अहिलेको सन्दर्भलाई बुझ्न सक्ने गरी लेखकले पुस्तकमा व्याख्या गर्नुभएको छ । जात व्यवस्थासँग गाँसिएको इतिहास बुझ्न पुस्तक उपयोगी छ । के-के स्रोत-साधनबाट कसलाई वञ्चित गराइयो ? के-केबाट कसलाई आरक्षण दिइयो ? यो बुझ्न पुस्तक निकै उपयोगी छ । यो पुस्तकले हाम्रो ज्ञानको दायरा फराकिलो पार्न सक्छ भन्ने लाग्छ ।



■ नेपाल भाषाया प्राचीन काव्य सिर्जना



अनुसन्धानकर्ता डा. जनकलाल वैद्यले यो पुस्तक नेपाल भाषामा लेख्नुभएको छ । पुस्तकमा नेपाल भाषाको प्राचीन काव्य सिर्जनाका प्रवृत्तिबारे लेखिएको छ । लेखकले पुस्तकमा नेपाल भाषामा आजभन्दा चार, पाँच, ६ सय वर्षअगाडि के-कस्तो खालको साहित्य लेखिन्थ्यो ? गीति कथा कसरी लेखिएको छ ? भन्नेबारे गहिरोसँग अध्ययन गर्नुभएको छ । त्यसबेलाका समाज बुझ्नका लागि, विभिन्न धार्मिक परम्परा बुझ्नका लागि, रीतिथिति बुझ्नका लागि र त्यतिबेलाको समाजमा भएका अन्तर्द्वन्द्व बुझ्नका लागि यो पुस्तक निकै उपयोगी छ ।

■ मिथकों से विज्ञान तक

कवि, वैज्ञानिक, अभियन्ता गौहर रजाले लेख्नुभएको यो पुस्तकमा ब्रह्माण्डको विकासबारे विभिन्न धार्मिक समुदायले कसरी व्याख्या गरेका छन् ? त्यो व्याख्या कति वैज्ञानिक छ ? भनेर बुझ्नका लागि विभिन्न मिथकलाई चिरफार गरिएको छ । वैज्ञानिक दृष्टिकोणबाट त्यसलाई व्याख्या गर्नुभएको छ । विभिन्न सभ्यता, पृथ्वीमा मानव जातिको विकास कसरी भयो भन्नेबारे विभिन्न धर्म, सम्प्रदायले अपव्याख्या गर्दै आएका छन् । त्यसलाई कसरी चिरफार गर्ने भन्ने बुझ्नुका लागि पुस्तक उपयोगी छ । अहिले एउटा प्रवृत्ति देखिएको छ, कसैले नयाँ आविष्कार गऱ्यो भने हाम्रो वेद, पुराण, साहित्य, इतिहासमा पहिले नै उल्लेख थियो भनेर सजिलै भनिदिन्छन् । जुन मिथ मात्र हुन सक्छ, गफ मात्र हुन सक्छ भनेर पुष्टि गर्ने खालको लेखाइ पुस्तकमा छ ।



■ सवर्ण और अवर्णकी उत्पत्ति

यो पुस्तक भारतीय लेखक सुवीरा जयसवालले लेख्नुभएको हो । यो पुस्तक सवर्ण अवर्णको उत्पत्ति कसरी भयो ? यसले समाजलाई के कसरी फरक पारिरहेको छ ? भनेर बुझ्नका लागि र यसको ऐतिहासिक जरो बुझ्नका लागि सघाउने किसिमको छ । सवर्ण-अवर्णको परिकल्पना कसरी भयो होला ? इतिहासमा मात्र होइन, इतिहास पूर्वमिथकहरूमा, पुराणहरूमा, महाभारतजस्ता विभिन्न साहित्यमा, वेदजस्ता वैदिक साहित्यमा समेत सवर्ण-अवर्ण कसरी लेखिएको छ भनेर बुझ्न यो पुस्तक उपयोगी हुनेछ ।



प्रस्तुति : शान्ति तामाङ



समावेशी चित्र कोर्दै अपांगता भएका लैंगिक तथा यौनिक अल्पसंख्यक

क्यानभास



● अन्वेषण अधिकारी

पोखरा नयाँ पुलका अमुका विक २४ वर्षका भए । भाइ मनकाजी विकसँगै काठमाडौंमा बसेर अध्ययन गर्छन् । उनी जन्मजात अपांगता भएका हुन् । उनको ढाड र खुट्टामा समस्या छ । भाइलाई पनि यही समस्या छ ।

अमुका ट्रान्स पुरुष हुन्, जो छोरीका रूपमा जन्मिएर भावनात्मक रूपमा पुरुषमा रूपान्तरण भए । दाइहरूले पाइन्ट लगाएको देखेर सानोमा उनलाई पनि पाइन्ट नै लगाउन मनपर्थ्यो । उनीहरूसँगै खेल्न जान मनलाग्थ्यो । किशोरावस्थामा केटी साथीहरू नै मनपर्न थाल्यो । सुरुमा बाबु-आमालाई यस विषयमा थाहा थिएन । तर, एक युवतीसँगको प्रेम उनले लुकाउन सकेनन् । बाबु-आमा यो खबरले पहिले निकै स्तब्ध थिए । तर, बिस्तारै अमुकाका भावना बुझे ।

'मेरो बुबाले आरन र खेती-किसानी गरेर संघर्षका साथ आठ सन्तान हुर्काउनुभयो । त्यसमध्ये हामी चारजना जन्मजात अपांगता भएका थियौं,' अमुकाले भने,'मेरो लैंगिक पहिचानबारे थाहा पाउँदा उहाँहरू स्तब्ध र चिन्तित हुनुहुन्थ्यो । समाजले के भन्ला भन्ने भय थियो । तर, बिस्तारै यस यथार्थलाई स्विकार्नुभयो ।'

अमुकालाई रंगहरूसँग खेल्न मन लाग्छ । चित्रकलामा सबै रंगको उत्तिकै महत्त्व हुन्छ । समाजमा पनि विविध पहिचान भएकाहरू सम्मानपूर्वक बाँच्न पाउनुपर्ने उनी बताउँछन् । इन्द्रेणी अपांगता नेपालले द क्यानाडा फन्ड फर लोकल इनिसिएटिभ्सको सहयोगमा आयोजना गरेको 'इन्क्लुसिभ आर्ट एन्ड स्टोरी टेलिङ वर्कसप'मा सहभागी भएर उनले आफ्ना भावना चित्रमार्फत पोखे । तीनदिने वर्कसपमा उनले दुईवटा चित्र तयार पारे । एउटा चित्र भगवान् बुद्धको थियो भने अर्को चित्रमा फरक पहिचानकी एक युवतीलाई समाजले चारैतिरबाट औंला तेर्स्याएको देखिन्छ । 'म छोरी भएर जन्मिएँ । तर, छोरामा रूपान्तरण हुन खोज्दा समाजको बिचमा पर्ने भन्ने लाग्छ,' उनले भने,'अपांगता भएका मानिसलाई उसै पनि समस्या भइरहेको हुन्छ । त्यसमाथि फरक लैंगिक पहिचान भएकालाई हेर्ने नजर र गरिने व्यवहार फरक छ । तर, परिवारले सहयोग गरेकाले मैले सहज महसुस गरेको छु ।'

भाइ मनकाजी उनलाई हौसला दिन यस वर्कसपमा सहभागी थिए । 'उहाँ पहिले मेरी दिदी हो । अहिले रूपान्तरण भएर दाइ हुनुभयो । हामी एकसाथ हुर्किएका हौं । दुवै अपांगता भएका हौं,' मनकाजीले भने,'लैंगिक पहिचानको विषयलाई धेरैले लुकाउँछन् । तर, उनले खुलेर कुरा राखेका छन् । उनका भावनालाई बुझ्छु । हामी उनलाई समर्थन गर्छौं ।' संगीतमा पनि अमुकालाई रुचि छ । अत्यधिक गीत-संगीत सुन्छन् । अञ्जु पन्त र आस्था राउतको आवाज उनलाई निकै मनपर्छ । भविष्यमा सर्जरी गरेर शारीरिक रूपमा पनि पुरुष बन्ने सपना उनले देखेका छन् ।

काभ्रे पाँचखालकी मीना जोशीले कान सुन्न छाडेयता सबैभन्दा धेरै मिस गर्ने कुरामध्ये संगीत एक हो । बाबुआमाले सुनाएअनुसार उनी सानोमा नाचगान धेरै गर्थिन् । तर, ६ वर्षको कलिलो उमेरमै करेन्ट लागेर उनी घाइते भइन् । त्यसपछि उनले कान सुन्न छाडिन् । बोली बन्द भयो । अहिले पनि कोठामा छँदा कहिलेकाहीं एक्लै नाच्ने गर्छिन् ।

२६ वर्षीया जोशी समलिंगी महिला हुन् । उनले आफ्नो लैंगिक पहिचानबारे खुलेर भन्न थालेको एक वर्ष मात्रै भयो । पछिल्लो दुई महिनायता उनी इन्द्रेणी अपांगता नेपालमा उपाध्यक्ष छिन् । सांकेतिक भाषामार्फत आफ्ना भावना अभिव्यक्त गर्छिन् । नुवाकोट तारकेश्वर गाउँपालिकाकी सुनिता श्रेष्ठले पछिल्ला चार वर्षदेखि जोशीलाई दोभाषेका रूपमा सहयोग गरिरहेकी छिन् । 'आफ्ना भावना गुम्स्याएर राख्नुपर्दा मलाई निकै समस्या थियो । पछिल्ला एक वर्षयता खुलेर भन्न थालेको छु । यसले मेरो जीवन सहज भएजस्तो छ,' जोशीलाई उद्धृत गर्दै श्रेष्ठले भनिन् ।

साप्ताहिक राशिफल

१३ पुस (शनिबार)
१९ पुस (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

साताको प्रारम्भमा जीविकोपार्जनका लागि गरिएका प्रयासले अपेक्षित सफलता मिल्नेछन् । यो साता आर्थिक स्थितिमा सुधार आउने देखिन्छ । व्यापार व्यवसायमा संलग्न व्यक्तिले पहिले गरेको लगानीबाट सोचेअनुसार लाभ उठाउन सकिनेछ । बजारमा पुँजी अड्किएका व्यक्तिहरूले यो साता मिहिनेत गरेमा अप्रत्याशित रूपमा धनआर्जनका योग रहेको छ ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

भाग्यको साथ मिल्नेछ । कडा परिश्रमबाट धेरै सफलता मिल्ने योग रहेको छ । सोमबार र मंगलबार व्यावसायिक लगानीमा साथीभाइ र सहकर्मीबाट पनि सहयोग मिल्नेछ । कपडा र मेकअप सामानको व्यापार गर्ने व्यक्तिहरू आफ्नो कमाइबाट खुसी हुनेछन् । राजनीतिक तथा सामाजिक कार्यमा संलग्न व्यक्तिले समाजमा मानप्रतिष्ठा प्राप्त गर्नेछन् ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

साताको प्रारम्भमा भाग्यले पूर्ण रूपमा साथ दिनेछ र तपाईंका सबै योजना सजिलै पूरा हुनेछन् । कुनै बैंकबाट ऋण लिने सोचमा हुनुहुन्छ भने फाइदा हुनेछ । पुराना साथीभाइबाट सहयोग मिल्नेछ र असल साथीहरू पनि बढ्नेछन् । साताको अन्त्यमा श्रीमतीको तर्फबाट सबै प्रकारको सहयोग प्राप्त हुनेछ र योजना सफल हुनेछन् ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

धन र सम्मानमा वृद्धि हुने योग छ । रोकिएका काम सजिलै पूरा हुनेछन् र भाग्यले पूर्ण रूपमा साथ दिनेछ । मातृपक्षबाट माया र सहयोग प्राप्त हुने योग रहेकाले आमाको सल्लाहअनुसार अगाडि बढेमा कार्य सिद्धि हुनेछ । बिहीबार र शुक्रबार विलासितामा पैसा खर्च हुने हुँदा विशेष सावधानी अपनाउनु पर्नेछ । देवीको पूजा तथा आराधना गरेमा भाग्यको पूर्ण साथ रहने छ ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

नयाँ परियोजनाबाट सफलता मिल्नेछ । स्थान परिवर्तनसँग सम्बन्धित कुनै पनि काम सफल हुनेछ । साताको उत्तरार्द्धमा केही जटिलता देखिए तापनि तपाईंको हिम्मत बढ्नेछ । परिवारमा मांगलिक कार्य हुनाले मन प्रसन्न रहनेछ । कार्यालयमा अनुकूल वातावरण बन्नेछ । सहकर्मीहरूले पनि साताभर पूर्ण रूपमा सहयोग गर्नेछन् । कार्य सफलताको साता रहनेछ ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

आर्थिक हिसाबले साता बलियो नै रहेनछ । वैदेशिक यात्राका लागि गर्न खोजिएका कार्य सजिलै सम्पन्न हुनेछन् । अनावश्यक खर्च हुने सम्भावना रहेकाले साताको उत्तरार्द्धमा विशेष सावधानी अपनाउनु पर्नेछ । व्यापार-व्यवसायमा आर्थिक लाभको योग रहेकाले लगानी गर्दा शुभ रहनेछ । लामो यात्राको योग रहेकाले यात्रामा निस्किँदा विशेष लाभ मिल्ने छ ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

साताको सुरुमा विशेष धन लाभ हुनुका साथै गर्न खोजेका कार्य सजिलै सम्पन्न हुनेछन् । कुनै पनि निर्णय लिँदा भाग्यको पूर्ण साथ रहनेछ । मंगलबार र बुधबार सहयोगी भावना रहने हुँदा उपचारमा अनावश्यक धन खर्च हुने सम्भावना रहेकाले विशेष सावधानी अपनाउनु पर्नेछ । साताको अन्त्यमा घरमा छिमेकीहरूको सहयोगमा मांगलिक कार्यमा मन रमाउनेछ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

शनि अढैया दशाका कारणले मन विचलित रहनुका साथै आर्थै अन्योलमा परिनेछ । व्यापार वृद्धिका लागि गरिएका प्रयास असफल हुनेछन् । बिहीबार र शुक्रबार अरूको कारणले केही समस्याको सामना गर्नुपर्नेछ । साताको अन्त्यमा शत्रुपक्षलाई जित्न सफल हुनुका साथै कानुनी विवादमा सफलता मिल्नेछ । कुनै मुद्दा विचाराधीन छ भने जित्नुहुनेछ ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

आर्थिक हिसाबले लाभदायक रहनेछ । रोकिएका आयोजनाबाट लाभ मिल्नेछन् । परोपकार र सहयोगी भावनाको विकास हुनेछ । धार्मिक कार्य रुचिका साथ सम्पन्न हुनेछन् । साताको अन्त्यमा भाग्यको पनि पूर्ण सहयोग मिल्नेछ । वैदेशिक यात्रामा भने केही बाधा उत्पन्न हुनसक्ने हुदा सत्यनारायणको दर्शन तथा पूजा गरेमा लाभ मिल्नेछ ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

सुरुमा लाभांश बढे पनि प्राप्त रकम तत्काल खर्च गर्नुपर्ने स्थिति आउनेछ । केही अप्ट्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्दा मन खिन्न रहनेछ । फजुल खर्चका बिच कामको बोझ पनि बढ्न सक्छ । बुधबारदेखि कीर्तिमानी काम सुरु हुन सक्छ । प्रतिष्ठित काम गर्ने मौका प्राप्त हुनेछ । नातेदार र कुटुम्बले काममा सहयोग गर्नेछन् । साथीहरूसित मनोरञ्जनको अवसर जुर्नेछ ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

प्रतिष्ठित काम गरेर अवसर हात पार्ने साता रहेको छ । आयआर्जन बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ । मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ । तर, आम्दानीका साथै कामको दायित्व पनि बढ्न सक्छ । बुधबारदेखि खर्चको मात्रा बढ्नेछ । बिचमा काम रोकिए पनि दोहोऱ्याएर प्रयत्न गर्दा फाइदा हुन सक्छ । सप्ताहान्तमा आस मारेको काम बन्नेछ ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

विशेष जिम्मेवारी अथवा नोकरी प्राप्तिको योग रहेको छ । विशिष्ट व्यक्तित्वसँग मित्रता बढ्नेछ । परिश्रमअनुसार राम्रै फल पाइने साता रहेको छ । खर्च भए पनि दिगो फाइदा हुने काम प्रारम्भ गर्ने अवसर छ । लगनशीलताले प्रसिद्धि पनि बढ्नेछ । मिहिनेतले दाम र इनाम दिलाउने योग रहेकाले साप्ताहिक रूपमा दिन सफल रहनेछन् ।

अवसरले मानिसलाई पर्खनु र मानिसले अवसर पर्खनु मुम्बई सहरको विशेषता हो । त्यसैले मुम्बईलाई भारतीयहरू सपनाको सहर भन्छन् । 'अल वि इम्याजिन एज लाइट'मा निर्देशक पायल कपाडियाले सहरको कोलाहलमाझ गुम्सिएर बसेका पात्रहरूको मनोभाव उतारेकी छिन् ।

पृष्ठभूमिमा झलमल्ल सहर देखाएर मानिसको आँखामा झल्किएका द्विविधा, चिन्ता र उदासीपनलाई निकै कलात्मक ढंगले उजागर गर्न सक्नु यस फिल्मको विशेषता हो । फिल्मकी मुख्य पात्र प्रभा पेसाले नर्स हुन् । भर्खरै मुम्बई आएकी अनु उनीसँगै अस्पतालमा काम गर्छिन् । उनीसँगै अपार्टमेन्टमा बस्छिन् । अस्पतालमा चिया पकाउने पार्वतीसँग उनीहरूको राम्रो दोस्ती छ । फिल्मको कथा यी तीन पात्र वरपर घुम्छ ।

प्रभाको अपार्टमेन्टमा नयाँ राइसकुकर उपहार आएसँगै कथाका गुत्थीहरू खुल्दै जान्छन् । कुनै परिचितले पठाएको यो राइसकुकरमा 'जर्मनीमा बनेको' लेखिएको छ । प्रभाका श्रीमान् विवाहलगत्तै जर्मनी गएका थिए । पछिल्लो एक वर्षदेखि प्रभासँग कुराकानी हुन पाएको छैन । प्रभाको मनभित्र गढेको प्रेमको रिक्तता उनका उदास आँखामार्फत झल्कन्छन् ।

अनु प्रेममा छिन् । तीव्र गतिमा दौडिरहेको रेल र मुम्बईको झरीमा उनको प्रेम छताछुल्ल हुन्छ । उनले समयको मज्जा लिइरहेकी छिन् । तर, आफ्ना मुस्लिम







अमुकालाई रंगहरूसँग खेल्न मन लाग्छ। चित्रकलामा सबै रंगको उत्तिकै महत्त्व हुन्छ। समाजमा पनि विविध पहिचान भएकाहरू सम्मानपूर्वक बाँच्न पाउनुपर्ने उनी बताउँछन्।

वेलावेलामा जोशीका बुबासँग श्रेष्ठको टेलिफोनमा कुराकानी हुन्छ। 'हामी उसको कुरा बुझ्न सक्दैनौं। तपाईंले बुझ्नुहुन्छ। उसले इच्छा गरेजस्तो जीवन बाँचोस्। सही मार्ग देखाइदिनुस् भन्नुहुन्छ। यसले मलाई पनि जिम्मेवारी बढेजस्तो महसुस हुन्छ,' श्रेष्ठले भनिन्। जोशी अहिले बिएडमा अध्ययनरत छिन्। भविष्यमा शिक्षक बनेर सुस्तश्रवण भएकाहरूलाई सांकेतिक भाषामा पढाउने उनको सपना छ। आठ वर्षदेखि दोभाषेका रूपमा काम गरिरहेकी श्रेष्ठले अन्य व्यक्तिहरूको दाँजोमा सुस्तश्रवण भएकाहरूलाई आफ्ना भावना अभिव्यक्त गर्न गाह्रो हुने बताइन्। 'आममानिसभैं आफ्ना कुरा खुलेर राख्न सक्दा उहाँहरूले पनि सहज महसुस गर्नुहुन्छ। कुनै कुरा लुकाउनुपर्दा उहाँहरूलाई पीडा हुन्छ। उहाँहरूसँग जति धेरै कनेक्ट हुन सक्यो, जति धेरै सम्मान र स्पेस उहाँहरूलाई दिन सक्यो, त्यति नै हाम्रो समाज उन्नत भएर जान्छ भन्ने मलाई लाग्छ,' श्रेष्ठले भनिन्।

कञ्चनपुर लालझाडी- १ का खगेन्द्र राना २७ वर्षका भए। उनी अपांगता भएका समलिंगी पुरुष हुन्। १० कक्षामा पढ्दा उनी रुखबाट लडेर घाइते भए। मेरुदण्डमा चोट लाग्यो। त्यसपछि थेरापी गर्नुपरेकाले दुई वर्षजति पढाइ छुट्यो। जब कक्षाकोठामा फर्किए त्यसपछि उनलाई अन्य साथीभाइभन्दा आफू पृथक् रहेको महसुस हुन थाल्यो। उनलाई आफ्ना केटा साथी नै मन पर्न थाल्यो। 'कैलाली मल्टिपल क्याम्पसमा पढ्दा पनि धेरैले यसको हाउभाउ र स्वभाव केही फरक छ भन्थे,' उनले भने,'लैगिंक पहिचान सार्वजनिक गर्दा सुरुमा घरपरिवारले केही अप्ठ्यारो मानेका थिए। उहाँहरूलाई समाजको डर थियो। अहिले परिवारले बुझ्न थालेका छन्।' उनी अहिले इन्द्रेणी अपांगता नेपालमा प्रोग्राम एसोसिएटका रूपमा कार्यरत छन्।

नक्सालकी १९ वर्षीया सान्विका पौडेल क्वेर समुदायकी हुन्। १० कक्षा पढ्दै उनले प्राइड परेडमा सहभागिता जनाएकी थिइन्। गत जुलाईमा नेपाल फेसन फेस्टिभलमा उनले क्वेर क्याटेगोरीमा मोडलिङ गरेकी थिइन्। अपांगता भएका लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायलाई हौसला दिन वर्कसपमा सहभागी भएको उनले बताइन्। 'क्वेर भएपछि समावेशिताको कुरा आउँछ। मैले यहाँ वर्कसपमा आएर विविध पृष्ठभूमिका मानिसहरू भेटें,' उनले भनिन्, 'ती साथीहरू आफ्ना भावनालाई खुलेर अभिव्यक्त गर्न पाउँदा खुसी छन्। आफ्नो लैंगिक पहिचानलाई सबैले गर्वका साथ भन्न पाउने वातावरण बन्नुपर्छ।'

भविष्यमा समावेशी समाज निर्माणको पैरवी गर्ने र चित्रकारका रूपमा काम गर्ने उनको लक्ष्य छ। लैंगिक विविधताका बारेमा दर्शन पढ्न उनलाई मन लाग्छ। 'यसबारे समाजमा धेरै भ्रम फैलिएका छन्। मलाई यसबारे पर्याप्त अध्ययन गर्न मन छ,' उनले भनिन्।

घरमा बाबुआमाले उनको पहिचान स्विकारेका छन्। दिदीले ठुलो साथ दिएकी छिन्। 'म आफ्ना भावना सानैदेखि दिदीसँग सेयर गर्दथें। कहिले पुरुषजस्तो, कहिले महिलाजस्तो महसुस गर्ने कुरा सुनाउँथें। अनौंठो-अनौंठो कुरा गर्छे भन्नुहुन्थ्यो। अहिले आएर उहाँलाई पनि बहिनीको लैंगिक पहिचान क्वेर रहेछ भन्ने थाहा भएको छ,' उनले भनिन्, 'परिवारले मलाई निकै सहयोग गर्नुभएको छ।'

मूलपानी काठमाडौंका विमल शाह (नाम परिवर्तन) लैंगिक तथा यौनिक अल्पसंख्यकलाई हेर्ने नजर समाजमा अझै उस्तै रहेको बताउँछन्। २६ वर्षीय शाह पेसाले फेसन डिजाइनर हुन्। घरपरिवार र नजिकका साथीभाइ उनको लैंगिक पहिचानबारे जानकार छन्। तर, पूर्ण रूपमा उनले आफ्नो पहिचान सार्वजनिक गर्न सकेका छैनन्। '१६ वर्षको उमेरमा आएर मलाई फरक महसुस हुन थाल्यो। लगातार केटाहरू नै मनपर्छ भन्न थालेपछि आफू समलिंगी पुरुष रहेको निष्कर्षमा पुगें। मेरा आमाबुबा वृद्धवृद्धा भइसक्नुभयो। म उहाँको एक्लो सन्तान हुँ। पहिचान सार्वजनिक गर्दा उहाँहरूलाई समाजमा समस्या होला भन्ने लाग्छ,' उनले भने, 'यसरी पहिचान लुकाएर बाँच्नुपर्दा मलाई डिप्रेसन र एन्जाइटी पनि भयो। २४ वर्षको उमेरमा बुबाआमाले विवाहको प्रस्ताव ल्याएपछि मैले उहाँहरूसँग आफ्ना कुरा राखें। मन हल्का भयो। अझै पनि सार्वजनिक रूपमा आफ्नो पहिचान बताउन सकेको छैन। यस्ता कार्यक्रममा आउँदा अरू मानिससँग पनि मेरैजस्तो अनुभव रहेछन् र म एक्लो होइनरहेछु भन्ने लाग्छ। मन हल्का हुन्छ।'

इन्द्रेणी अपांगता नेपालका संस्थापक तथा कार्यकारी निर्देशक आदित्य राई समाजमा अपांगता भएकाहरूले विभिन्न विभेद सहनुपरेको बताउँछन्। अपांगता भएका लैंगिक तथा यौनिक अल्पसंख्यक दोहोरो मारमा रहेको उनले बताए। उनीसँग आफ्नै तीता अनुभव छन्। तीन वर्षको छँदै आगलागीमा परे। देब्रे हात जलेपछि केही भाग काट्नुपऱ्यो। एउटा अनाथालयले उनलाई काठमाडौं ल्याएर पाल्यो। सानैदेखि गाजल लगाउने, जामा लगाउने, नाचगान गर्ने गर्दथे। साथीभाइले अपमान गरेर खिल्ली उडाउन थाले। प्लस टु गरिसकेपछिको कुरा हो, एक दिन निर्लाहिरा समाज (ब्लु डाइमन्ड सोसाइटी ले सञ्चालन गर्ने एफएम कार्यक्रम 'पहिचान'मार्फत उनले आफू समलिंगी पुरुष रहेको घोषणा गरे। यसपछि आश्रय दिइरहेको संस्थाले पनि राख्न मानेन।

उनको पढाइ छुट्यो। रोजगारी र वासको टुंगो थिएन। तर, राईले हरेस खाएनन्। उनले अपांगता भएका लैंगिक तथा यौनिक अल्पसंख्यकहरूलाई समेटेर अघि बढ्ने योजना बनाए। २०१८ मा स्नातक भर्ना भएर छुटेको पढाइलाई निरन्तरता दिए। नोभेम्बर २०२२ मा उनले औपचारिक रूपमै इन्द्रेणी अपांगता समाज दर्ता गरे। 'क्वेर समुदायको सेयरिङ प्लाटफर्मका रूपमा यो संस्थालाई अघि बढाइरहेका छौं। अपांगता भएका लैंगिक तथा यौनिक अल्पसंख्यकलाई संस्थामा जोड्ने, आवश्यक सहयोग गर्ने र आफ्नो अधिकारबारे बोल्न प्रेरित गर्ने हाम्रो लक्ष्य छ।' आज यस संस्थामा झन्डै ६० जना सदस्य छन्।

इन्द्रेणी अपांगता नेपालले क्यानाडा फन्ड फर लोकल इनिसिएटिभ्सको सहयोगमा समावेशी चित्रकला तथा कथावाचन वर्कसप र बेलायतको फरेन, कमनवेल्थ एन्ड डेभलपमेन्ट अफिसको सहयोगमा 'आर्ट सोकेस बाई क्वेर डिस्एबिलिटी' कार्यक्रम एकसाथ गरेको हो। तीनदिने कार्यक्रममा झन्डै २५ जनाले चित्रकला तथा कथावाचनमार्फत आफ्ना तीतामीठा अनुभव सुनाए। यस कार्यक्रममा विविध जातजाति, लैंगिक पहिचान र पृष्ठभूमिका मानिस सहभागी थिए। 'सबैले आफ्नो पहिचान निर्धक्क र गर्वका साथ भन्न सक्ने वातावरण बनाउने यस संस्थाको लक्ष्य छ। त्यसका लागि समाजका बृहत्तर समुदायलाई समेटेर पहल अघि बढाएका छौं। महिला, पुरुष, सपांगता भएकालगायत सबै समुदायका मानिसले उपस्थित भएर हामीलाई समर्थन र हौसला दिनुभएको छ,' उनले भने, 'आगामी दिनमा पनि विभिन्न कार्यक्रम गर्दै जानेछौं।'

स्वच्छ राजनीतिको ढोका उघार्ने अध्यात्म



अर्थ र योगको सम्बन्ध घनिष्ठ र प्रत्यक्ष छ। अर्थोपार्जनमा योगले प्रभावकारी भूमिका खेल्दछ। धर्म, अर्थ, काम र मोक्ष प्राप्तिलाई चार पुरुषार्थ मानिन्छ। ज्ञान धारण गर्नु धर्म हो भने धन आर्जन अर्थ। यी दुवैका लागि कुशलतापूर्वक कर्म गर्नुपर्दछ। स्वस्थ शरीरले मात्र कुशलतापूर्वक कर्म गर्न सक्छ। धर्म, अर्थ र कर्मको पूर्णताले मोक्ष प्राप्ति हुन्छ। मोक्ष भनेको चिन्ता, तनाव र कुन्ठाबाट मुक्त भएको अवस्था हो।



रामचन्द्र शर्मा

स्वदेश र विदेशमा रहेका हामी सबै नेपालीले नेपाली राजनीतिलाई नजिकबाट नियालेका मात्र छैनौं भोग्दै आएका छौं। व्यवस्था परिवर्तन गरी देशको अवस्था सुधार्न ००७ साल, ०४६ र ०६२-६३ सालमा ठुला आन्दोलन गऱ्यौं। जहानियाँ राणा शासन, संसदीय प्रजातन्त्र, सक्रिय र संवैधानिक राजतन्त्र हुँदै संघीय गणतन्त्र ल्याएको पनि दुई दशकनजिक पुग्न लाग्यो। र पनि देशको आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक र वातावरणीय अवस्था सुधिएको छैन। फरक-फरक व्यवस्था भएका छिमेकी चीन, भारत युरोप र अमेरिका विकसित छन्। सबै अटाउन सक्ने गणतान्त्रिक व्यवस्थामा देश झन् कमजोर अवस्थामा देख्दा विकासका लागि राजनीतिक व्यवस्थाभन्दा स्वच्छ राजनीति आवश्यक हुने अनुभव हामी सबैलाई भएको छ।

थोरै शैक्षिक किताब अध्ययन गरी सांसारिक जीवनको उत्तरार्द्धमा पुगेको यो पंक्तिकार आध्यात्मिक ज्ञानको कखरा आरम्भ गर्दा नयाँ जन्म भएको अनुभूति भयो। आफूमा सकारात्मक प्रभाव पारेको अध्यात्मले हरेक व्यक्ति-व्यक्ति मिलेर बन्ने परिवार-परिवार मिलेर बन्ने समाज र समग्र राजनीतिमा सकारात्मक प्रभाव पार्न सक्ने आकलन गरेँ। अध्यात्मले स्वच्छ राजनीतिको विकास गर्ने निश्चय गर्दै स्वउत्थान अभियान सञ्चालन गर्ने परिकल्पना गरेँ। स्वउत्थान अभियानका लागि किताब लेख्ने र किताबबाट हुने आम्दानी अभियानमा लगानी गर्ने योजना बनाएँ स्वउत्थान शीर्षकमा किताब लेख्ने क्रममा अध्ययन गर्दा महान् वैज्ञानिक अल्बर्ट आइन्स्टाइनका दुइटा भनाइ 'अरूको किताब पढ्न छोडेर आफ्नै किताब लेख्ने आवश्यकता पर्ने दिन आउँछ' र 'बारम्बार एउटै काम गर्ने परिणाम फरक खोज्नु पागलपन हो' ले ऊर्जा प्रदान गरेकाले स्वच्छ राजनीतिको ढोका उघार्ने अध्यात्म र हाम्रो कार्यभारका विषयमा चर्चा गर्ने प्रयास गरिएको छ।

सुख, शान्ति, समृद्धि प्राप्ति र निर्वाध उपभोगको सुनिश्चितताका लागि मानिसले राज्यको परिकल्पना गर्दै राज्य सञ्चालनका लागि विकसित गरेको मूल नीति हो राजनीति। व्यवस्थाका कारण जनताले सुख-शान्ति समृद्धि प्राप्त गर्न सकेनन् भनेर अन्य देशहरूमा पनि आन्दोलन भएका छन्। हाम्रो देशमा पनि पटक-पटक आन्दोलन भएर नयाँ व्यवस्था आए। अहिले देश संघीय लोकतान्त्रिक गणतन्त्रमा छ। गणतन्त्र उत्कृष्ट व्यवस्था मानिन्छ पनि।

अरू देशले राजनीतिक परिवर्तनपछि द्रुतगतिमा आर्थिक प्रगति गरेका छन्। छिमेकी देश चीन र भारत उदाहरण छन्। हामीकहाँ संघीय गणतन्त्र प्राप्तिको जनआन्दोलन सफल भएको दुई दशक पुग्नै लाग्यो। दुई वर्षमा टुंगाउने भनिएको शान्ति प्रक्रिया अहिलेसम्म टुंगिएको छैन। संविधान जारी भई दुई आवधिक निर्वाचन सम्पन्न भए पनि प्रशासनिक रूपमा संघीयता लागू भएको छैन। कानुन बन्न अझै बाँकी छन्। संविधानले निर्दिष्ट गरेको समाजवाद उन्मुखतातर्फ विमर्श पनि शुरु भएको छैन।

योग

दलहरूमा हुनैपर्ने आन्तरिक लोकतन्त्र मुर्छित अवस्थामा छ। दलहरू गुटबन्दीको दलदलमा फसेका छन्। दण्डहीनता र भ्रष्टाचार बढेको छ। गरिखाने संस्कार मेटियो। गरिखान खोज्नेले वातावरण पाएन। काम र शिक्षाका लागि युवा र पुँजी विदेश पलायन भयो। देश शून्य उत्पादनउन्मुख छ। पराधीनता विगतका व्यवस्थामा भन्दा बढेको छ। राजनीतिक नेतृत्वले दोष एकअर्कामा लगाएको छ। सरकारमा हुँदा र नहुँदा शीर्ष नेताहरूका बोली र व्यवहार फेरिएका छन्। सरकार आज बदलिने हो कि भोलि भन्ने त्रासले समग्र राजनीति अस्थिर बनाएको छ। र पनि परिवर्तनकारी भनिने दलहरू सुविचारित ढंगले मिलेर मुलुकको अवस्था सुधार्न लाग्नुपर्नेमा विगतका जस्तै क्रान्ति र आन्दोलन गर्ने हुंकार सुनिन्छन्। सत्तामा हुने दलले कुनै पनि वेला आन्दोलनमा जानुपर्ने हुन सक्छ। मानसिक तयारीमा रहन कार्यकर्तालाई निर्देशन जारी गरेको छ। प्रतिपक्षमा पुगेका दलहरूले क्रान्ति र आन्दोलन गर्ने वेला भयो भनेर कार्यकर्तालाई आह्वान गरिरहेका छन्। यसले देशभक्त जनतालाई चिन्तित तुल्याएको छ।

नेपाली समृद्धिको साधक ठानेर ठुलो जन, धन र लामो समय खर्चिएर ल्याएको हो गणतन्त्र। फरक-फरक व्यवस्था भएका छिमेकी चीन, भारतदेखि युरोप अमेरिका र जापान समृद्ध छन्। पूर्वराजासमेत निर्वाचनमा उम्मेदवार हुन पाउने गणतन्त्र समृद्धिका लागि बाधक हुनै सक्दैन। शीर्ष नेतादेखि सर्वसाधारण नागरिकसम्मको सोचविचार र व्यवहार गणतान्त्रिक मूल्य, मान्यता र पद्धतिअनुसारको गर्‍यौं गरेनौं भन्ने स्वमूल्यांकन गर्दै देशको अवस्था के कारणले बिग्रियो भन्ने गम्भीर समीक्षा नगरी फेरि गरिने क्रान्ति र आन्दोलनले देश समृद्ध बनाउँछ भन्ने आधार के छ र कसले ग्यारेन्टी लिन्छ ? के नेपाली जनताको भागमा आन्दोलन मात्रै हो ?

जनताले जनताका लागि जनताद्वारा शासन गर्न आन्दोलनमा होमिएर ल्याएको गणतन्त्रको अनुचित दोहन भयो। देशको आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक अवस्था खस्किँदै गयो। यो दुर्दशा देखेर भित्रभित्रै आक्रोशित नेपालीमा सल्काउन खोजिएको विद्रोहको ज्वाला थेग्न सक्ला मुलुकले ? सन्तोषजनक आर्थिक प्रगति गर्दै चुनावमा दुईतिहाइ ल्याएकी सेख हसिना विपक्षीलाई उपेक्षा गर्न पुग्दा बंगलादेशले ठुलो मूल्य चुकाउनुपरेको हालतबाट शिक्षा लिने कि नलिने ? जस्ता अनेकौं अहं सवालको जवाफ हरेक नेपालीले सजगतापूर्वक खोज्नुपर्ने घडी आएको छ।

हरेक समस्याको कारण र कारणको निवारण छ। जनसंघर्षले आर्जेको गणतन्त्रमा राजनीतिक दलका नेताहरू र कर्मचारीतन्त्रले आफ्नो जिम्मेवारी निष्काम भावद्वारा कुशलतापूर्वक नगरिदिँदा देशको अवस्था कमजोर भएको हो। गणतन्त्रको अनुचित दोहन गरेर कमाएको पद, प्रतिष्ठा र धनले खुसी र आनन्द किन्न सकिन्न दुःख निम्त्याउँछ भन्ने ज्ञान भएन ती नेता र कर्मचारीमा। त्यसैले मूल समस्या हो उनीहरूमा रहेको अज्ञानता। समाधान ज्ञानले दिन्छ। ज्ञान तिनै नेता र कर्मचारीभित्र छ, तर अज्ञानले ढाकिदिएको मात्रै हो। अज्ञानको ढक्कन अध्यात्मले खोलिदिन्छ।

अर्कोतिर, नेपालमा फेरि क्रान्ति र आन्दोलन गर्ने कुरा आएका छन्। ती पनि अज्ञानतावश नै आएका हुन्। कम समयमा अधिकार वा व्यवस्थागत संरचनामा परिवर्तन हुनु क्रान्ति हो। सत्ताद्वारा गरिएका शोषणको विरोध गर्ने सामूहिक जनसंघर्ष हो आन्दोलन। नेपालमा क्रान्ति घटित भई जनताका अधिकार र व्यवस्थाको स्वरूप र संरचनामा आमूल परिवर्तन भएर जनतालाई सर्वशक्तिमान बनाउँदै गणतन्त्र आएकाले बाहिर गरिने क्रान्ति आवश्यक नै छैन।

जहाँसम्म सत्ताले गरेका शोषण हटाउने सवाल छ, त्यो काम वेटिङ गार्मेन्टको रूपमा रहने विपक्षी पार्टीले गर्नुपर्ने व्यवस्था संविधानले नै गरेको छ। आन्दोलन जोखिमयुक्त हुन्छ भन्ने उदाहरण बंगलादेशमा आरक्षणको विरोधबाट सामान्य रूपमा सुरु भई आँधीबेहरी बनेर उलटपुलट पारेको दृष्टान्त हाम्रा सामुन्नेमा छ।

नेताहरूले व्यवस्था परिवर्तन हामीले गरिदिएका हौं भनेर भाषण गर्ने गरेको सुनिन्छ। यो भाषणले नेताहरू अज्ञानी रहेको दर्साउँछ। दुइटा कुराले अज्ञानतासिद्ध गर्छ। पहिलो कुरा परिवर्तन हुने विषय हो। आफू परिवर्तन हुन सकिन्छ अरूलाई गराउन सकिँदैन। दोस्रो कुरा परिवर्तन हुनेले परिवर्तनपछि गर्ने योजना पहिल्यै बनाएको हुन्छ। नेपाली जनताले पुरानो व्यवस्थाबाट मन बदले गणतन्त्र ल्याउन आन्दोलन गर्ने योजना बनाए, आन्दोलन गरे, गणतन्त्र आयो। नेताहरूले गणतन्त्र आएपछि गर्ने योजना बनाएको देखिएन। आचरण र कार्यशैली पनि पुरानो आत्मकेन्द्रित अपनाए। जनताको गणतान्त्रिक मन नेताहरूबाट अभिव्यक्त हुन सकेन, उल्टै बाझियो। जबसम्म परिवर्तन गरिदिएका हौं भन्ने नेताहरूको अज्ञानतालाई परावर्तन हुने हो भन्ने ज्ञानले हटाउँदैन तबसम्म विगतका जस्तै हजारौं क्रान्ति र आन्दोलन गरे पनि अवस्था सुधिदैन थप बिग्रिन्छ।

क्रान्ति र आन्दोलनका कुरा गर्ने पार्टीहरूको पार्टी सत्ताले उनीहरूकै पार्टी सदस्यमाथि काखापाखा गरेर शोषण गरेको आवाज बाहिर आएको छ। नेताहरूमा रहेको आफ्नो स्वार्थअनुसार पार्टी चलाउने पुरानो सोच र शैलीविरुद्ध नेता स्वयंले क्रान्ति गर्नुहोस्। क्रान्ति घटित भएर सेवाभावमा पार्टी चलाउने बन्नुहुनेछ। त्यसपछि पार्टी सत्ता स्वतः राम्रो भई पार्टीले जनविश्वास हासिल गर्ने र नेतालाई राज्यसत्ता सञ्चालनको अवसर मिल्नेछ।

अध्यात्मभित्र आध्यात्मिक ज्ञान र योग, प्राणायाम र ध्यान दुवै पर्दछ। अनुभव र अनुभूति ज्ञान हो भने विद्यालय र विश्वविद्यालयबाट प्रदान गरिने शिक्षा जानकारी मात्र हुन्। योगाभ्यासले मनमा सकारात्मक सोच र सुविचारको उदय गराउँछ। सकारात्मक सोच र सुविचारले मानिसमा सत्यता, स्वाध्याय, निरहंकारिता, क्षमाशीलता, सर्वकल्याण भाव, सेवाभाव, मधुरवाणी, लक्ष्यसँग एकाकार र मुमुक्षाजस्ता नवगुण विकसित हुन्छन्। यी नवगुणको विकासले मानिस उच्च चरित्रको आदर्शवान व्यक्तित्वमा रूपान्तरण हुन्छ।

रिक्तता मेट्ने 'अल वी इम्याजिन एज लाइट'

सिनेमा



प्रेमीबारे कसैलाई भन्न सक्ने हिम्मत छैन।

पार्वतीले मुम्बईमा लामो समय संघर्ष गरिन्। तर बसिआएको अपार्टमेन्ट छाड्नुपर्ने परिस्थितिमा पुगेकी उनीसँग अब यो सहरप्रति अपेक्षाभन्दा घृणा धेरै छ।

विश्वको प्रतिष्ठित 'कान्स फिल्म फेस्टिभल'मा ग्रान्ड जुरी अवार्ड जितेको यो चलचित्र काठमाडौंमा दुई साताअघि 'नेपाल अन्तर्राष्ट्रिय मानव अधिकार चलचित्र महोसत्व'मा देखाइयो। निर्देशक कपाडियासँग वृत्तचित्रको लामो अनुभव छ। उनले कलाकारको बेजोड अभिनयसँगै व्यस्त सडक, भिडभाडयुक्त रेल र विविध भाषा-संस्कृतिमार्फत मुम्बईको चित्र उतारेकी छिन्।

मुम्बईमा समुद्र र झरीबाहेक प्राकृतिक कुरा बिरलै देखिन्छन्। मानवनिर्मित अजंगका संरचना छन्। ती अपार्टमेन्टमा चौबिसै घण्टा बत्ती बलिरहन्छन्। तर भुइँ अँध्यारो छ। त्यहाँका मानिसहरू उदास छन्। पार्वतीको कोठामा बत्ती काटिएको छ। एउटा दृश्यमा पार्वती भन्छिन्, 'मानिसले अब यी ठूला भवनलाई नै देउता मान्नेछन्।'

सहर स्वार्थी रहेको निष्कर्षमा पुग्न उनले लामो समय संघर्ष गर्नुपऱ्यो। वर्षौंसम्म अस्पतालमा रहेकाहरूलाई मीठो खाना खुवाए पनि नजिकैको रेस्टुरेन्टमा छिर्ने हिम्मत उनीमा कहिल्यै आएन।

प्रभाले उनका रहर पूरा गर्ने प्रयास गर्छिन्। अनुलाई पनि सहयोग गरिरहेकै हुन्छिन्। लाग्छ, अरूका दुःखमा हात फैलाएर प्रभा आफ्नै दुःखबाट भाग्ने कोसिस गरिरहेकी छिन्।

यी पात्रहरूमार्फत पितृत्तसत्तात्मक समाजमा महिलाहरू कसरी आफ्ना भावनालाई लुकाएर बाँच्छन् भन्ने पनि निर्देशकले देखाएकी छिन्। ठुला अस्पताल, सुविधासम्पन्न भवन, बुलेट रेल, राम्रा रेस्टुराँलगायत सुविधा सहरका विशेषता हुन्। तर, यहाँ सामूहिकता छैन। पैसा र जागिरले मानिसको हैसियत र इज्जत प्रतिष्ठा निर्धारण गर्छ। यहाँ चौबिसै घण्टा खटिँदा पनि कुनै जस पाइँदैन। समग्रमा, गाउँजस्तो सुखी सहर छैन।

थोरै टाढाको गाउँ अझै सामूहिकतामा बाँचेको छ। पार्वती, प्रभा र अनुजस्ता निस्वार्थी मानिसहरू त्यहाँ निस्फिक्री रमाउन सक्छन्। यहाँका साना होटेलमा थोरै बिल तिरेर धेरै समय बिताउन पाइन्छ।

● अन्वेषण अधिकारी

झ्याप्पै !



रवि मिश्र
@rabimishra



मनमोहन सिंहलाई कसरी सम्झने ?

राजाको प्रत्यक्ष शासन, दोस्रो जनआन्दोलनदेखि गणतन्त्रसम्म नेपालसँग सम्बन्धको नालीबेली

सम्झना



● पर्शुराम काफ्ले



०६१ माघ १९ मा राजा ज्ञानेन्द्रले सत्ता आफैँ लिएपछि सिंह खुसी थिएनन् । सिंहले पछिसम्म राजा ज्ञानेन्द्रलाई मन्त्रिपरिषद्को अध्यक्ष नरहन र प्रधानमन्त्री नियुक्त गर्न अनुरोध गरे, उनले वचनसमेत दिए, तर कार्यान्वयन गरेनन् ।

भारतको प्रधानमन्त्री हुँदा डा. मनमोहन सिंहले नेपालको भ्रमण गरेनन् । उनको कार्यकालमा छिमेकी नेपालले राजसंस्थाबाट गणतन्त्रमा पाइला टेक्यो, उनले अन्तिम राजा ज्ञानेन्द्र शाहसँग र प्रथम राष्ट्रपति डा. रामवरण यादवसँग अन्तर्क्रिया गरे । बिहीबार राति निधन भएका सिंहसँग प्रधानमन्त्रीका रूपमा गिरिजाप्रसाद कोइराला, डा. बाबुराम भट्टराई, पुष्पकमल दाहाल प्रचण्ड, माधवकुमार नेपाल, सुशील कोइराला, शेरबहादुर देउवाले भेटवार्ता गरे भने उनले राजाका रूपमा ज्ञानेन्द्र शाह र राष्ट्रपति डा. रामवरण यादवसँग छलफल गरे । सिंहसँग उपप्रधानमन्त्री तथा प्रधानमन्त्रीको हैसियतमा वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले भेट्ने अवसर पाएका थिए । डा. भट्टराईले भने प्रधानमन्त्रीबाट हटेपछि पनि सिंहसँग भेटेका थिए ।

सिंह सन् २००४ मे २२ देखि २०१४ मे २६ सम्म भारतका प्रधानमन्त्री रहे । त्यहीबिचमा नेपालमा माओवादी द्वन्द्वको उत्कर्षदेखि मूलप्रवाहीकरण भयो, जनआन्दोलनको बलमा राजसंस्थाको अन्त्य र गणतन्त्रको स्थापना भयो । राजनीतिक परिवर्तनको पृष्ठभूमि नयाँदिल्लीमा ०६२ मंसिरमा टुंगिएको सात दल र माओवादीबिचको १२ बुँदे समझदारी थियो । नेपालमा जनआन्दोलन उत्कर्षमा पुगेका वेला उनले डा. करण सिंहलाई विशेष दूतका रूपमा नेपाल पठाए र राजालाई सत्ता हस्तान्तरणका लागि तयार गरे । मनमोहन सरकारको सदासयताका कारण सात दल र माओवादीबिच छलफल र लोकतन्त्र स्थापनाका लागि समझदारीका लागि दिल्ली सहज भएको नेपाली नेताको अनुभव छ । सिंहकै कार्यकालमा नेपालको राजनीतिक उथलपुथल भयो । नेपालको लोकतन्त्र स्थापनामा सिंह नेतृत्वको सरकारको हार्दिक सहयोग रह्यो ।

सन् २००६ मा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको भारत भ्रमणका क्रममा प्रधानमन्त्री रहेका सिंहले कोइरालालाई दिल्लीस्थित इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा आफैँ पुगेर स्वागत गरेका थिए भने कोइरालालाई दक्षिण एसियाका महान् नेता भनेका थिए । प्रधानमन्त्री कोइरालाको आग्रहमा सिंहले नेपाललाई सैन्य ऋणबापतको एक अर्ब ७२ करोड रुपैयाँ मिनाहा गरेका थिए । कोइरालाले छलफलका क्रममा यो रकम मिनाहा गरिदिन आग्रह गरेलगत्तै सिंहले तत्कालीन विदेशमन्त्री (पछि राष्ट्रपति) प्रणव मुखर्जीलाई मिनाहा प्रक्रिया अघि बढाउन निर्देशन दिए । कोइराला दिल्लीमै रहेका वेला भारत सरकारले उक्त रकम मिनाहा भएको जानकारी दिएको थियो ।

सिंहले २००४ मे २२ मा पहिलोपटक प्रधानमन्त्री भएको दुई साताभित्रै विदेशमन्त्री के नटवर सिंहलाई नेपाल पठाएका थिए । विदेशमन्त्री सिंहले जुन ४ र ५ मा नेपालको औपचारिक भ्रमण गरे । उनी विदेशमन्त्री भएपछिको पहिलो विदेश भ्रमण थियो । उनले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई भारत भ्रमणका लागि निमन्त्रणा दिएका थिए र चाँडै स्वागतका लागि प्रतीक्षारत रहेको बताएका थिए । प्रधानमन्त्री देउवा र सिंहबिच बैंककमा बिमस्टेक सम्मेलनमा सहभागी हुने क्रममा पहिलोपटक वार्ता भएको थियो । सिंहले माओवादी समस्या समाधानका लागि नेपाल सरकारको प्रयासलाई भारतले सघाउने वचन दिएको देउवाले अगस्ट ३ मा काठमाडौँ फर्केर पत्रकारलाई भनेका थिए ।

प्रधानमन्त्री देउवालाई उनले दिल्लीको हैदराबाद हाउसमा सेप्टेम्बर ९, २००४ मा स्वागत गरेका थिए । उनले दिवाभोजका क्रममा भनेका थिए, 'हाम्रो सरकारले नेपालसँग सम्बन्ध विकासलाई उच्चतम प्राथमकितामा राखेको छ । समानता र पारस्परिक सम्मानका आधारमा सम्बन्धलाई थप विकास गर्न हामी प्रतिबद्ध छौँ । नेपालले सामना गरेको चुनौतीलाई परास्त गर्न भारतले सहयोग गर्नेछ ।'

प्रधानमन्त्री देउवासँग छलफलमा बाढी नियन्त्रण र व्यवस्थापनका लागि विस्तृत मास्टरप्लान (गुरुयोजना) बनाउनुपर्नेमा उनको जोड थियो । नेपालमा विकास कार्य निरन्तर हुनेछन् । सिंहले माओवादीविरुद्ध नेपाल सरकारको कदमका लागि सैन्य र अन्य सहयोगको प्रतिबद्धता जनाएको देउवाले काठमाडौँ फर्केर पत्रकारहरूलाई बताएका थिए । त्यही वेला रक्सोल-अमलेखगन्ज पेट्रोलियम पाइपलाइन निर्माणबारे छलफल भएको थियो र नरेन्द्र मोदीको कार्यकालमा यो परियोजना सम्पन्न भएर पेट्रोलियम पदार्थ आउन थालिसकेको छ । तत्कालीन प्रधानमन्त्री देउवाले १९५० को नेपाल-भारत सन्धिको पुनरावलोकन, जलस्रोतको विकास तथा व्यापार र पारवहन सन्धिको कार्यान्वयनबारे सिंहसँग छलफल गरेका थिए ।

देउवा र सिंहको छलफलका क्रममा दुई देशबिच सेनाका विषयमा कुराकानी गर्ने संयन्त्र गठन भएको थियो, जसको नाम हो- सुरक्षा मामिलामा नेपाल भारत संयुक्त परामर्श समूह । यसको नेतृत्व परराष्ट्र मन्त्रालयका सहसचिवले गर्दै आएका छन् । उनीहरूबिच सुपुर्दगी सन्धिदेखि आपसी कानुनी सहायता सन्धिको मस्यौदा छिट्टै टुंग्याउने सहमति भएको थियो । यो छलफल अहिले पनि जारी छ ।

राजा ज्ञानेन्द्रसँग वार्तादेखि गणतन्त्रसम्म

०६१ माघ १९ मा राजा ज्ञानेन्द्रले सत्ता आफैँ लिएपछि सिंह खुसी थिएनन् । सिंहले पछिसम्म राजा ज्ञानेन्द्रलाई मन्त्रिपरिषद्को अध्यक्ष नरहन र प्रधानमन्त्री नियुक्त गर्न अनुरोध गरे, उनले वचनसमेत दिए, तर कार्यान्वयन गरेनन् ।

सिंह र राजा ज्ञानेन्द्रबिच २३ अप्रिल २००५ मा इन्डोनेसियाको जकार्तामा भेट भयो । राजा ज्ञानेन्द्रको आग्रहमा भेट भएको थियो । उनले राजनीतिक प्रक्रिया थाल्न अनुरोध गरेका थिए । राजाले प्रत्यक्ष शासन सुरु गरेको दुई महिनापछिको भेट थियो । राजा एक्लै थिए भने सिंहले विदेशमन्त्री के नटवरलाई राखेका थिए । परराष्ट्रमन्त्री रमेशनाथ पाण्डेलाई राजाले बैठकमा राखेनन् । राजाले वार्तापछि पत्रकारहरूलाई प्रतिक्रिया दिएर वार्ताको विषयवस्तु बेलीविस्तार लगाए । भारतीय पक्ष राजासँग भएको विषय गोप्य राख्न चाहन्थ्यो, राजा आफैँले छरपष्ट पारिदिए । भारतले नेपाली सेनालाई हतियार रोकेको थियो । तर, उक्त वार्तामा भारतीय प्रमले सेनालाई हतियार उपलब्ध गराउने वचन दिएको राजाले सार्वजनिक गरिदिए । यो विषय सार्वजनिक भएपछि प्रधानमन्त्री सिंहलाई दिल्लीमा अप्ठेरो परेको थियो । उनले हतियार उपलब्ध गराउन सकेनन् । सिंहले दलहरूसँग संवाद अघि बढाउने र लोकतन्त्र पुनर्स्थापित गर्ने प्रक्रिया अघि बढाउन राजा ज्ञानेन्द्रलाई अनुरोध गरेका थिए । राजाले सहमति जनाए, यद्यपि पूरा भएन ।

राजा ज्ञानेन्द्र र प्रधानमन्त्री सिंहबिच सार्क शिखर सम्मेलनका क्रममा ढाकामा साइडलाइनमा २००५ नोभेम्बर १३ मा वार्ता भयो । उक्त वार्तामा पनि सिंहले राजनीतिक दलहरूसँग संवाद प्रक्रिया अघि सारेर मात्रै लोकतन्त्रको पुनर्स्थापना सम्भव हुने धारणा राखेका थिए । राजाले बहुदलीय प्रजातन्त्र पुनर्स्थापनाका लागि राजनीतिक दलहरूसँग संवाद प्रक्रिया अघि बढाउने बचनबद्धता जनाएका थिए ।

राजा ज्ञानेन्द्रको २००४ डिसेम्बर २३ देखि २००५ जनवरी २ सम्मको औपचारिक भारत भ्रमण तय भएर पनि रद्द भयो । कारण थियो, २३ डिसेम्बरमा भारतीय पूर्वप्रधानमन्त्री पिभी नरसिंह रावको निधन ।

०६२/६३ को जनआन्दोलन उत्कर्षमा पुगेपछि सिंहले सत्ता दलहरूलाई हस्तान्तरण गर्न अनुरोधसहित चिठी पठाए । चिठी लिएर जम्मु कस्मिरका तत्कालीन युवराज एवं कंग्रेस विदेश विभाग प्रमुख रहेका नेता डा. करण सिंह काठमाडौँ आए । उनले ७ वैशाख ०६३ मा राजा ज्ञानेन्द्रलाई नारायणहिटी राजदरबारमा भेटे । राजाले ८ वैशाखमा प्रधानमन्त्री सिफारिस गर्न आन्दोलनरत दललाई अनुरोध गरे, तर दलहरूले आन्दोलन रोकेनन् ।

डा. सिंहले राजासँगको भेटबारे यो पंक्तिकारसँग दिल्लीमा भनेका थिए, 'प्रधानमन्त्रीका रूपमा मेरो सन्देश यत्ति थियो, प्लिज ह्यान्ड ओभर द पावर टु द सेभेन पार्टिज ।' अर्थात्, सात दलीय गठबन्धनलाई सत्ता हस्तान्तरण गरिदिनुस् । राजाले शक्ति हस्तान्तरण गरिदिए । डा. सिंहले भनेका थिए, 'त्यसभन्दा अगाडिको राजनीतिक ढाँचाका विषयमा मैले कुरा गरेको थिइनँ ।'

बिप्पादेखि इपिजीसम्म

भारतसँग ०६८ कात्तिक ४ गते नयाँदिल्लीमा द्विपक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता (बिप्पा) भएको थियो । प्रधानमन्त्री डा. बाबुराम भट्टराईको भारत भ्रमण (३-६ कात्तिक, २०६८)का वेला बिप्पामा नेपालका तर्फबाट उद्योगमन्त्री अनिलकुमार झा र भारतका तर्फबाट उद्योगमन्त्री (पछि राष्ट्रपति) प्रणव मुखर्जीले हस्ताक्षर गरेका थिए । प्रधानमन्त्री भट्टराई र भारतीय प्रधानमन्त्री मनमोहन सिंहको उपस्थितिमा बिप्पामा हस्ताक्षर भएको थियो । तर, हस्ताक्षरपछि माओवादीमा त्यसको विरोध भयो । त्यसवेला परराष्ट्रमन्त्री रहेका नारायणकाजी श्रेष्ठ नै बिप्पाप्रति सन्तुष्ट थिएनन् । यद्यपि, सर्वोच्च अदालतले बिप्पा कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएपछि त्यो सम्झौतामा सीमित रह्यो ।

भट्टराईको प्रयासमा नेपाल-भारत सम्बन्धको पुनरावलोकन गर्न प्रबुद्ध व्यक्ति समूह गठन गर्ने सहमति त्यसवेला भएको थियो । 'मैले उहाँलाई इपिजीमार्फत् सम्बन्धको पुनरावलोकन गरौँ भन्ने प्रस्ताव गरेँ, उहाँ सहमत हुनुभयो,' एक भेटमा भट्टराईले सिंहसँग वार्ताबारे यो पंक्तिकारलाई सुनाए । बिप्पा, इपिजी तथा दोहोरो करमुक्तिको सम्झौतालाई भट्टराईले मनमोहन सिंह प्रधानमन्त्री हुँदा दुई देशको सम्बन्धमा भएको कोसेढुंगा मानेका छन् । इपिजी मोदी सरकारका पालामा अघि बढ्यो, तर प्रतिवेदन दराजमा थन्किएको छ ।

माल्दिभ्समा सन् २०११ नोभेम्बरमा आयोजित सार्क शिखर सम्मेलनका क्रममा पाकिस्तानी प्रधानमन्त्री युसुफ राजा गिलानी र भारतीय प्रधानमन्त्री सिंहसँगै भएको कुराकानी उनले फेसबुकमा सेयर गरेका छन् । 'मैले ठट्टैठट्टामा दुवैजनाको अगाडि भारत र पाकिस्तानको सम्बन्ध कस्तो रहन्छ भन्ने कुराले नै सार्कको भविष्य तय गर्ने हुनाले तपाईंहरूले राम्रो बनाउन मिहिनेत गर्नोस्, सार्कका बाँकी हामी सबैले सघाउँछौँ भनेको तर सार्क अहिले मृतप्रायः भएको देख्दा पीडाबोध हुन्छ,' भट्टराईले लेखेका छन् । भट्टराईले यो पनि सेयर गरेका छन्, 'डा. मनमोहन सिंह र बंगलादेशकी तत्कालीन प्रम शेख हसिनासँग सन् २०१२ अगस्त ३०-३१ मा इरानको राजधानी तेहरानमा भएको असंलग्न राष्ट्रहरूको शिखर सम्मेलनका क्रममा भेट हुँदा नेपालको जलविद्युत् भारत हुँदै बंगलादेश निर्यात गर्नेबारे गम्भीर कुराकानी भएको र उहाँहरू दुवै सकारात्मक रहेको विशेष सम्झना हुन्छ ।'

मनमोहन सिंहले प्रधानमन्त्री भट्टराईको सम्मानमा दिल्लीको हैदराबाद हाउसमा आयोजित दिवाभोजमा भनेका थिए, 'हामीले बुझ्नुपर्छ कि एक-अर्कालाई सहयोग गर्नु भनेको हामी आफैँलाई मद्दत गर्नु हो । हाम्रो समृद्धि, सुरक्षा र कल्याण अन्तरसम्बन्धित छ । नेपाल शान्ति, स्थायित्व र बहुदलीय लोकतन्त्रको खोजीमा निर्णायक चरणबाट गुज्रिरहेको छ । यो प्रक्रियामा विदेशी हस्तक्षेप हुनुहुँदैन । नेपाली जनताले विगतमा भैँ आफ्नो निर्णय आफैँ लिनुपर्छ र अझ सुदृढ हुनुपर्छ ।'

मनमोहन सिंह प्रधानमन्त्रीबाट हट्दै गर्दा नेपालमा सुशील कोइराला प्रधानमन्त्री थिए । कोइराला प्रधानमन्त्री भएलगत्तै सिंहले पठाएको बधाई सन्देशमा भनिएको छ, 'तपाईंको विवेकपूर्ण नेतृत्व र मार्गदर्शनले नेपालमा स्थायित्व र आर्थिक विकासलाई मजबुत बनाउने तथा सबै पक्षको व्यापक सहमतिका आधारमा नयाँ संविधान जारी गर्ने वातावरण निर्माण हुनेमा म विश्वस्त छु ।' मोदीले पनि नेपाल भ्रमणमा आउँदा सबै पक्षको व्यापक सहमतिका आधारमा संविधान जारी गर्न सुझाएका थिए ।

सन् २०१४ मार्चमा प्रधानमन्त्री कोइराला र सिंहबिच म्यानमारको राजधानी न्यापितमा आयोजित बिमस्टेक सम्मेलनको साइडलाइनमा भेट भएको थियो । सिंहको त्यो प्रधानमन्त्रीका रूपमा अन्तिम विदेश भ्रमण थियो भने प्रधानमन्त्रीका रूपमा कोइराला र सिंहको पनि अन्तिम भेट थियो ।

उद्धारकर्ता 'मिश्रण दाइ'

समाज



● शिवहरि घिमिरे

ललितपुरको पर्यटकीय क्षेत्र फुल्चोकी जाने पर्यटक कुर्न बिहानैदेखि उनी गोदावरी बसपार्क आइपुग्छन् । कोही झोला बोकेका व्यक्ति वा समूह देखे कहाँ जाने भनेर सोध्छन् । युवायुवती मोटरसाइकल हुइँक्याएर बसपार्कबाट उकालो चढ्दै छन् भने हात दिएर रोक्छन् । अनि फुल्चोकी जाने बाटो देखाउँछन् । फुल्चोकी जाँदा धेरै पर्यटक बाटो बिराएर हराउने घटना भइरहेकाले उनी बाटो देखाउने मात्र होइन सचेतसमेत गराउँछन् । उनी हुन्, काभ्रेपलाञ्चोक रोशी स्थायी घर भई ललितपुरको गोदावरी- ३ बस्ने ४१ वर्षीय दावा तामाङ ।

पेसाले दावा चालक हुन् । गोदावरी बसपार्क क्षेत्रमा उनलाई 'मिश्रण दाइ' भनेर बढी चिन्छन् । बसपार्कनजिकै रहेको निजी स्कुलको गाडी चलाउने उनी अधिकांश समय बसपार्कमा भेटिन्छन् । बिहान एक घण्टा र बेलुकी एक घण्टा स्कुलको गाडी चलाउने उनी अन्य समय पर्यटकहरूलाई बाटो देखाउनमै व्यस्त हुन्छन् । गाडी चलाउँदै आएका उनलाई बाँकी समय पर्यटकलाई बाटो देखाउँदा आनन्द लाग्छ । 'मैले कुनै फाइदा लिएर यो काम गरेको त होइन, तर मलाई यो काममा रहर छ, कसैलाई बाटो देखाउनु पनि समाजसेवा हो, कैयौँ व्यक्तिहरू जंगलमा हराउने गरेकाले बाटो देखाउँदै आइरहेको छु,' तामाङ भन्छन्,'पर्यटकलाई बाटो देखाउँदा जति आनन्द आउँछ, त्यति आनन्द गाडी चलाउँदा आउँदैन ।'

दावा बिहान ९-१० र बेलुकी ३-५ बजे स्कुलको गाडी चलाउँछन् अन्य समय बसपार्कमा चिया पिउँदै फुल्चोकी र गोदावरी क्षेत्रमा आएका पर्यटकहरूसँग गफिन्छन् ।

पर्यटकसँग कुरा गर्न रुचाउने दावा ०७२ देखि फुल्चोकी र गोदावरीबिचमा रहेको जंगलमा हराउने पर्यटकलाई बाटो देखाउँदै आइरहेका छन् । उनले कुन बाटोबाट फुल्चोकी निस्कने र कहाँ-कहाँ अप्ठ्यारो छ भनेर पर्यटकलाई जानकारी दिन्छन् । पर्यटकहरूले बाटो भुल्लान् भन्ने चिन्ता उनलाई हरेक दिन हुन्छ । यदि कोही पर्यटक हराए भने उद्धारकर्ता पनि उनी नै हुन् । पर्यटकहरूले बाटो बिर्सिएमा नेपाल प्रहरीलाई जानकारी गराउँछन्, तर नेपाल प्रहरीले पनि दावाको सहयोग नलिई एक्लै उद्धार गर्न सक्दैन ।

गोदावरी र फुल्चोकीबिचमा निकै घना जंगल छ । यो जंगलसँग प्रहरी पनि डराउँछन् किनभने हराएका पर्यटक खोज्न गएका प्रहरीले समेत बाटो बिर्सिएका थिए । त्यसैले दावा तामाङ प्रहरीका लागि पनि जंगलको बाटो देखाउने व्यक्ति हुन् । बाडेगाउँ प्रहरी प्रभागका इन्सपेक्टर अस्मिता कपालीले दावाका कारण पुल्चोकी क्षेत्रमा फसेका तथा अड्किएका मानिसको उद्धारमा सहज भएको बताउँछिन् । 'उहाँलाई यो क्षेत्रको जंगल कण्ठ छ, हरेक बाटाहरू चिन्नुभएको छ, कोही मानिस हराएको वा बाटो बिर्सेको भनेर खबर आउँछ,' उनी भन्छिन् 'प्रहरीले पनि लोकेसन पत्ता लगाउन नसकेको अवस्थामा उहाँले पत्ता लगाउनुहुन्छ, उहाँ जंगलको विज्ञ नै हो ।' उनका अनुसार फुल्चोकी



तामाङको सहयोगमा प्रहरीले फुल्चोकीको जंगलबाट उद्धार गरेका युवा ।

हिँडेका युवाहरू जंगलको बाटो जाँदा हराउँछन् । उनीहरू हिँड्दाहिँड्दै गलत बाटो र घना जंगलमा पुगेपछि अलपत्र पर्छन् । त्यसपछि जंगलबाट फोन हान्छन् । त्यसपछि प्रहरीले दावालाई फोन गर्छ । दावा २४सैँ घण्टा हाजिर हुन्छन् । 'हामीले फोन गर्दा उहाँ जेतिवेला पनि जंगल जान तयार हुनुहुन्छ, प्रहरीले मात्रै एक्लै खोजी गर्न कठिन हुन्छ, त्यस्तो अवस्थामा दावाको सहयोग हामीलाई निकै महत्त्वपूर्ण छ, प्रहरीको काम उहाँले पनि गर्नुभएको छ,' कपालीले भनिन् ।

गोदावरी बसपार्कदेखि फुल्चोकी डाँडा १३ किमिमाथि छ । फुल्चोकी जाने मोटरबाटो भए पनि धेरैजसो पर्यटकहरू हिँडेरै जान रुचाउँछन् । अझ समूहमा आएकाहरू गफ गर्दै जंगलको बाटो जाग्छन् । हिँडेर जाँदा चार-पाँच घण्टामा फुल्चोकी पुगिन्छ । हिँडेर फुल्चोकी जाँदा सुरुको आठ किलोमिटरसम्म त सिँडीसहितको बाटो भेटिन्छ । त्यसपछि भने अलमलिने किसिमका गोरेटा छन् । जहाँ पर्यटकहरू झुक्किन्छन् र हराउँछन् । पर्यटकहरू जंगलको बिचमा पुगेपछि बाटो रोज्न नजान्दा हराउने गरेको तामाङ बताउँछन् । 'पर्यटक हराउने आफ्नै कारणले हो, किनभने उहाँहरू बाटो रोज्न जान्नुहुन्न, फर्किएर आउँदा पनि कुन बाटो गएको हो भनेर बिर्सनुहुन्छ,' उनी भन्छन्, 'कम्तीमा बाटो नबिर्सिने र मुख्य बाटो पत्ता लगाएर हिँड्ने हो भने हराउने सम्भावना हुँदैन ।'

उनले अहिलेसम्म उद्धार गरेका सबै व्यक्ति र समूहलाई याद गर्न भने सक्दैनन् । तर ६ वर्षअघि पुसको समयमा हराएर आफैँले खोजी गरेको एउटा समूहलाई भने उनी सम्झिन्छन् । उक्त समूहमा चार-पाँचजना व्यक्ति रातभरि पानीमा भिजेका थिए, कोही चिप्लिएर छागोमा समेत खसेका थिए । बाटो भुलेर अलपत्र परेका उनीहरूलाई तामाङले उद्धार गरे । यसरी उनले ६२ भन्दा बढी ग्रुपलाई उद्धार गरिसकेका छन् ।

तामाङका अनुसार दैनिक सयदेखि दुईसयसम्म पर्यटकहरू फुल्चोकी जान्छन् । जुन दिन तामाङले सचेत गराएका हुन्छन् वा बाटो देखाएका

प्रहरीसँग हरेक दिन सम्पर्कमा हुन्छन्, दावा । पानी परेको, हिउँ परेको र कोही बेलुकीसम्मै नफर्केको थाहा पाएमा प्रहरीलाई खबर गर्छन् । उनले हालसम्म तीन सयभन्दा धेरै पर्यटकको उद्धार गरिसकेका छन् ।



दावा तामाङ

हुन्छन् सो दिन पर्यटकहरू हराउँदैनन् । तर, नसोधी आफूखुसी हिँड्नेहरू हराउँछन् । 'धेरै पर्यटकहरू नसोधी जानुहुन्छ, कतिपयलाई गुगल म्यापको विश्वास हुन्छ, तर म्यापले पनि गलत बाटो देखाइरहेको हुन्छ,' तामाङ भन्छन्, 'फुल्चोकी यदि पैदलै जाने हो भने सोधेर जान अनुरोध गर्छु ।' हरेक दिन गोदावरी बसपार्क पुगेर बाटो बताइदिने उनी महिनाको चार-पाँचपटक फुल्चोकी पुग्छन् । अन्य पर्यटकलाई चार-पाँच घण्टा समय लाग्छ भने उनी दुई घण्टामा पुग्छन् । आफ्नो हिँड्ने बानी भएको र सर्टकर्ट बाटो प्रयोग गर्ने भएकाले छिटो पुग्ने गरेको तामाङ बताउँछन् । 'मलाई हिँड्ने बानी परेको छ, कहिलेकाहीँ पर्यटकहरूसँग हिँड्दा उहाँहरू भेटाउन सक्नुहुन्न,' उनी भन्छन्, 'हिँड्ने बानी भएपछि शरीर पनि फुर्तिलो हुने रहेछ ।'

तामाङका अनुसार धेरै पर्यटकले गुगल म्याप हेरेर छिटो पुग्ने आसमा छोटो बाटा रोज्छन् । जनावरहरू हिँड्दा बनाएको गोरेटोबाट हिँड्छन् ।

तर, त्यसो गर्दा गन्तव्यमा पुग्ने सम्भावना नभएको तामाङ बताउँछन् । 'गुगल म्याप हेर्ने र सटकट बाटो प्रयोग गर्नेहरू धेरे हराउने गरेका छन्,' उनी भन्छन्, 'जसले मुख्य बाटो नछाडि हिड्छ उ हराउँदैन तर सटकट प्रयोग गर्नेहरू हराउँछन् ।' तामाङको उद्धार कार्यले पर्यटकीय क्षेत्रमा ठुलो टेवा पुगेको भन्दै गोदावरी- ३ ले पनि उनलाई टर्च दिएको छ । वडाध्यक्ष सानुराजा घिमिरेले तामाङका कारण बाटो बिर्सिएका पर्यटकलाई खोजी गर्न सहज भएको बताउँछन् । तामाङलाई जंगलमा हिँड्न रुचि लाग्छ । वन्यजन्तुसँग रमाउँदै पात बजाउँदै जंगल हिँड्नुको मजा बेग्लै रहेको उनी बताउँछन् ।

जंगलमा हराएकालाई उद्धार गर्न सजिलो छैन । कुन बाटो गएर हराएका हुन् त्यसबारे पत्ता लगाएपछि मात्रै उद्धार गरिन्छ । अधिकांश पर्यटक हराउने समय नै साँझपख हो । बाडेगाउँ प्रहरी प्रभागलाई हराउने पर्यटकहरूबाट अधिकांश फोन साँझपख नै आउँछन् । रातिको वेला टर्च बालेर प्रहरीको टोली उद्धारका लागि उकालो लाग्छ । तर, तामाङविना प्रहरी टोलीले पर्यटक खोज्ने मेसो नै पाउँदैन ।

दावा जंगलमा रहेका रुखको नाम मात्रै भने पनि ठाउँ पत्ता लगाउँछन् । कुन रुख र कस्तो रुख कहाँनिर छ, कस्तो बाटा वा ठाउँ कहाँ छ भन्ने जानकारी तामाङलाई छ । 'मलाई कसैले एउटा रुखको मुनि लगेर छाड्यो भने पनि पत्ता लगाउन सक्छु, किनभने यो जंगलसँग म १५-२० वर्षदेखि परिचित छु,' उनी भन्छन्, 'पर्यटकहरूले यस्तो रुख वा बाटो भएको ठाउँमा छु भनेपछि मैले पत्ता लगाउन सक्छु ।'

७ पुसमा ६ जना र सातजनाको दुई समूह यही जंगलमा हरायो । प्रहरीलाई ८ गते राति खबर आयो । प्रहरी र दावासहितको टोली पुगेर उनीहरूलाई उद्धार गरेको थियो । दावा प्रहरीसँग हरेक दिन सम्पर्कमा हुन्छन् । पानी परेको, हिउँ परेको वा कोही उल्टो बाटो गएको देखेमा प्रहरीलाई खबर गर्छन् । कोही व्यक्ति बेलुकीसम्म फर्केनन् भने प्रहरीलाई नै लिएर जान्छन् । उनले हालसम्म ६५ समूहसहित तीन सयभन्दा धेरै पर्यटकको उद्धार गरिसकेका छन् । दावाको कारण उद्धारमा सहज भएको ललितपुरमा प्रहरी प्रमुख एसएसपी शेखर खनाल बताउँछन् । सोहीकारण गत आइतबार उनलाई जिल्ला प्रहरी परिसरको टोलीले सम्मान गऱ्यो । 'उहाँले जंगलमा हराएका तीन सयभन्दा धेरैको खोजीमा हामीलाई निस्वार्थ रूपमा सघाउनुभएको छ, त्यसैले उहाँलाई हामीले हौसला र सम्मानस्वरूप कदर गरेका हौँ,' एसएसपी खनाल भन्छन् ।

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार १३ पुस ०८१

पाँच महिनामा लुम्बिनीको पुँजीगत खर्च साढे १० प्रतिशत मात्रै

■ दुई मन्त्रालयको शून्य, चारको ३ प्रतिशतभन्दा कम पुँजीगत खर्च ■ पाँच महिनासम्म पनि मन्त्रिपरिषद् अपूर्ण

बुटवलमा **विष्णुप्रसाद घिमिरे**

लुम्बिनी प्रदेश सरकारले चालू आर्थिक वर्षको पाँच महिनामा पुँजीगततर्फ जम्मा साढे १० प्रतिशत मात्रै बजेट खर्च गरेको छ। प्रदेशका दुई मन्त्रालयले यो अवधिमा पुँजीगततर्फ एक रुपैयाँ पनि खर्च गर्न सकेका छैनन् भने चारवटा मन्त्रालयको पुँजीगत खर्च ३ प्रतिशतभन्दा पनि कम देखिएको छ।

साउनको पहिलो साताबाट प्रदेश सरकारको नेतृत्व गरेका एमालेका चेतनारायण आचार्यले मन्त्रिपरिषद्लाई अझै पूर्णता दिन सकेका छैनन्। मन्त्री पाएका मन्त्रालयहरूको पनि बजेट खर्च अत्यन्त न्यून छ। लामो समयसम्म मन्त्रीविहीन मन्त्रालयको पुँजीगत खर्च शून्य रहेको छ। प्रदेश लेखा नियन्त्रण कार्यालय लुम्बिनीका अनुसार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालयको पुँजीगत खर्च शून्य नै रहेको छ। यीमध्ये महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालय साउनयता मन्त्रीविहीन बन्यो। गत कात्तिक ४ गते मन्त्रिपरिषद् बैठकले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई सामाजिक विकास मन्त्रालयमा गाभ्ने र युवा तथा खोलकुद मन्त्रालय बनाउने निर्णय गरेको थियो। सामाजिक विकासमन्त्री र आन्तरिक मामिला तथा कानुनमन्त्री कात्तिकमा मात्रै नियुक्त भएका थिए भने युवा तथा खेलकुदमन्त्रीको नियुक्ति अझै हुन सकेको छैन्।



● लुम्बिनी प्रदेश सरकारका प्रवक्ता **दिनेश पन्थी** भन्छन्-

कामले गति लिएको छ, अब परिणाम देखिन्छ

बजेट कार्यान्वयन फितलो देखिए पनि प्रदेश सरकारको कामको गति बढ्दै गएको र परिणाम आउने बताएका छन्। प्रदेश सरकारका प्रवक्ता कृषि तथा भूमि व्यवस्थामन्त्री दिनेश पन्थीले आर्थिक वर्षको सुरुका महिनाहरूमा कामको प्रक्रिया मात्रै अगाडि बढ्ने हुँदा बजेट खर्च नदेखिएको र अब कामले गति लिन थालेकाले बजेट कार्यान्वयनको परिणाम देखिने बताए। विभिन्न आयोजनाका ठेक्का सम्झौता भएर काम अगाडि बढेको र केही अगाडि बढ्ने क्रममा रहेकाले बजेट कार्यान्वयन सन्तोषजनक देखिने उनको भनाइ छ।



३ प्रतिशतभन्दा पनि कम पुँजीगत खर्च गर्ने मन्त्रालयमध्ये उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालयको मंसिर मसान्तसम्मको पुँजीगत खर्च १ दशमलव ६६ प्रतिशत रहेको छ। त्यस्तै, सामाजिक विकास मन्त्रालयको १ दशमलव ७८, वन तथा वातावरण मन्त्रालयको २ दशमलव ८६ प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको २ दशमलव ९२ प्रतिशत पुँजीगत खर्च रहेको छ।

प्रदेश सरकारले मंसिर मसान्तसम्ममा १० दशमलव ५५ प्रतिशत पुँजीगत खर्च गरेको छ। यो अवधिमा भौतिक पूर्वाधार विकास मन्त्रालयको पुँजीगत खर्च ८ दशमलव ६२, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको ९ दशमलव ४६ प्रतिशत र खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालयको १२ दशमलव ५७ प्रतिशत खर्च रहेको छ। स्वास्थ्य मन्त्रालयको पुँजीगततर्फ २७ दशमलव ३८ प्रतिशत खर्च रहेको छ। त्यस्तै, कृषि तथा भूमि व्यवस्था मन्त्रालयले १४ दशमलव ५५ प्रतिशत पुँजीगत खर्च गरेको छ।

समीक्षा अवधिमा चालूतर्फ लुम्बिनी सरकारले १९ दशमलव ४८ प्रतिशत खर्च गरेको छ। प्रदेश सरकारको चालू आर्थिक वर्षका लागि ३८ अर्ब ९७ करोडको विनियोजन भएको छ। पुँजीगत र चालूसहित मंसिर मसान्तसम्म १३ दशमलव ८५ प्रतिशत कुल बजेट खर्च भएको छ। अर्थात्, पाँच अर्ब ३९ करोड ६८ लाख ६४ हजार नौ सय ०३ रुपैयाँ खर्च भएको छ। यहाँ पुँजीगतको बजेटतर्फ २४ अर्ब ५८ करोड ५९ लाख बजेट रहेकोमा दुई अर्ब ५९ करोड ४३ लाख ९२ हजार सात सय ६५ रुपैयाँ खर्च गरेको छ। त्यस्तै, चालुतर्फ १४ अर्ब ३८ करोड ४१ लाख बजेट रहेकोमा दुई अर्ब ८० करोड २४ लाख ७२ हजार एक सय ३७ रुपैयाँ अर्थात् १९ दशमलव ४८ प्रतिशत खर्च गरेको छ।

विकास र समृद्धिका लागि कर्णाली र लुम्बिनीबिच साझा प्रतिबद्धता



सुर्खेतमा **रमेश रावल**

विकास र समृद्धिका लागि कर्णाली र लुम्बिनी प्रदेशले साझा प्रतिबद्धता जाहेर गरेका छन्। कर्णाली प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा भएको भेटमा कर्णालीका मुख्यमन्त्री यामलाल कँडेल र लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्यले दुई प्रदेशको विकासमा प्रतिबद्ध भएर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरेका हुन्।

समझदारीअनुसार अन्तर-प्रदेश आबद्ध भएका जमुनाह-हिल्सा सडक, सुर्खेत-तेलपानी-भुरीगाउँ सडक, राप्ती लोकमार्ग निर्माण, कोहलपुर-सुर्खेत सडक विस्तार, कोहलपुर-बबई तथा बबई-छिन्चु सुरुङमार्ग सम्भाव्यता अध्ययन गर्न र सडक पूर्वाधार निर्माण गर्न आवश्यकताअनुसार केन्द्र सरकारसँग समन्वय गरी साझेदारी र सहकार्य गर्ने भएका छन्।

लुम्बिनी प्रदेशका विमानस्थलबाट कर्णालीका हिमाली जिल्लामा नियमित हवाई उडान गर्न आवश्यक पहल गर्ने, भैरहवा-सुर्खेत हवाई सेवा सञ्चालन गर्न केन्द्र सरकारलाई अनुरोध गर्ने, कोहलपुर-सुर्खेत एक सय ३२ केभिए प्रसारणलाइन विस्तारमा देखिएका समस्या समाधानका लागि आवश्यक सहजीकरण गर्ने, दुवै प्रदेशको बृहत्तर हित गर्ने सहलगानीमा सञ्चालन हुन सक्ने सम्भावित ठुला आयोजनाको पहिचान गर्ने, विपत् व्यवस्थापनका लागि साझेदारी, सहकार्य र समन्वयात्मक ढंगबाट कार्य गर्ने र लागुऔषध ओसारपसार प्रभावकारी रूपमा नियन्त्रण र रोकथामका लागि सुरक्षा निकायसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने समझदारी गरेका हुन्।

लुम्बिनीमा आउने धार्मिक पर्यटकलाई कर्णालीको साहसिक पर्यटकीय गन्तव्यसम्म जोड्ने गरी एकीकृत पर्यटनमार्ग निर्माण गर्न गुरुयोजना तयारी र लगानीमा सहकार्य गर्ने, दुवै प्रदेशका पर्यटकीय क्षेत्रलाई जोडेर संयुक्त पर्यटन प्याकेज निर्माणका लागि निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने, दुवै प्रदेशको सिमानामा रहेका नदीनालाहरूमा जलविद्युत् उत्पादन, प्रसारणलाइन विस्तार, खानेपानी तथा सिँचाइ संरचना निर्माण गर्दा समन्वय र सहकार्य गर्ने, प्रदेशका सीमा क्षेत्रनजिकका सडक, पुलजस्ता पूर्वाधारहरूको निर्माणमा सहलगानी तथा साझेदारी गर्ने र बर्दिया जिल्लाको बाँसगढी नगरपालिका वडा नं १ र सुर्खेत जिल्लाको भेरीगंगा नगरपालिका वडा नं. ५ को साँध-सिमानाको विवाद प्रचलित कानुन र प्रमाणका आधारमा समाधान गर्न नेपाल सरकारसमक्ष अनुरोध गर्ने दुवै प्रदेशका मुख्यमन्त्रीले समझदारी गरेका छन्।

त्यस्तै, प्रदेशबाट तर्जुमा हुने र भएका कानुनको सम्बन्धमा पारस्परिक सहयोग, समन्वय र सहकार्य गरी एकरूपता कायम गर्ने, प्रदेश कानुनबमोजिम लगाइने करका सम्बन्धमा दुवै प्रदेशबिच एकरूपता कायम गर्ने र प्राकृतिक स्रोत-साधनबाट संकलन हुने रोयल्टी बाँडफाँटको विषयमा सामञ्जस्यता कायम गर्ने, राष्ट्रिय गौरवको भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना शीघ्र सम्पन्न गर्न दुवै प्रदेश सरकारको तर्फबाट नेपाल सरकारसमक्ष समन्वय गर्ने र स्थानीयस्तरका आयोजना सम्बद्ध सवालहरूमा स्थानीय तहसमेतको समन्वयमा विवाद समाधानका लागि आवश्यक पहल गर्ने समझदारी गरेका हुन्।

■ ढुवानीकर्ताले गरे हडताल घोषणा

पाइपलाइनबाट इन्धन आपूर्ति गरिने



बरौनीबाट पेट्रोल ल्याउन नमानेर ट्यांकरधनी र चालकहरूले हडताल सुरु गरे भने पाइपबाटै तेल ओसारेर बजारमा वितरण गर्छौं। अहिले पाइपबाट तेल ल्याउन कुनै समस्या छैन। उद्घाटनका लागि पर्खेर मात्र बसेको हो।

● **प्रलयंकर आचार्य**, मधेश प्रादेशिक प्रमुख, आयल निगम

नयाँ पत्रिका

पाइपलाइनबाट पेट्रोल, डिजेल र मट्टीतेल ढुवानी हुने दिन नजिकिँदै गर्दा ट्यांकर विस्थापन गर्न नपाइने भन्दै पेट्रोलियम ढुवानी व्यवसायी र चालकहरूले हडताल आह्वान गरेका छन्।

अहिले इन्डियन आयल कर्पोरेसन (आइओसी)को बरौनी रिफाइनरीबाट निगमको मधेश प्रादेशिक कार्यालय, अमलेखगन्जमा पेट्रोल आयातका लागि एक सय चारवटा ट्यांकर करारमा छन्। यी ट्यांकरधनी र चालकले पाइपलाइनबाट तेल आउनुअघि नै अन्य रुटमा ट्यांकरले इन्धन ओसार्न पाउने गरी व्यवस्थापन नभए आइतबारदेखि भारतबाट पेट्रोल ढुवानी ठप्प पार्ने घोषणा गरेका हुन्। तर, आयल निगमले भने हडताल जारी राखे पाइपलाइनबाट सबै इन्धन आयात गरेर आपूर्ति गरिने मधेश प्रादेशिक कार्यालय, अमलेखगन्जका प्रमुख प्रलयंकर आचार्यले जानकारी दिए। 'बरौनीबाट तेल ल्याउन नमानेर हडताल सुरु गरे भने पाइपबाटै तेल ओसारेर बजारमा वितरण गर्छौं,' आचार्यले भने, 'अहिले पाइपबाट तेल ल्याउन कुनै समस्या छैन। उद्घाटनका लागि पर्खेर मात्र बसेको हो।'

अमलेखगन्जमा ६ वर्षअघिदेखि डिजेल मात्रै आयात भइरहेको पाइपबाटै पेट्रोल र मट्टीतेलसमेत आयात गर्न मिल्ने पूर्वाधार तयार भइसकेको छ। त्यसैले पाइपबाटै सबै पेट्रोलियम आयात गर्न उद्घाटन मात्रै गर्न बाँकी हो।

बरौनीबाट पेट्रोल ओसार्ने एक सय चार ट्यांकरमध्ये करिब ३० वटाले डिपोदेखि पेट्रोलपम्पसम्म पनि इन्धन ढुवानी गर्छन्। 'हडतालमा उत्रिएका थोरै ट्यांकर मात्रै पेट्रोलपम्पमा तेल लैजान प्रयोग हुन्छन्। त्यसैले यी ट्यांकरले पम्पसम्म तेल लगेनन् भने पनि समस्या हुँदैन। अन्य ट्यांकरहरू व्यवस्थापन गर्न सकिन्छ,' कार्यालय प्रमुख आचार्यले भने।

तेल चुहावट भए दोब्बर जरिवानाको विरोध

ट्यांकरमा इन्धन ढुवानी हुँदा बाटोमा चोरी हुने क्रमलाई कम गर्न आयल निगमले प्रतिट्यांकर ५० लिटरभन्दा बढी चुहावट भएको भेटिए प्रचलित मूल्यको दोब्बरले जरिवाना गर्ने नियम कार्यान्वयन गरिरहेको छ। यस्तो व्यवस्थाले चालकले तेल चोरी गरेको पुष्टि भए दोब्बर जरिवाना तिर्नुपर्ने हुन्छ। अहिले चालकहरूले यस्तो व्यवस्था हटाउन माग राखेका छन्। यो व्यवस्था हटाए तेल चोरी गर्न सहज हुने उनीहरूको आशय रहेको निगम स्रोतले जनाएको छ।

आयल निगमले न्यूनतम पाँचवटा ट्यांकरधनीसँग मात्रै करार गर्ने गरेको छ। चालकहरूले एउटा ट्यांकर मात्रै चलाउनेसँग पनि करार गरेर सेवा सुचारु गर्नुपर्ने माग राखेका छन्।

'भैरहवा र पोखरा विमानस्थल सञ्चालन गर्न भारतसँग परिपक्व हवाई कूटनीति आवश्यक'

नयाँ पत्रिका

गौतम बुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन गर्न भारतीय सहयोग अपरिहार्य रहेको हवाईविज्ञहरूले बताएका छन्। शुक्रबार नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)का कर्मचारी ट्रेड युनियनले काठमाडौंमा आयोजना गरेको 'एभिएसन मिट-२०२४' मा सहभागी वक्ताहरूले भैरहवा र पोखरा विमानस्थल सञ्चालनका लागि भारतसँग परिरपक्व कूटनीतिक पहल गरिनुपर्नेमा जोड दिएका हुन्। यी विमानस्थल सञ्चालनका लागि भारतसँग परिपक्व कूटनीतिक पहल हुनुपर्ने क्यानका पूर्वमहानिर्देशक सञ्जीव गौतमले बताए।

भारतले मान्यता नदिँदासम्म दुईवटै विमानस्थल पूर्ण रूपमा सञ्चालन गर्न कठिन रहेको उनीहरूको जिकिर छ। भारतले यी विमानस्थलमा उडान अनुमति दिन आनाकानी गर्दै आइरहेको छ। भैरहवा विमानस्थलमा जडित इन्स्ट्रुमेन्ट ल्यान्डिङ सिस्टम (आइएलएस) सञ्चालन गर्न भारतले अनुमति दिएको छैन। त्यस्तै, चिनियाँ ऋण लगानीमा बनाइएको पोखरा विमानस्थललाई भारतले चीनको बिआरआई प्रोजेक्ट भन्दै उडान अनुमति दिएको छैन। तर, सरकारले पोखरा एयरपोर्ट बिआरआई प्रोजेक्ट नभएको स्पष्ट पारेको छ। कार्यक्रममा पूर्वपर्यटनमन्त्री योगेश भट्टराईले पनि पोखरा विमानस्थल बिआरआई प्रोजेक्ट नभएको बताए।

पोखरा विमानस्थल एयरबस ३१९, एयरबस ३२०, बोइङ ७३७ विमान उडाउने गरी निर्माण गरिएको हो। बिहीबार सिचुवान एयरलाइन्सले भरिभराउ यात्रुसहित पोखरा-काठमाडौं प्रवर्द्धनात्मक उडान गरेर पुष्टि गरेको छ। भैरहवामा न्यारोबडी र वाइडबडी जहाज उडान भइसकेका छन्। दुवै विमानस्थल व्यावसायिक उडानका लागि टेक्निकल रूपमा फिट देखिएका छन्। क्यानका पूर्वमहानिर्देशक गौतम भैरहवा र पोखरा विमानस्थल रुटका कारण नचलेको भाष्य स्वीकार गर्न तयार छैनन्।

पोखरा विमानस्थलमा आइएफआर उडान गर्न ३८ सय मिटर भिजिबिलिटी आवश्यक छ। अहिले मौसमका कारण अन्तरिक उडानमा समेत समस्या परिरहेको बस्नेतले बताए। आफूहरूले गराएको अध्ययनमा विदेशी विज्ञले एनआरपी-एआर प्रविधि जडान गरेमा दुई हजार मिटर भिजिबिलिटीमै जहाज अवतरण गर्न सकिने रिपोर्ट दिएको भनाइ थियो। भैरहवा विमानस्थलमा १० माघदेखि आरएनपी-एआर सञ्चालनको तयारी रहेको क्यानका उपमहानिर्देशक एवं प्रवक्ता हंशराज पाण्डेले बताए।

सातामा सुन ११ सयले महँगियो

काठमाडौं / साताभरमा बहमूल्य धातु सुनको मूल्य तोलामा एक हजार एक सय रुपैयाँले बढेको छ। आइतबार तोलामा एक लाख ४९ हजार ६ सय रुपैयाँबाट सुरु भएको सुनको कारोबार साताको अन्तिम दिन शुक्रबार एक लाख ५० हजार सात सय रुपैयाँमा किनबेच भएको छ।



साताको दोस्रो दिन सोमबार सुन तोलाको एक लाख ४९ हजार आठ सय रुपैयाँ कायम भएको थियो। मंगलबारसम्म स्थिर देखिएको सुनको मूल्य बुधबार घटेर एक लाख ४९ हजार सात सय कायम भयो। बिहीबार मूल्य बढेर एक लाख ५० हजार तीन सय पुगेकोमा शुक्रबार चार सय बढेको छ।

साताभरमा चाँदी भने तोलामा २५ रुपैयाँले बढेको छ। आइतबार तोलामा एक हजार सात सय ९० रुपैयाँ पुगेको चाँदी शुक्रबार एक हजार आठ सय १५ रुपैयाँमा किनबेच भएको छ।

Government of Nepal
Ministry of Women, Children and Senior Citizens
INSTITUTIONALIZING GBV RESPONSE IN NEPAL
PROJECT MANAGEMENT UNIT
SHREE MAHAL, PULCHOWK, LALITPUR

REQUEST FOR EXPRESSIONS OF INTEREST

(Publication Date: 28 December 2024)

COUNTRY: Nepal
NAME OF PROJECT: Institutionalizing GBV Response in Nepal
Grant No.: TF0C3548
Assignment Title: Recruitment of Individual Consultants
Contract ID: NP-NP-MOWCS-386939-CS-INDV / Project Coordinator, NP-MOWCS-386942-CS-INDV / Program Specialist, NP-MOWCS-386941-CS-INDV / Financial Management Specialist and NP-MOWCS-386940-CS-INDV / Procurement and Contract Management Specialist.

1. The Government of Nepal *has received* financing from the World Bank toward the cost of the Institutionalizing GBV Response in Nepal Project, and intends to apply part of the proceeds for consulting services.
2. The consulting services ("the Services") include recruitment of three individual consultants namely i) Project Coordinator, ii) Program Specialist, iii) Financial Management Specialist, and iv) Procurement and Contract Management Specialist. Please refer to the TOR for details. The expected start date of assignment will be February 2025.
3. The detailed Terms of Reference (TOR) for the assignment *can be found at the following website: www.mowcsc.gov.np or can be obtained upon a written request to igbvrn2024@gmail.com* .
   The Institutionalizing GBV Response in Nepal Project, Project Management Unit (PMU) now invites eligible individuals ("Consultants") to indicate their interest in providing the Services. Interested Consultants should provide information demonstrating that they have the required qualifications and relevant experience to perform the Services with their CVs.
   The last date of submission of the proposal is 27 January 2025 within office hours. The duration of contract award, and description of the assignment shall be clearly stipulated when mentioning as a work experience.
4. Consultant will be selected in accordance with the Individual Consultant Selection (ICS) method set out in the World Bank's Procurement Regulations
5. The attention of interested Consultants is drawn to Section III, paragraphs, 3.14, 3.16, and 3.17 of the World Bank's "Procurement Regulations for IPF Borrowers" July 2016 [*4th Edition, November 2020*], setting forth the World Bank's policy on conflict of interest.
6. Further information can be obtained at the address below during office hours.
7. Expressions of interest must be delivered in a written form to the address below in person, or by mail, or by email by 27 January 2025.

Institutionalizing GBV Response in Nepal Project,
Project Management Unit (PMU), Shree Mahal, Pulchowk, Lalitpur
E-mail: *igbvrn2024@gmail.com*
Ministry of Women, Children and Senior Citizens
contact number: 014200502

SHADANANDA MUNICIPALITY
OFFICE OF THE MUNICIPAL EXECUTIVE
DINGLA, BHOJPUR

Notice of Intent of Acceptance

Date of publication: 28th December, 2024 (2081/09/13

For the provision of sub clause 27.2 and 27.3 of Public Procurement Act 2063, this if notifying to all Bidders who submitted their bids for different as mentioned character as per the IFB Notice Published on National Daily Newspaper that the following mentioned lowest evaluated substantial responsive bidder is intended to award the contract.

SN	Contract Identification No.	Name of Project	Name of Successful Bidders	Bid Amount (Including VAT) NRs.
1	SM/NCB/W/ 05/2081/82	Upgrading of Satal Dhadgau Dingla Bazar Road	M/s Himalaya Mangolian Builders And Suppliers Pvt. Ltd Roshi Gaunpalika-2, Kavre	1,953,548.38 (NRs. One Million Nine Hundred Fifty-three Thousand Five hundred Forty-Eight Rupees and Thirty-Eight Paisa Only)
2	SM/NCB/W/ 06/2081/82	Upgrading of Kudakkule-Khartamchha- Dingla Tungechha-Dhansinge Dada-Nakhuwa Khola Road	M/s Himalaya Mangolian Builders And Suppliers Pvt Ltd., Roshi Gaunpalika-2, Kavre	6,809,533.45 (NRs. Six Million Eight hundred nine Thousand Five hundred Thirty-three Rupees and Forty-five Paisa Only)

Chief Administrative Officer

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
शनिबार १३ पुस ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका

सन् २०२४मा अन्तर्राष्ट्रिय खेलकुद

> पेरिस ओलम्पिक, टी-२० विश्वकप, युरो च्याम्पियनसिप र कोपा अमेरिका प्रतियोगिताहरू सन् २०२४ मै भए। यसै वर्ष टेनिसका राफेल नाडालले सन्न्यास घोषणा गर्दा बक्सिङका माइक टाइसन १९ वर्षपछि रिङमा फर्किए।



विश्व खेलकै प्रमुख प्रतियोगिता मानिने ग्रीष्मकालीन ओलम्पिक यसै वर्ष भयो। सन् २०२४ मै फ्रान्सले पेरिस ओलम्पिक सफलतापूर्वक आयोजना गऱ्यो। यसपटक पनि अमेरिका र चीनबिच सर्वाधिक स्वर्ण जित्ने होडबाजी चल्यो। अमेरिकाले वेस्ट इन्डिजसँग मिलेर पहिलोपटक आइसिसी टी-२० विश्वकप आयोजना गऱ्यो। टेनिसका दिग्गज राफेल नाडालले पनि यसै वर्ष सन्न्यास लिनु र बक्सिङका पूर्वहेभिवेट च्याम्पियन माइक टाइसन १९ वर्षपछि रिङमा फर्किनुले पनि यो वर्ष अन्तर्राष्ट्रिय खेलकुदमा चर्चा कमायो। ● *श्रीलोचन राजोपाध्याय (एजेन्सीको सहयोगमा)*

ओलम्पिक



आतंककारीहरूको धम्कीका बाबजुद फ्रान्सले सफलतापूर्वक ३३औँ संस्करणको पेरिस ओलम्पिक आयोजना गर्न सफल भयो। फ्रान्सले नौलो प्रयोगका रूपमा उद्घाटन र समापन मुख्य रंगशालामा नभएर नदीको बिचमा गरेको थियो। पेरिसको मध्यभाग भएर बग्ने सेन नदीमा खेलाडीहरू अल्फाबेटअनुसार बोटिङमा उद्घाटन समारोहमा सहभागी भएका थिए। पेरिस ओलम्पिकको अन्तिम दिनमा मात्र सर्वाधिक पदक र शीर्ष स्थानको राष्ट्र छिनोफानो भयो। अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीमा आबद्ध दुई सय ६ मध्ये दुई सय चार सहभागी भएको ओलम्पिक प्रतिस्पर्धामा अमेरिकाले अन्तिम दिन बास्केट बलमा स्वर्ण जित्दा चीन दोस्रो स्थानमा धकेलिएको थियो।

यद्यपि, एक साताभन्दा बढी चीनले नै शीर्ष स्थानमा राज गरेको थियो। अमेरिका र चीनले समान ४० स्वर्ण जितेका थिए। तर, रजतमा चीनभन्दा अमेरिका माथि रहेका कारण नै शीर्ष स्थानमा उक्लियो। पदक तालिकामा जापान तेस्रो भयो। जापानले २० स्वर्णसहित तेस्रो स्थान रक्षा गरेको थियो। यसैगरी, पेरिस ओलम्पिकमा नेपालबाट म्याराथन, जुडो, सुटिङ, पौडी र म्याराथनका खेलाडीले भाग लिएका थिए। नेपालबाट म्याराथनमा सन्तोषी श्रेष्ठले भाग लिएकी थिइन्। ओलम्पिक इतिहासमा २८ वर्षपछि नेपाली महिला धाविकाले भाग लिएकी हुन्। खेलाडीभन्दा पदाधिकारी धेरै सहभागी हुँदा नेपालको आलोचनासमेत भयो। फ्रान्सका आरिसा ट्रेउले १४ वर्षकै उमेरमा स्वर्ण जित्दै रेकर्ड बनाए। समग्रमा पेरिस ओलम्पिक आयोजना गर्न फ्रान्सले ९.४ अर्ब अमेरिकी डलर खर्च गरेको थियो।

पेरिस ओलम्पिकमा पाकिस्तानले ४० वर्षपछि स्वर्ण जित्यो। अर्सद नदिमले कीर्तिमान रच्दै स्वर्ण उनले ओलम्पिक क्रममा ९२.९७ भारतका नीरज मिटरको थ्रोमा दोस्रो पुरुष ज्याभलिन थ्रोमा जितेका थिए। कीर्तिमान बनाउने मिटरको थ्रो गरे। चोपडा ८९.४५ भए।

टेनिस



२० वर्षको व्यावसायिक अन्तर्राष्ट्रिय टेनिस खेलमा जीवन बिताएका स्पेनिस राफेल नाडालले यसै वर्ष सन्न्यास घोषणा लिए। यो दुई दशकमा 'बी थ्री' टेनिस खेलाडीले दबदबा राख्दा नाडाल पनि एक हुन्। स्विट्जरल्यान्डका रोजर फेडेरर र सर्बियाली नोभाकमा जोकोभिकसँगै नाडालले सन् २००० देखि टेनिसमा एकछत्र राज गरेका थिए। यद्यपि, जोकोभिकले सन् २०१० पछि मात्र आफ्नो प्रभाव देखाएका हुन्। यसअघि नाडाल र फेडेररबिच एटिपीदेखि ग्रान्डस्लामसम्म घम्सा-घम्सी हुने गर्थ्यो।

नाडालले डेभिस कपको क्वार्टर फाइनलमा करिअरकै अन्तिम खेलमा हारको सामना गरेपछि सन्न्यास लिए। बायाँहाते खेलाडीले विशेषतः क्ले कोर्ट (रातो माटो)मा प्रतिस्पर्धा गर्ने क्षेत्रमा आफूलाई एक दशकभन्दा लामो समय नम्बर एक खेलाडीकै रूपमा स्थापित गरे। उनले फ्रेन्च ओपनमाथि १४ पटक कब्जा जमाएका छन्। टेनिस खेलाडीले एटिपीदेखि ग्रान्डस्लासम्म एक दर्जनभन्दा बढी उपाधि जित्ने खेलाडी नाडाल हुन्। करिअरमा उनले २२ ग्रान्डस्लाम जितेका छन्। टेनिस क्षेत्रमा नाडाललाई उत्कृष्ट बनाउने क्रममा दुईपटक ओलम्पिक स्वर्ण पनि हो। सन् २००८ को बेइजिङ ओलम्पिकमा उनले एकलतर्फ स्पेनलाई स्वर्ण दिलाए। सन् २०१६ को रियो ओलम्पिकको डबल्समा उनले अर्को स्वर्ण घर भित्र्याए। ३७ वर्षीय नाडालले चारपटक डेभिस कप जितेका छन्।

नाडालले सन्न्यास लिएको यसै वर्ष दुई खेलाडीले ग्रान्डस्लाममा राज गरे। स्पेनिस युवा खेलाडी कार्लोस अल्काराजाले बिम्बल्डन र फ्रेन्च ओपन जिते। इटालीका जानिक सिनेरले युएस र अस्ट्रेलियन ओपन हात पारे।

क्रिकेट

यस वर्ष वेस्ट इन्डिज र अमेरिकाले आइसिसी टी-२० विश्वकप आयोजना गरेका थिए। अमेरिकाले पहिलोपटक विश्वकप आयोजना गर्न अवसर पाउँदा लगानीमा कुनै कन्जुस्याइँ गरेन। अझ अमेरिकाले विश्वलाई चकित बनाउन 'ड्रप इन पिच' प्रयोग गरेको थियो। अस्ट्रेलियामा निर्माण भएका आठ पिचमै अमेरिकाले विश्वकप खेलाएको थियो। उसले रंगशाला पनि अस्थायी रूपमा निर्माण गरेको थियो। अमेरिकामा क्रिकेट धेरै प्रचार नभएका कारण विश्वकप खेलाइएको धेरैजसो भौतिक पूर्वाधार अस्थायी प्रकृतिका थिए। यो विश्वकपमा भारतले उपाधि उचाल्यो।

भारतले दक्षिण अफ्रिकालाई फाइनलमा हराउँदै दोस्रो पटक विश्वकप हात पारेको थियो। विश्वकपमा केही सनसनी नतिजा आए। अमेरिकाले समूह चरणमा पूर्वविजेता पाकिस्तानलाई स्तब्ध पारेको थियो। अमेरिकाको पहिलोपटक सुपर ऐटमा प्रवेश गर्दै अर्को संस्करणको विश्वकपमा समेत स्थान पक्का पारे। आइसिसी टी-२० विश्वकपमा नेपालले १० वर्षपछि खेल्यो। नेपालले आफ्नो समूहमा कुनै पनि खेलमा जित हात नपारेपछि वाहवाही कमाएको थियो।

विश्व क्रिकेटकै शक्तिशाली मानिने राष्ट्र दक्षिण अफ्रिकासँग नेपाल झिनो एक रनले पराजित भयो। नेपालमाथि बंगलादेशले जित निकाल्न निकै मिहिनेत गर्नुपरेको थियो। यस वर्ष अमेरिकाले अन्तर्राष्ट्रिय क्रिकेटमा राम्रो प्रभाव राखेको छ। बंगलादेशविरुद्धको तीन खेलका टी-२० आईमा २-१ ले कब्जा जमायो। बंगलादेशले पाकिस्तानलाई एकदिवसीय सिरिजमा २-० ले हरायो। यसैगरी, श्रीलंकाले महिला एसिया कप टी-२० आयोजना गरेको थियो। एसिया कपमा सहभागी भएको महिला नेपाली टोलीले एक खेलमा जित निकाल्यो। नेपालले समूह 'ए'मा भारत र पाकिस्तान जस्ता प्रतिद्वन्द्वीविरुद्ध प्रतिस्पर्धा गरेको थियो। यसै वर्ष चलिरहेको आइसिसी विश्वकप लिग-२ मा नेपालले खराब प्रदर्शन गरेको छ। नेपालले १२ खेलमा दुई जित मात्र निकाल्यो। आठ खेलमा हार सामना गरेको नेपाल सातौँ स्थानमा छ।



फुटबल

वर्षभरि नै सक्रिय रहने खेल फुटबल हो। यस वर्ष युरोपका नियमित शीर्ष पाँच डिभिजन लिगका आधारमा चरण खेल भइरहेका छन्। फुटबलप्रेमीले यस वर्ष दुई ठुला अन्तर्राष्ट्रिय प्रतियोगिताको मजा लिएका छन्। एकै वर्ष युरो तथा कोपा अमेरिका फुटबल प्रतियोगिता आयोजना भएको थियो। युरोपमा युरो २०२४ र दक्षिण अमेरिकामा कोपा अमेरिका भयो। सन् २००८ को शैलीमै स्पेनले युरो च्याम्पियनसिप उपाधि जित्यो। सन् २०१२ पछि युरो च्याम्पियन बनाउन १७ वर्षीय युवा खेलाडी यामिने यामलले अद्भुत खेल प्रदर्शन गरेका थिए। उनले पहिलोदेखि फाइनल खेलसम्म उत्कृष्ट प्रदर्शन गरे। अर्जेन्टिनाले पुनः एकपटक कोपा अमेरिकामाथि कब्जा जमाएको थियो।

अर्जेन्टिनाले लगातार दुईपटक कोपा अमेरिका जितेको हो। समग्रमा अर्जेन्टिना १६औँपटक च्याम्पियन भयो। सन् २०२२ को विश्वकप आयोजक राष्ट्र कतारले एसिया कप जित्यो। जर्मनीमा वायर्न लेभरकुसेनले वायर्न म्युनिखको दबदबा समाप्त पार्दै पहिलोपटक बुन्डेस लिगा हात पारेको थियो। विश्वकै धनी शीर्ष लिग मानिने इंग्लिस प्रिमियर लिगमाथि म्यानेचस्टर सिटीले लगातार चारपटक कब्जा जमायो। यद्यपि, नयाँ सिजनमा सिटीले १२ मध्ये नौ प्रिमियर लिग खेल गुमाएको छ। स्पेनिस क्लब रियल म्याड्रिडले पुनः एकपटक युरोपियन च्याम्पियन्स लिग जित्यो। यति मात्र नभएर रियलले स्पेनिस ला लिगा, इन्टरकन्टिनेन्टल, युइएफए सुपर कप तथा स्पेनिस सुपर कप पनि जित्यो।

बक्सिङ

यस वर्ष बक्सिङमा चर्चाको विषय बन्यो, पूर्वहेभिवेट च्याम्पियन माइक टाइसनको खेल। सर्वाधिक विवादास्पद मानिएको ५८ वर्षीय मुक्केबाज टाइसनले जेक पलसँग प्रतिस्पर्धा गरेका थिए। जेकले टाइसनलाई अंकका आधारमा हराए। टाइसन १९ वर्षपछि पहिलो व्यावसायिक खेलमा फर्किएका थिए। यस खेल नेटफ्लिक्समा प्रत्यक्ष प्रसारण गरिएको थियो। डलास काउबोइजको रिङमा रंगशालामा ७० हजार दर्शकले खेल हेरे। उमेर ढल्किँदै गरेका टाइसनले रिङमा आठ राउन्ड पूरा गरेका थिए। जेकले अंकको आधारमा सर्वसम्मत निर्णयबाट बाजी मारे। दर्शकले टाइसनबाट विशेष प्रदर्शनको अपेक्षा गरेका थिए, तर उनी असफल भए। तेस्रो राउन्डदेखि नै जेकले खेलमा वर्चस्व कायम गर्दै पूर्ण नियन्त्रणमा लिएका थिए। उनले सर्वकालिक महान् खेलाडी टाइसनलाई आफ्नो लयमा फर्कने दिएनन्।



जनकपुरमा एनपिएल च्याम्पियनको विजयी उत्सव



जनकपुरमा **हृदिश खुद्दार**

गत शनिबार त्रिवि क्रिकेट मैदानमा जनकपुर बोल्ट्सले पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) लिगको उपाधि जितेको थियो। क्यानले पहिलोपटक आयोजना गरेको टी-२० फ्रेन्चाइजको एनपिएलमा जनकपुरले च्याम्पियनशैलीमा सुदूरपश्चिम रोयल्सलाई पाँच विकेटले हराउँदै ट्रफी उचालेको थियो। एनपिएलको च्याम्पियन भएको एक सातापछि शुक्रबार जनकपुरमा च्याम्पियन बनेका खेलाडीको धूमधामका साथ नगर परिक्रमा गराइएको छ। यसलाई स्थानीय क्रिकेट समर्थकले विजयी जुलुसका रूपमा लिएका छन्।

राष्ट्रिय क्रिकेट संघ धनुषाले विजयी जुलुस विशेष बनाउने क्रममा रजौलस्थित निर्माणाधीन रामजानकी बहुउद्देश्यीय अन्तर्राष्ट्रिय रंगशालाबाट च्याली निकालेको थियो। रंगशालामा जनकपुरलाई विजेता बनाउने खेलाडीदेखि अफिसियललाई सम्मान गरिएको थियो। त्यसपछि ट्रफीसहित नगर परिक्रमा भयो। विजयी जुलुस थापाचोक हुँदै पिडारी, रामानन्द, बजरङ, भ्रमरपूरा, जिरो माइल, विश्वकर्मा, मुरली, रामचोक हुँदै जानकी मन्दिरमा पुगेर समापन भएको थियो।

नगर परिक्रमामा खेलाडीसँगै मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह पनि सहभागी भएका थिए। मुख्यमन्त्री खेलाडीहरूको हौसला बढाउँदै आगामी दिन पनि यस्तै सफलताको कामना गरे। विजयी जुलुसमा खेलाडीसँगै जनकपुरधामका सयौँ खेलप्रेमीदेखि नगरिक समाजका व्यक्तिहरू पनि नगर परिक्रमामा सहभागी थिए। खेलाडीलाई चोक-चोकमा भव्य स्वागत गरिएको थियो। जनकपुर बोल्ट्सका प्रबन्ध निर्देशक नीरज खतिवडाले मधेश प्रदेशका आठवटै जिल्लामा विजय उत्सव मनाइने जानकारी दिए।

उनका अनुसार शनिबार महोत्तरी, सर्लाही र रौतहटमा ट्रफी प्रदर्शन हुनेछ। त्यसैगरी, आइतबार बारा र पर्सामा ट्रफी प्रदर्शन गरिने कार्यक्रम रहेको छ। सोमबार सिराहा र सप्तरीमा ट्रफी परेड रहेको खतिवडाले बताए। पहिलो संस्करणमा जनकपुरले विभिन्न विधासमेतमा बाजी मारेको थियो। जनकपुरकै ललितनारायण राजवंशी उत्कृष्ट बलर, सर्वोत्कृष्ट ब्याट्समान जनकपुरकै ओपनर लाहिरू मिलान्था तथा इनर्जेटिक खेलाडी जिमी निसम पनि यसै च्याम्पियन टोलीका हुन्।

खेल संक्षेप

चितवन र मकवानपुर विजयी

मकवानपुर/ बागमती प्रदेश लिग फुटबल प्रतियोगिताअन्तर्गत शुक्रबार चितवन र मकवानपुर विजयी भएका छन्। चितवनले काभ्रे र मकवानपुरले धादिङलाई पराजित गरेका हुन्। चितवनको भरतपुर फुटबल क्लबले काभ्रेको माउन्ट एभरेस्टलाई २-१ ले पराजित गऱ्यो। चितवनका लागि अन्जन चौधरी र सन्दीप केसीले समान एक गोल गरे। हारसँगै काभ्रे अंकविहीन हुँदै प्रतियोगिताबाट बाहिरिएको छ। काभ्रे उद्घाटन खेलमा काठमाडौंको चित्लाङ फुटबल क्लबबाट पराजित भएको थियो।

जेनीले आहनालाई हराइन्

कास्की/ २१औँ माछापुच्छ्रे पोखरा ओपन तथा भेट्टान्स टेनिस प्रतियोगितामा शुक्रबार महिला एकलमा स्वस्तिका विष्टले डेचेन छोडेनलाई २-० को सहज सेटमा हराएकी छिन्। अर्को खेलमा जेनी खड्काले आहना शेरचनलाई २-० ले निराश बनाइन्। ३५ वर्षमाथि पुरुष एकलमा जितेन्द्र परियारले डा. मदन थापालाई २-० ले हराए। ४५ वर्षमाथि पुरुष एकलमा सन्दुक लामाले गोपीबहादुर भट्टराईलाई सुपर टाईमा १२-१० ले पाखा लगाए।



नीरजले जिते सूर्य नेपाल इस्टर्न


नयाँ पत्रिका

प्रोफेसनल गल्फर नीरज तामाङ सूर्य नेपाल इस्टर्न ओपनको च्याम्पियन बनेका छन्। सूर्य नेपाल गल्फ टुर २०२४/२५ अन्तर्गत तेस्रो प्रतियोगितामा कुल स्कोरको रेकर्ड बराबरी गर्दै नीरज उपाधि जित्न सफल भए। नीरजले प्रो शुक्रबहादुर राईको रेकर्ड बराबरी गर्ने क्रममा १७ अन्डर १९३ को स्कोरसहित करिअरको दोस्रो उपाधि जितेका हुन्।

प्रतियोगिताको अन्तिम दिन शुक्रबार ५ अन्डर ६५ को उत्कृष्ट स्कोरमा नीरजले विष्णुप्रसाद शर्मालाई १० स्ट्रोकको फराकिलो अन्तरमा पछि पारे। उपाधिसँगै नीरजले एक लाख ५० हजार रुपैयाँ प्राप्त गरे। उनले यही प्रतियोगिताको पहिलो दिन शुक्रको नाममा रहेको ७ अन्डरको कोर्स रेकर्ड पनि तोडेका थिए। धरान गल्फ क्लबमा ७ अन्डर २०३ स्कोरसहित विष्णु दोस्रो भए। उनले शुक्रबार २ अन्डर ६८ को कार्ड बनाए। विष्णुले एक लाख रुपैयाँ आफ्नो नाममा गराए। धरानका बलभद्र राई ३ अन्डर २०७ सहित तेस्रो हुँदै ७५ हजार जित्न सफल रहे। उनले आज १ ओभर ७१ स्कोर निकाले।

सात स्ट्रोकको अग्रतासहित अन्तिम १८ होलको खेलको सुरुवात गरेका नीरजले खासै चुनौतीको सामना गर्नुपरेन। सानदार सुरुवात गरेका उनले फ्रन्ट नाइनमा ५ अन्डर ३१ खेले। पहिलोदेखि तेस्रो होलसम्म लगातार तीन बर्डी प्रहार गरेका नीरजले बोगी फ्री फ्रन्ट नाइन खेल्ने क्रममा छैटौँ र नवौँ होलमा पनि एक-एक सट जोगाए। नीरजले १०औँ होलमा डबल बोगी र ११औँ होलको बोगी खेपे। विष्णुले तेस्रो, पाँचौँ, छैटौँ र नवौँ होलमा बर्डी प्रहार गर्दै फ्रन्ट नाइन ४-अन्डर ३२ मा पूरा गरे। ब्याक नाइनमा पनि चार बर्डी प्रहार गरे, तर दुई होलमा बोगी खेप्दै विष्णुले २ ओभर ३६ खेले।

भुवन नगरकोटी र रवि खड्का २ अन्डर २०८ सहित चौथो स्थानमा रहे। अन्तिम दिन भुवनले ४ अन्डर ६६ र रविले २ अन्डर ६८ खेले। उनीहरूले जनही ५५ हजार प्राप्त गरे। समग्रमा १-अन्डर २०९ को नतिजामा धनबहादुर थापा र भुवनकुमार रोक्काले छैटौँ स्थानमा रहँदै जनही ४४ हजार रुपैयाँ हात पारे।





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com